अदालतले भर्ने ……….
दर्ता नं. …………………
दर्ता मिति ……………..

# श्री काठमाडौं जिल्ला अदालत, काठमाडौंमा

## मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३५ वमोजिम दायर गरेको

## थप अभियोग पत्र

आ.व. २०८०/०८१ सालको निर्णय नम्बरः-

**प्र.ना.उ. दुर्गा प्रसाद दाहाल केन्द्रीय अनुसन्धान ब्यूरो महाराजगञ्जको** जाहेरीले नेपाल......................**वादी**

**विरुद्ध**

प्रतिवादी:

**१.** रविचन महराको नाती, कृष्ण बहादुर महराको छोरा, लुम्बिनी प्रदेश, रोल्पा जिल्ला साविक लिवाङ गा.बि.स. वडा नं.७ हालको परिवर्तित रोल्पा न.पा. वडा नं.१ घर भई ललितपुर जिल्ला ललितपुर महानगरपालिका वडा नं.२६ खुमलटार बस्ने बर्ष ३६ को **राहुल भन्ने रेशम महरा.....१**

२. टिका प्रसाद पौडेलको नाति, कुल बहादुर पौडेलको छोरा, सर्लाही जिल्ला साविक राजघाट गा.बि.स.वडा नं.७ हालको वाग्मती न.पा. वडा नं.५ घर भई हाल काठमाडौं जिल्ला नागार्जुन न.पा. वडा नं.४ सितापाईला बस्ने बर्ष ३९ को **लोकेन्द्र कुमार पौडेल.................................१**

३. NAYWANG TSERING को छोरा, ANTERPEN PROVINCE HOBUKKEN CITY बेल्जियम घर भई हाल काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं.१६ कपुरधारा बस्ने राहदानी नम्बर GA4597364 BELGUIM भएका बर्ष ३९ को **दावा छिरिङ (DAWA TSERING) .........................................................................................१**

४. FUNCHOK GURUNG को छोरा, बागमती प्रदेश, काठमाडौं जिल्ला काठमाडौं म.न.पा. वडा नं.६ बौद्ध बस्ने वर्ष ५७ को **निमा गुरुङ (NIMA GURUNG).....................(फरार)..१**

**प्रतिवादी**

## मुद्दाः- अपराधिक विश्वासघात, भन्सार चोरी पैठारी तथा संगठित अपराध सम्बन्धि कसूर ।

**मुद्दाको संक्षिप्त तथ्यः**

१. **प्रहरी प्रतिवेदनः**

मिति २०७९/०९/१० गते Fly Dubai को Flight number FZ0587 वाट नेपाल आएका चिनिया नागरिक राहदानी नम्वर EJ 6350030 वाहक Li Hansong ले २ वटा सुटकेश भित्र ७३ बट्टामा रहेको ७३० थान ईलेक्ट्रिक सिगरेट (Vapes) मा अवैध रुपमा त्रिभुवन अन्तराष्ट्रिय विमानस्थल काठमाडौं हुदै नेपालमा ल्याउदै गरेको अवस्थामा उल्लेखित मालवस्तु जफत भएको सो ईलेक्ट्रिक सिगरेट (Vapes) भन्सारमा आवश्यक कानुनी प्रकृयामा रहेको अवस्थामा प्रतिवादीहरु रेवन्त खड्का, दिनेश बस्नेत, वेद प्रकाश अग्रवाल, साहेव राव पाण्डुरङ मरगले, अमृत कार्की, निर्मल कुमार वि.क. दिपेश बस्नेत समेतले उल्लेखित (Vapes) मा रहेको सुन निकाली वेचबिखन गरेको अपराधिक विश्वाधात तथा संगठित अपराध मुद्दा काठमाडौं जिल्ला अदालतमा मुद्दा दर्ता भएकोमा सो मुद्दामा प्रतिवादीहरु नन्द कुमार पांडुरङ मरगले समेत उपर अनुसन्धान जारी राखी संगठीत अपराध निवारण ऐन २०७०,को दफा २२ एंव मुलुकी फौजदारी कार्यविधी संहिता २०७४ को दफा ३५ बमोजिम हुने गरी मुद्दा दर्ता भएकोमा प्रस्तुत मुद्दामा चिनिया नागरिक राहदानी नम्वर EJ 6350030 वाहक Li Hansong ले अवैधरुपमा २ वटा सुटकेश भित्र ७३ बट्टामा रहेको ७३० थान ईलेक्ट्रिक सिगरेट (Vapes) पैठारी गरी सोमा लुकाई छिपाई अ.९ के.जी. र ११.५२४ ग्राम ले हुन आउने ८,५५,२८,३७४।– ( आठ करोड पचपन्न लाख अट्ठाईस हजार तीन सय चौहत्तर ) बराबरको सुन अवैध रुपमा पैठारी गरी सो सुन बिक्री वितरण गरी रकम लिने खाने, समुहमा रहेका राहदानी नम्वर EJ 6350030 वाहक Li Hansong सँग बेल्जियम राहदानी नम्वर GA4597364 बाहक दाबा छिरिङ (Dawa Tsering) को समेत मिलेमतो रहेको निज दाबा छिरिङ (Dawa Tsering) अवैध सुन पैठारी तथा संगठित अपराध मुद्दामा पक्राउ परी अनुसन्धान भई रहेकोमा निजले प्रयोग गर्ने IMEI No:350270056434728 & 350270055268259 भएको IPHONE 14 Pro Max मोवाईलको DFL परिक्षण प्रतिवेदनमा राहदानी नम्वर EJ 6350030 वाहक Li Hansong ले अवैध रुपमा (Vapes) भित्र लुकाई छिपाई लिई आएको सुन रहेको ईलेक्ट्रिक सिगरेट (Vapes) को फोटो समेत रहेको देखिन आएवाट प्रस्तुत कसुरमा निज दाबा छिरिङ (Dawa Tsering) समेतको संलग्नतामा आर्थिक लाभ प्राप्त गर्न संगठित भई समूहका सदस्य बीच अपराध गर्नका लागि पिरामिड शैलीमा तहगत जिम्मेवारीहरु बाँडफाँड गर्दै त्रि.वि.भन्सार कार्यालय मार्फत नेपाल सरकारलाई प्राप्त हुने राजश्व नोक्सान र आफूलाई अपराधिक लाभ प्राप्त गर्ने योजनाको साथ भन्सार ऐन २०६४ को दफा ५७ को १ अनुसारको परिभाषित कसुरमा सोही ऐनको दफा ५७ उपदफा १(घ) को ख बमोजिम ३ वर्ष भन्दा वढी कैद सजाय हुने कसूर समेत गरी संगठित अपराध निवारण ऐन,२०७० समेतको कसूर गरेको देखिन आएकोले राहदानी नम्वर EJ 6350030 वाहक Li Hansong को समुहमा रहेका चिनिया नागरिक तथा निजको समुहमा रहेका नेपाली नागरिकहरुले संगठित मिति २०७९/०९/१० गते Fly Dubai को Flight number FZ0587 वाट नेपाल आएका चिनिया नागरिक राहदानी नम्वर EJ 6350030 वाहक Li Hansong ले २ वटा सुटकेश भित्र ७३ बट्टामा रहेको ७३० थान ईलेक्ट्रिक सिगरेट (Vapes) मा अवैध रुपमा त्रिभुवन अन्तराष्ट्रिय विमानस्थल काठमाडौं हुदै नेपालमा ल्याउदै गरेको अवस्थामा उल्लेखित मालवस्तु जफत भएको सो ईलेक्ट्रिक सिगरेट (Vapes) भन्सारमा आवश्यक कानुनी प्रकृयामा रहेको अवस्थामा प्रतिवादीहरु रेवन्त खड्का, दिनेश बस्नेत,

वेद प्रकाश अग्रवाल, साहेव राव पाण्डुरङ मरगले, अमृत कार्की, निर्मल कुमार वि.क. दिपेश बस्नेत समेतले उल्लेखित (Vapes) मा रहेको सुन निकाली वेचबिखन गरेको अपराधिक विश्वाधात तथा संगठित अपराध मुद्दा काठमाडौं जिल्ला अदालतमा मुद्दा दर्ता भएकोमा सो मुद्दामा प्रतिवादीहरु नन्द कुमार पांडुरङ मरगले समेत उपर अनुसन्धान जारी राखी संगठीत अपराध निवारण ऐन २०७०,को दफा २२ एंव मुलुकी फौजदारी कार्यविधी संहिता २०७४ को दफा ३५ बमोजिम हुने गरी मुद्दा दर्ता भएकोमा प्रस्तुत मुद्दामा चिनिया नागरिक राहदानी नम्वर EJ 6350030 वाहक Li Hansong ले अवैधरुपमा २ वटा सुटकेश भित्र ७३ बट्टामा रहेको ७३० थान ईलेक्ट्रिक सिगरेट (Vapes) पैठारी गरी सोमा लुकाई छिपाई अ.९ के.जी. र ११.५२४ ग्राम ले हुन आउने ८,५५,२८,३७४।– (आठ करोड पचपन्न लाख अठ्ठाईस हजार तीन सय चौहत्तर) बराबरको सुन अवैध रुपमा पैठारी गरी सो सुन बिक्री वितरण गरी रकम लिने खाने, समुहमा रहेका राहदानी नम्वर EJ 6350030 वाहक Li Hansong सँग बेल्जियम राहदानी नम्वर GA4597364 बाहक दाबा छिरिङ (Dawa Tsering) को समेत मिलेमतो रहेको निज दाबा छिरिङ (Dawa Tsering) अवैध सुन पैठारी तथा संगठित अपराध मुद्दामा पक्राउ परी अनुसन्धान भई रहेकोमा निजले प्रयोग गर्ने IMEI No:350270056434728 & 350270055268259 भएको IPHONE 14 Pro Max मोवाईलको DFL परिक्षण प्रतिवेदनमा राहदानी नम्वर EJ 6350030 वाहक Li Hansong ले अवैध रुपमा (Vapes) भित्र लुकाई छिपाई लिई आएको सुन रहेको ईलेक्ट्रिक सिगरेट (Vapes) को फोटो समेत रहेको देखिन आएवाट प्रस्तुत कसुरमा निज दाबा छिरिङ (Dawa Tsering) समेतको संलग्नतामा आर्थिक लाभ प्राप्त गर्न संगठित भई समूहका सदस्य बीच अपराध गर्नका लागि पिरामिड शैलीमा तहगत जिम्मेवारीहरु बाँडफाँड गर्दै त्रि.वि.भन्सार कार्यालय मार्फत नेपाल सरकारलाई प्राप्त हुने राजश्व नोक्सान र आफूलाई अपराधिक लाभ प्राप्त गर्ने योजनाको साथ भन्सार ऐन २०६४ को दफा ५७ को १ अनुसारको परिभाषित कसुरमा सोही ऐनको दफा ५७ उपदफा १(घ) को ख बमोजिम ३ वर्ष भन्दा वढी कैद सजाय हुने कसूर समेत गरी संगठित अपराध निवारण ऐन,२०७० समेतको कसूर गरेको देखिन आएकोले राहदानी नम्वर EJ 6350030 वाहक Li Hansong को समुहमा रहेका चिनिया नागरिक तथा निजको समुहमा रहेका नेपाली नागरिकहरुले संगठित रुपमा कसूर गरेको अपराधको कार्यबिधि (Modus Operandi) रहेकोले निजहरुलाई संगठित अपराध निवारण ऐन,२०७० बमोजिमको थप अनुसन्धान तथा कारवाही गर्नुपर्ने देखिदा यो प्रतिवेदन लेखि पेश गरेको छु, निजहरु विच सम्पर्क भएको देखिने कल विवरण, ट्राभल हिस्ट्री समेतका कागजातहरु समेत यसैसाथ पेश गरी कानुन वमोजिम गरी पाँउ भन्ने ब्यहोराको प्रहरी प्रतिवेदन रुपमा कसूर गरेको अपराधको कार्यबिधि (Modus Operandi) रहेकोले निजहरुलाई संगठित अपराध निवारण ऐन,२०७० बमोजिमको थप अनुसन्धान तथा कारवाही गर्नुपर्ने देखिदा यो प्रतिवेदन लेखि पेश गरेको छु, निजहरु विच सम्पर्क भएको देखिने कल विवरण, ट्राभल हिस्ट्री समेतका कागजातहरु समेत यसैसाथ पेश गरी कानुन वमोजिम गरी पाँउ भन्ने ब्यहोराको प्रहरी प्रतिवेदन ।

२) **खानतलासी बरामदी मुचुल्काहरु:**

क) **खानतलासी वरामदी मुचुल्का:**

काठमाडौं जिल्ला नागार्जुन न.पा. वडा नं.४ सितापाईला स्थित पुर्वमा कृष्ण प्रसाद खनालको साढे दुईतलाको पहेलो रंगको पक्की घर, पश्चिममा कम्फर्ट हाउजिङ, उतरमा शरणपुर चोक देखीओ कम्फर्ट हाउजिङ जाने सार्वजनिक बाटो र दक्षिणमा सन्तोष मान श्रेष्ठको दुई तले पक्की घर रहेको, यिनै चारकिल्ला भित्र पर्ने फिन्जुम

शेर्पाको अ. दुई रोपनी दश आनाको क्षेत्रफलमा साढे दुई तलाको पक्की घर रहेको, उक्त घरको गेटबाट स्थानिय जनप्रतिनिधी समेतको रोहवरमा प्रबेश गरी हेर्दा घरको आगन भित्र जस्ताले बारेको गोदाम रहेको, उक्त गोदाम र घर घरधनीले चिनिया नागरिकले हाईड्रोको काम गर्ने भनि घरभाडामा दिएकोमा निज चिनिया नागरिक Daojin Wang ले लामो समय सम्म पनि घर भाडा नदिइ सम्पर्क बिहिन भई शंकास्पदरुपमा गोदाममा मालबस्तु राखेको सम्बन्धित कसूर वारदातमा दशीका मालसामानहरु राखिएको हुन सक्ने अबस्था भएकोले रितपुर्बक खानतलासी गर्दा घरको दोस्रो तलामा दक्षिणतर्फ निज सुत्ने गरेको कोठामा खैरो रंगको Jin Dun लेखिएको सेफ प्रहरीले कानून बमोजिम बरामद गरी लगेको ठिक साचो हो भन्ने ब्यहोराको मिति २०८०।०५।२४ गतेको खानतलासी बरामदी मुचुल्का ।

**ख) <u>खानतलासी वरामदी मुचुल्का:</u>**

काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं.९ गौचर स्थित पुर्वमा त्रिभुवन अन्तराष्ट्रीय बिमानस्थलको धावन मार्ग, पश्चिचममा तिनकुने एयरपोट सडकखण्ड, उतरमा त्रि.बि.भन्सार कार्यालयको प्रशासनिक भवन, दक्षिणमा नेपाल नागरिक उडयन प्राधिकरणको कम्पाउण्ड रहेको, यिनै चारकिल्ला भित्र त्रि.वि.भन्सार कार्यालयको २ तले कार्गो भवन, उक्त कार्गो भवनको माथिल्लो तलाको कोठा नं.१११ को पुर्व तर्फ मुलढोका रहेको, उक्त ढोका खोली भित्र प्रवेश गरी हेर्दा उक्त कोठाको पश्चिम उतर कुनामा Cosmo लेखिएको आकाशे गाढा निलो रंगको सुटकेश थान एक र Cosmo लेखिएको कालो रंगको सुटकेश थान एक समेत रहेको, उक्त सुटकेशहरु स्थानीय प्रतिनिधि र त्रि.बि.भन्सार कार्यालको कर्मचारी समेतको रोहवरमा खोली हेर्दा Space max sub-Ohm fresh mint लेखिएको 10ml×10/box लेखिएको हरियो रंगको बट्टा थान १५, प्रत्येक बट्टामा १० थान ईलेक्ट्रिक सिगरेट Vapes रहेको । उक्त सुटकेश भित्र रहेको Space max sub-Ohm Tiger blood 10ml×10/box लेखिएको रातो बट्टा थान १० प्रत्येक बट्टामा १० थान ईलेक्ट्रिक सिगरेट रहेको । सोही सुटकेश भित्र रहेको Space max sub-Ohm Banana pudding 10ml×10/box लेखिएको पहेलो बट्टा थान १०, प्रत्येक बट्टामा १० थान ईलेक्ट्रिक सिगरेट रहेको, Cosmo लेखिएको कालो रंगको सुटकेश थान एक भित्र Space max sub-Ohm fresh mint 10ml×10/box लेखिएको हरियो रंगको बट्टा थान १५ मा प्रत्येक बट्टामा १० थान ईलेक्ट्रिक सिगरेट रहेको, सोही सुटकेश भित्र Space max sub-Ohm Tiger blood 10ml×10/box लेखिएको रातो बट्टा थान ५ मा प्रत्येकमा १० थान ईलेक्ट्रिक सिगरेट रहेको, सोही सुटकेश भित्र Space max sub-Ohm Banana pudding 10ml×10/box लेखिएको पहेलो बट्टा थान १० मा प्रत्येकमा १० थान इलेक्ट्रिक सिगरेट समेत प्रहरीले बरामद गरि लगेको हो भन्ने ब्यहोराको मिति २०८०।०१।३१ गतेको खानतलासी बरामदी मुचुल्का ।

**३. <u>प्रतिवादी राहुल भन्ने रेशम महराको बयान</u>:**

म २०१२ मा चीनको छन्दु भन्ने स्थानमा चिनिया भाषा अध्ययन गर्नको लागि चिनमा गएको समयमा चिनिया नागरिक Daojin wang सँग मेरो चिनजान भई आएको हो । निज Daojin wang ले तत्काल चीनबाट बिभिन्न प्रकारका फलफुलहरु नेपालमा आयात गरी बिक्री गर्ने काम गरी आएको छु भनेका थिए । ६ महिना चिनमा चिनिया भाषा अध्ययन गरेर नेपाल फर्की आएको हो । त्यस पछि निज Daojin wang सँग मेरो बेला बखत फोनमा सामान्य कुराकानी हुदै आएको थियो । मलाई हाल एकिन मिति याद भएन निज Daojin wang ले मलाई निजको मोबाईल नं. ९८०१०९९९९८ बाट मेरो मोबाइल नं. ९८५१११८८८ मा कल गरी मेरो

साथीको ईलेक्ट्रीक सिगरेट (Vapes) त्रिभुवन बिमानस्थल एयरपोर्टमा रोकिएको छ, के भएको हो निकाल्न मिल्छ मिल्दैन बुझि दिनु पर्यो भनि मलाई अनुरोध गरेको कारण मैले प्रमुख भन्सार अधिकृत मुक्ति प्रसाद श्रेष्ठलाई फोन गरी ईलेक्ट्रीक सिगरेट (Vapes) एयरपोर्टमा रोकिएछ, के भएर रोकिएको हो भनि मुक्ति प्रसाद श्रेष्ठलाई सोधपुछ गर्दा निजले उक्त ईलेक्ट्रीक सिगरेट (Vapes) जफत भएको छ, भन्सार तिरेर पनि फिर्ता दिन मिल्दैन, यो लिलामी प्रकृयामा अगाडी बढछ भनि मलाई भनेका थिए। त्यस पछि पनि Daojin wang ले मलाई पटक पटक फोन गरी उक्त ईलेक्ट्रीक सिगरेट (Vapes) को के भईराछ बुझिदिनु पर्यो भन्ने गरेका थिए। करिव दुई हप्ता पछाडी निज Daojin wang सँग मेरो फोनमा कुराकानी हुदा एक दिन निज Daojin wang मलाई तपाई नै भन्सारमा गएर बुझिदिनु पर्यो भनेकोले मैले पनि के भएको रहेछ बुझौ नत भनि म एयरपोर्ट जादा भन्सार कार्यालय अगाडी Daojin wang, Daojin wang को ड्राईभर लोकेन्द्र कुमार पौडेल र मैले नचिनेका दुई जना चाईनिजहरुसँग भेट भए पछि म, लोकेन्द्र कुमार पौडेल र तिब्बतियन जस्तो देखिने नेपाली बोल्न जान्ने १ जना ब्यक्ती समेत हामी ३ जना भई त्रिभुवन बिमानस्थल भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक अरुण पोखरेलको कार्यकक्षमा गएको हो। निज अरुण पोखरेललाई निजको कार्यकक्षमा भेटी निजसँग अब जफत भएको उक्त ईलेक्ट्रीक सिगरेट (Vapes) लाई के गर्न सकिन्छ भनि कुराकानी हुदा उक्त ईलेक्ट्रीक सिगरेट (Vapes) लिलामी प्रकृयामा जाने, भन्सार तिरेर लैजान नमिल्ने कुरा वताएका थिए। यसै क्रममा म समेत सँग गएको तिब्बतियन जस्तो देखिने नेपाली बोल्न जान्ने ब्यक्तीले जफत ईलेक्ट्रीक सिगरेट (Vapes) हेर्न मिल्छ मिल्दैन, त्यही नै छ कि छैन भनि अरुण पोखरेललाई सोध्दा अरुण पोखरेलले उक्त ईलेक्ट्रीक सिगरेट (Vapes) हेर्न नमिल्ने कुरा बताएका थिए। निज अरुण पोखरेलले उक्त ईलेक्ट्रीक सिगरेट (Vapes) लिलामी हुने कुरा वताए पछि हामी तिनै जना फर्की म आफ्नो घर गएको थिए। यसमा मैले अरुण पोखरेललाई निजको मोबाईल नं.९८४१२९५४१३ मा एस.एम.एस. गरेको मलाई याद छैन्, निजसँग मेरो फोन सम्पर्क के कति पटक भयो याद छैन। मेरो आफ्नो काम बिशेषले एक पटक निज अरुण पोखरेललाई भेट गरेको थिए। निज अरुण पोखरेलले खुलाई लेखाई दिए जसरी उक्त ईलेक्ट्रीक सिगरेट (Vapes) को विषयलाई लिएर निजको कार्यालयमा ६/७ पटक गई छुटाउनको लागि दवाव दिने काम गरेको थिएन, छैन। मेरो बुबा कृष्ण बहादुर महराले अरुण पोखरेललाई फोन गरी मलाई सहयोग गरिदिनु भनेको सम्बन्धमा मलाइ थाहा छैन। मिति २०७९/०९/१० गते Fly Dubai को Flight number FZ0587 वाट नेपाल आएका चिनिया नागरिक राहदानी नम्वर EJ 6350030 वाहक Li Hansong ले २ वटा सुटकेश भित्र ७३ बट्टामा रहेको ७३० थान ईलेक्ट्रिक सिगरेट (Vapes) त्रिभुवन अन्तराष्ट्रिय विमानस्थल जफत भएको, उक्त जफत भएको ईलेक्ट्रिक सिगरेट (Vapes) भित्र अवैधरुपमा सुन लुकाई छिपाई त्रिभुवन अन्तराष्ट्रिय बिमानस्थल हुदै नेपाल ल्याएको भन्ने कुरा पछि पत्रपत्रिका समेतका Media बाट थाहा भएको हो। मैले प्रयोग गरेको IMEI 354106772791213 भएको Iphone 13 Pro max मोबाईल फुटेर बिग्रिएकोले दुई तीन पटक मर्मत गर्दा समेत नबनिए पछि घरमा नै फालिदिएको थिए, IMEI353425687176414 भएको Iphone 14 Promax मोबाईल मेरो साथी गोपाल शर्माको हो, उक्त मोबाईल मैले निज गोपाल शर्मालाई मागेर केही समय चलाए पछि निजलाई नै फिर्ता गरेको हो। IMEI 867915040636665 भएको Huawei मैले मेरो घरमा नै राखेको थिए। मेरो आफन्तले उल्लेखित Iphone 13 Pro max र Huawei मोबाइलहरु मेरो घरमा खोजि गर्दा फेला नपरेको भनि मलाई जानकारी गराएकोले मैले उक्त मोबाईलहरु उपलब्ध गराउन सक्दिन भन्ने ब्यहोराको राहुल भन्ने रेशम महराको बयान।

## ४. प्रतिवादी लोकेन्द्र कुमार पौडेलको बयान:

अ. ५/६ बर्ष अगाडी देखी मैले चाइनिज नागरीक Daojin wang चढने बा.१७ प.७५१८ नं.को Duster गाडी चलाई आएको छु । करिव डेढ महिना अगाडी म Daojin wang बस्ने गरेको काठमाडौं सितापाईला स्थितमा भएको घरबाट निस्कि काठमाडौं नागार्जुन न.पा. वडा नं.४ सितापाईला स्थितमा डेरा गरी मेरो परिवार सँग बसि आएको छु । Daojin wang ले मलाई बिहान वेलुका खाना खान दिएर मैले गाडी चलाए बापत महिनाको नेपाली रु.३०,०००।– (तीस हजार) दिने गरेको थियो । अ.३/४ महिना अगाडी देखी Daojin wang चीन गए पछि फर्केर आएको छैन । Daojin wang ले भने अनुसार मैले गाडी चलाई जाने गरेको थिए । यसै मुद्दाका प्रतिवादीहरु LI HANSONG र Asin भन्ने YONGXIN PENG समेतका ब्यक्तिहरु कहिलेकाही Daojin wang लाई भेटन सितापाईला घरमा आउने गरेको र Daojin wang पनि Asin भन्ने YONGXIN PENG बस्ने गरेको बुढानिलकण्ठ स्थित घरमा जादा मैले Asin भन्ने YONGXIN PENG, श्याम भन्ने JINGCHUAN ZHONG, LINGFENG PENG समेतका चाईनिज नागरिकहरु बस्ने गरेको देखेको हो । LI HANSONG पनि Asin भन्ने YONGXIN PENG बस्ने गरेको बुढानिलकण्ठ स्थितघरमा बस्ने गरेका थिए । Daojin wang ले भने अनुसार मैले LI HANSONG लाई बिभिन्न स्थानहरु पुर्याई दिने ल्याउने गरेको थिए । करिव १ बर्ष अगाडी Daojin wang ले भने अनुसार LI HANSONG र YONGXIN PENG लाई त्रिभुवन अन्तराष्ट्रिय बिमानस्थलबाट ठमेल स्थितमा छाँया सेन्टर नजिकको WALDO होटलमा पुर्याई दिएको छु । LI HANSONG, YONGXIN PENG र Daojin wang लगायतका चाईनिजहरुको भेट हुदा निजहरुले घर भित्र गोप्यरुपमा के कुरा गर्थे मलाई थाहा हुदैन्थ्यो, मलाई बाहिर नै बस्न भन्थे । यसरी नै मिति २०७९।०९।११ गते बिहान Daojin wang ले एयरपोर्ट जानु पर्छ, एयरपोर्टमा मेरो साथी LI HANSONG ले लिएर आएको ईलेक्ट्रिक सिगरेट (Vapes) भन्सारमा रोकेको छ भने पछी Daojin wang ले भने अनुसार मैले गाडी चलाई हामी दुबै जना एयरपोर्ट गएको थियौ । एयरपोर्टको पार्किङमा गाडी पार्क गरे पछि सोही स्थानमा LI HANSONG पनि रातो कोराला टोयोटा कारमा र श्याम सुन्दर शाह स्कुटरमा आएका थिए । त्यस पछि श्याम सुन्दर शाह र Daojin wang एक छिन कुराकानी गरे पछि श्याम सुन्दर शाह एक्लै एयरपोर्ट भित्र गएका थिए । श्याम सुन्दर शाह केही वेर पछि फर्केर आए पछि काम भएन भनि भन्सार कार्यालयमा रहेको LI HANSONG को पासपोर्ट ल्याई निज LI HANSONG लाई फिर्ता दिएका थिए । त्यस पछि म र Daojin wang घरतिर गएको थियौ । २०७९ सालको चैत्र महिनातिर Daojin wang थाईल्याण्ड गएको समयमा निजले मलाई बारम्बार Wechat मार्फत कल गरी भन्सारमा रोकेर राखेर ईलेक्ट्रिक सिगरेट (Vapes) लिलाम गरेको छ छैन बुझ्नु भनेकोले म ३/४ पटक एयरपोर्ट गई मुद्दा तथा लिलामी शाखाको सूचना बोर्डमा हेर्दा लिलाम भएको नदेखी फर्की आई लिलाम नभएको कुरा Daojin wang लाई जानकारी गराएको थिए । Asin भन्ने YONGXIN PENG ले ९८२८८१४०५३ बाट मेरो मोबाईल नं.९८१३०२४१४८ मा पटक पटक फोन गरी उक्त ईलेक्ट्रिक सिगरेट (Vapes) को बारेमा भन्सारमा के हुदैछ बुझ्नु भन्ने गरेका थिए । Daojin wang नेपाल फर्की आए पछि २०७९ सालको चैत्र महिनातिर एक दिन Daojin wang र म एयरपोर्ट जादा त्रि.वि.भन्सार कार्यालय पार्किङमा Asin भन्ने YONGXIN PENG र निमा गुरुङ रातो रंगको टोयटा कोराला गाडीमा आएका थिए । सोही समयमा YONGXIN PENG र Daojin wang एकछिन कुराकानी गरेर Daojin wang ले राहुल भन्ने रेशम महरालाई फोन गरी एयरपोर्टमा

बोलाए पछि निज राहुल भन्ने रेशम महरा एयरपोर्ट आए पछि म लोकेन्द्र कुमार पौडेल, राहुल भन्ने रेशम महरा र निमा गुरुङ समेत हामी तिन जना भई त्रिभुवन अन्तराष्ट्रीय बिमानस्थल भन्सार कार्यालयका कार्यालय प्रमुख अरुण पोखरेलसँग बुझ्नको लागि निजको कार्य कक्षमा गएका थियौ । त्यस बेला Daojin wang र Asin भन्ने YONGXIN PENG भन्सारको भुई तलामा बसेका थिए । हामीले भन्सार कार्यालयका कार्यालय प्रमुख अरुण पोखरेललाई निजको कार्यकक्षमा भेटे पछि जफत भएको ईलेक्ट्रिक सिगरेट (Vapes) को बारेमा के कसरी छुटाउने भन्ने बिषयमा अरुण पोखरेलसँग राहुल महरा र निमा गुरुङले कुराकानी गरेका थिए । कुराकानीको क्रममा जफत भएको हाम्रो सामान कहाँ छ एक पटक हेरौ सामान त्यही नै छकि छैन् भन्दा भन्सार कार्यालयका कार्यालय प्रमुख अरुण पोखरेलले यो सामान तपाईहरुलाई किन चाहियो, यसमा के छर यति सारो मरिहत्ये गरेको, उक्त सामान चेकजाँचको लागि गएको छ, हेर्न मिल्दैन, जफत भई सकेको बस्तु दिन मिल्दैन भने पछी हामी तिनै जना त्यहाँबाट फर्किएका थियौ । त्यस पछि सो कुरा भुई तलामा रहेका Daojin wang र Asin भन्ने YONGXIN PENG लाई बताए पछि हामी त्यहाँ बाट छुटिई घर तिर फर्कि आएका हौं । त्यस पछि अन्दाजी ९/१० दिन पछि निज Daojin wang चाईना गए पछि नेपाल फर्कि आएका छैनन् । त्यस बेला सम्म उक्त ईलेक्ट्रिक सिगरेट (Vapes) भित्र सुन छ भन्ने कुरा मलाई Daojin Wang  समेतले नभनेकोले मलाई थाहा थिएन् । पछि Media मार्फत उल्लेखित ईलेक्ट्रिक सिगरेट (Vapes) भित्र चाइनिज नागरिकहरु Daojin Wang, LINGFENG PENG, JINGCHUAN ZHONG, YOUNGXIN PENG, FENGCHENG LIN, HANSONG  LI र निमा गुरुङ  समेतका ब्यक्तिहरुले अबैधरुपमा लुकाई छिपाई सुन नेपालमा भित्राएको कुरा थाहा भएको हो । मलाई देखाईएको चाईनिज राहदानी नं. EJ6632698 भएको LINGFENG PENG, राहदानी नं.EJ5053396 भएको JINGCHUAN ZHONG, राहदानी नं. E67619450 भएको YOUNGXIN PENG, राहदानी E12449310 र EJ5661699 भएका FENGCHENG LIN, राहदानी नं. EJ6350030 भएका HANSONG LI समेतका ब्यक्तिहरु काठमाडौं बुढानिलकण्ठ स्थित कृष्ण बहादुर गुरुङको घर भाडामा लिई बसी आएका Daojin Wang को साथिहरु हुन । नेपाली राहदानी नं. ०९४६००५१ भएका निमा गुरुङ त्रि.बि. भन्सार कार्यलायका प्रमुख अरुण पोखरेललाई भेटनको लागि म र राहुल भन्ने रेशम महरा समेतसँग गएका ब्यक्ति हुन् । प्रस्तुत मुद्दाको अनुसन्धानको क्रममा निमा गुरुङलाई मैले चिन्ही सनाखत गरि दिई सकेको छु ।  फरक छैन मैले हेरी चिनि सनाखत गरिदिए । Daojin Wang थाईल्याण्ड जानु भन्दा अगाडी यहाँ नेपालमा केही काम पर्न सक्छ भनि मलाई नेपाली रु.२ लाख ५० हजार दिई राखेको थियो । Daojin Wang थाईल्याण्डमा भएको समयमा मलाई कल गरेर रमेश कुमार कार्कीलाई गाडीको भाडा रु.२ लाख ४० हजार दिनु भनि रमेश कुमार कार्कीको मोबाईल नं. मलाई उपलब्ध गराएकोले सोही अनुसार मैले निज रमेश कुमार कार्कीलाई फोन गर्दा निज आफु काठमाडौंमा नभएकोले निजको काठमाडौं महलमा भएको पसलमा काम गर्नेलाई दिनु भनेकोले सोही अनुसार मैले उक्त पैसा लगेर पसलमा भएको ब्यक्तिलाई दिएको साचो हो । एक पटक रमेश कुमार कार्की Daojin Wang बस्ने सितापाईला स्थितमा भएको घरमा आई मलाई भेटी Daojin Wang कहाँ छ ? मेरो गाडी के कहाँ छ ? भनि सोधेको साचो हो । त्यस बेला मैले Daojin Wang चाईना गएको र निज रमेश कुमार कार्कीको रातो रंगको टोयोटा कोरोला कार Daojin Wang को साथी Yongxin Peng ले चलाउदै आएको छ, YONGXIN PENG समेतका ब्यक्तिहरु प्रायजसो ठमेलको छाया सेण्टरमा रहेको Waldo क्यासिनो जाने भएकोले उक्त गाडी पनि छाया सेण्टरको पार्किङमा हुन सक्छ

त्यहाँ गएर हेर्नुहोस भनि  मैले रमेश कुमार कार्कीलाई भनेको  साचो हो। HANSONG LI ले लिएर आएको ईलेक्ट्रीक सिगरेट (Vapes) जफत भए पछिको समयमा एक पटक Daojin Wang को भरतराज अधिकारीसँग फोनमा कुराकानी हुने क्रममा Daojin Wang ले मलाई भरतराज अधिकारीसँग कुरा गर्न मोबाईल फोन दिएका थिए। उक्त कुराकानीमा Daojin Wang ले जफत भएको मालबस्तु नेपालीमा ईलेक्ट्रिक सिगरेट भन्न नजानेकोले सोही कुरा मैले भरतराज अधिकारीलाई जानकारी गराएको थिए। निज भरतराज अधिकारीसँग जफत भएको उल्लेखित करोडौं मुल्यको इलेक्ट्रिक सिगरेट (Vapes) छुटाउनको लागि मैले दश लाख दिने भनेर प्रस्ताव राखेको थिईन र छैन। भरतराज अधिकारी केरुङ भन्सार कार्यालयमा कार्यरत भएको समयमा Daojin Wang लाई भेटन आउने जाने गरेकोले करिव ३ बर्ष अगाडी देखी निज भरतराज अधिकारीसंग मेरो चिनजान भई आएको हो। निज भरतराज अधिकारीको Daojin Wang सँग समेत राम्रो सम्बन्ध भएकोले निज भरतराज अधिकारीलाई काठमाडौं भित्र कहि कतै जानलाई गाडी चाहिएको बेलामा मलाई कल गरेर बोलाउने गरेकोले मैले पनि Daojin Wang लाई भनेर भरतराज अधिकारीले भनेको ठाउमा जाने गरेको थिए। निज भरतराज अधिकारीले मलाई कहिले काही फोन गरी Daojin Wang  के कहाँ छ भनि सोध्ने गरेकोले निज भरतराज अधिकारीसँग मेरो २५ पटक फोन सम्पर्क भएको हो। चाईनिज नागरीक Asin भन्ने Yongxin peng प्राय जसो Daojin Wang बस्ने घर सितापाईलामा आउने जाने र Daojin Wang समेत Asin भन्ने Yongxin peng बस्ने गरेको बुढानिलकण्ठ स्थित घरमा जाने आउने गरेकोले निज Asin भन्ने Yongxin peng सँग मेरो चिनजान भई आएको थियो। निज Asin भन्ने Yongxin peng ले Daojin Wang सँग बेलाबखत गाडि मागि लैजाने गरेकोले निज Asin भन्ने Yongxin peng गाडी ल्याई दिनु भनेर मलाई फोन गर्ने गरेको थियो। यसरी नै Daojin Wang चाईना गए पछि निज Asin भन्ने Yongxin peng ले जफत भएको इलेक्ट्रिक सिगरेट (Vapes) को बारेमा के भईराखेको छ, बुझ्नु भनि मलाई फरक फरक मोबाईल नं. बाट पटक पटक फोन गर्ने गरेको र मैले पनि उक्त इलेक्ट्रिक सिगरेट (Vapes) को बारेमा बुझि सो कुराको जानकारी गराएको कारणले गर्दा मैले प्रयोग गर्ने मोबाइल नं. सँग Asin भन्ने Yongxin peng ले प्रयोग गर्ने मोबाईल नं. हरुबाट सम्पर्क भएको देखिएको हो। जफत भएको उक्त इलेक्ट्रिक सिगरेट (Vapes) भित्र सुन भएको कुरा संचार माध्यमबाट सुन्नमा आए पछि निज Asin भन्ने Yongxin peng संग मेरो सम्पर्क भएको छैन। जफत भएको उक्त ईलेक्ट्रिक सिगरेट (Vapes) मा के छ भनेर Daojin wang लाई मैले पटक पटक सोध्दा निजले हाईड्रोमा काम गर्ने कामदारहरुको लागि ल्याएको ईलेक्ट्रिक सिगरेट भएको कुरा बताउने गरेका थिए। Daojin Wang YOUNGXIN PENG, Li Hansong ले हाईड्रोमा काम गर्ने कामदारहरुको लागि नै ईलेक्ट्रिक सिगरेट ल्याएको भनेकोले मैले पनि ईलेक्ट्रिक सिगरेट नै होला भनि विश्वास गरेर Daojin Wang ले भने अनुसारको काम गरेको हो भन्ने ब्यहोराको लोकेन्द्र कुमार पौडेलको बयान।

५. **प्रतिवादी दावा छिरिङ (Dawa Tsering) को बयानः-**

नेपालमा मैले जिल्ला काठमाडौं, का.म.पा. वडा नं. २६  ठमेल ज्याठा स्थितमा श्रीमती अमला रोक्का मगर र अर्को ब्यक्ति मन्जिल श्रेष्ठको नाममा भियना होटल दर्ता गरी  बिगत साढे चार वर्ष देखि  संचालन गर्दै आईरहेको छु। सो बाहेक चिनबाट आउने जडिबुटी ब्यापारीहरुलाई जडिबुटी मिलाईदिने काम समेत गर्ने गरेको छु। मेरो तिव्वत चीनमा जन्म भई करिब १७ बर्षको उमेरमा सन् १९९९ मा तिब्वतियन शरणार्थी भई नेपाल आई काठमाडौं स्वयम्भूको तिब्वतियन शरणार्थी क्याम्पमा बस्दै आईरहेकोमा तिब्वतियन शरणार्थी क्याम्पले

भारतको हिमाञ्चल प्रदेशमा अध्ययनको लागी पठाएकोमा सन् २००३ मा कक्षा १२ अध्ययन पुरा गरी पुन: नेपालमा आई का.जि. स्वयम्भुमा कोठा खोजी बसी न्यूरोडमा बाट ४०-५० जोर जुत्ता र जिन्स पाईन्ट खरिद गरी बसमा भारतमा गई भारतमा उक्त जुत्ता तथा पाईन्टहरु बिक्री गर्ने गरेको थिए। पछी बौद्धमा गई तिन बर्ष बसी जडिबुटीको खरिद बिक्री गर्ने काम गरेको थिए। सोही क्रममा सन् २००९ मा मेरो श्रीमती अमला रोक्का मगरसंग भेट भई चिनजान भएपछी हामीले बिहे गर्ने भनि नयाँ बसपार्कमा कोठामा बस्दै आएकोमा सन् २०११ मा म भारतमा गई भारतबाट शरणार्थीको रुपमा बेल्जियम गएको हुँ। सन् २०१३ मा बेल्जियमको ग्रिनकार्ड र राहदानी पाईसकेपछी सन् २०१३ मा बेल्जियम नागरिकको पर्यटक भिषामा नेपाल आएको हुँ। बेल्जियम जाने आउने गरेकोमा सन् २०१५ पछी पर्यटक र अध्ययन भिषामा नेपाल आई का.जि. गोङ्गबुमा बस्दै आईरहेकोमा सन् २०२० मा काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. २६ ठमेल ज्याठामा भियना होटल संचालन गरी बस्दै आईरहेको छु। भिषा नविकरणको लागी प्रत्येक पटक बेल्जियम जाने आउने गरेको छु। हाल म ६ महिनाको अध्ययन भिषामा रहेको छु मेरो भिषाको म्याद सन् २०२४ को जनवरी सम्म रहेको छ। मलाई देखाईएको LI HANSONG लाई ईलेक्ट्रिक सिगरेट (Vapes) जफत गरे बापत दिएको मालसामान जफत गरेको निस्सा (यात्रुको प्रति) रसिद पाना-१ मैले हेरी देखे । उक्त रसिद पाना-१ मैले प्रयोग गर्ने IMEI 350270056434728, 350270055268259 भएको Iphone 14 Pro Max मोबाइलमा भएको हो, फरक छैन, हेरिचिनी सनाखत गरिदिए। राहदानी नं. EJ6350030 बाहक चिनका नागरिक Li Hansong लाई मैले चिनेको भेटेको देखेको छैन। मेरो मोबाईलमा भएको उक्त रसिद पाना-१ म चिनमा गएको बेला अन्दाजी २७ अप्रिल २०२२ मा हाल मलाई एकिन नभएको Li funcheng भन्ने चाईनिज नागरिकले पठाएको हो, निजले We chat मार्फत मेरो मोबाईल पठाएका हुन्, मैले नेपाली पढन नजानेकोले उक्त रसिदमा के लेखेको छ हेरिदेउ भनेर मैले चिनेको पेम्वा शेर्पालाई We chat मार्फत पठाएको थिए। त्यस पछि पेम्बा शेर्पाले मलाई We chat बाट मलाई कल गरेर करिव ४/५ महिना अगाडी एयरपोर्टमा ईलेक्ट्रिक सिगरेट (Vapes) समातेको रैछ, यसको बारेमा सोधीखोजी नगर्नु भनेकोले मैले सो बारेमा कुनै चासो नलिएको हो। यस ईलेक्ट्रिक सिगरेट (Vapes) मा सुन लुकाई छिपाई नेपाल ल्याएको बिषयमा मलाई कुनै जानकारी छैन। पासपोर्ट नं. ED7991343 भएका Daojin wang, पासपोर्ट नं. E67619450 भएका Asin भन्ने Yongxin Peng, पासपोर्ट नं. EJ6632698 भएका Lingfeng Peng र पासपोर्ट नं. EJ5053396 भएका श्याम भन्ने Zhong Jingchuan समेतका चाईनिज नागरिकहरुको फोटोहरु देखाउदा देखे हेरे, उल्लेखित ब्यक्तिहरुलाई मैले देखे चिनेका ब्यक्तिहरु होईन। मेरो crypto Wallet/Cryptocurrency खाता हालसम्म मैले खोलेको छैन। म सन २०२३ अप्रिल १९ देखी मे महिनाको २३ तारीख सम्म चिन देशको सिचवान प्रान्तमा बस्नु भएको मेरो आमालाई भेट्न गएको थिए। उल्लेखित मिति भित्र चाईनामै रहेको बेलामा उक्त स्क्रिनसट मलाई नाम अहिले याद नभएको अमेरिकन साथी संग भेट हुँदा निजले मेरो We Chat मा पठाईदिएको फोटो हो। crypto Wallet/Cryptocurrency को बारेमा मलाई थाहा छैन । मलाई oklink.com को बारेमा थाहा छैन । सवालमा उल्लेखित CryproCurrency Address (डिजिटल वालेट): TN5AVEAuUxVDEGNKwngHgapw3ccrg MZn8A मा भएको सन् 2023/03/10 देखि 2023/05/07 सम्म Total159 transaction, TRC20 Token Transfer: Total 134 transactions, Total USDT IN:1171663.771, Total USDT OUT: 2148648 कारोवार सम्बन्धमा मलाई थाहा छैन। उक्त कारोबार भएको स्क्रिनसट को-कसले मलाई

पठाईदिएको हो सो समेत मलाई थाहा छैन मैले crypto Wallet/Cryptocurrency प्रयोग गर्ने गरेको छैन् । साथिहरुले मसंग कुरा गरेको भएपनि मैले कुनै आईडी प्रयोग गरेको तथा कारोबार गरेको छैन् । कारोबार गरेको देखिएमा कानून बमोजिम कारबाही भए मञ्जुर छु भन्ने ब्यहोराको प्रतिवादी दावा छिरिङ (Dawa Tsering) को बयान ।

६) **प्रतिवादी राहुल भन्ने रेशम महराको थप बयान:-**

म समेत त्रिभुवन अन्तराष्ट्रीय विमानस्थल भन्सार कार्यालयका कार्यालय प्रमुख अरुण पोखरेललाई भेटन जादा म सगै गएका तिब्बतियन जस्तो देखिने ब्यक्तीलाई मैले पहिले कहिल्यै नदेखेको र निजलाई सोही दिन मात्र देखेकोले मलाई देखाईएको जिमी निमाजि भन्ने निमा गुरुङ एकै ब्यक्ति हुन होईन अहिले मैले एकिन गर्न सक्दिन, ९८२९५८१४३३ नं. मेरो मामाको छोरा होम बहादुर थापाले प्रयोग गर्ने मोबाईल नं. हो । मैले गोपाल शर्मालाई मैले प्रयोग गरेको IMEI 353425687176414 भएको I phone 14 Pro max २०८० सालको असार महिनाको पहिलो हप्ता तिर फिर्ता दिएको हो तर उक्त मोबाईलमा उक्त मोबाईल नं.९८२९५८१४३३ के कसरी प्रयोग भएको देखिएको मलाई थाहा भएन भन्ने ब्यहोराको राहुल भन्ने रेशम महराको थप बयान ।

Li Hansong ले २ वटा सुटकेशमा ७३ बट्टामा रहेको ७३० थान ईलेक्ट्रिक सिगरेट (Vapes) भित्र सुन ल्याएको भन्ने संचार माध्यमबाट सुनेको थिए, हाल मात्र तत्कालिन समयको बजार भाउ अनुसार नेपाली रु.८,५५,२८,३७४।– (आठ करोड पचपन्न लाख अठ्ठाईस हजार तीन सय चौहत्तर) बराबरको हुन आउने ९ के.जी. ११.५२४ ग्राम सुन अबैधरुपमा ल्याई आएको भन्ने कुरा थाहा भएको छ । चिनिया नागरिक Daojin wang सँग मेरो चिनजान भएकोले निजले मलाई कल गरी मेरो साथीको ईलेक्ट्रीक सिगरेट (Vapes) त्रिभुवन बिमानस्थल एयरपोर्टमा रोकिएको छ, के भएको हो निकाल्न मिल्छ मिल्दैन बुझि दिनु पर्यो भनि मलाई अनुरोध गरेको कारण मैले प्रमुख भन्सार अधिकृत मुक्ति प्रसाद श्रेष्ठलाई फोन गरी ईलेक्ट्रीक सिगरेट (Vapes) एयरपोर्टमा रोकिएछ, के भएर रोकिएको हो भनि मुक्ति प्रसाद श्रेष्ठलाई सोधपुछ गर्दा निजले उक्त ईलेक्ट्रीक सिगरेट (Vapes) जफत भएको छ, भन्सार तिरेर पनि फिर्ता दिन मिल्दैन, यो लिलामी प्रकृयामा अगाडी बढछ भनि मलाई बताएका थिए । त्यस पछी पनि निज Daojin wang ले मलाई तपाई नै भन्सार कार्यालयमा गएर बुझिदिनु पर्यो भनि अनुरोध गरेकोले मैले पनि के भएको रहेछ बुझौ नत भनि म समेतले भन्सार कार्यालयका प्रमुख अरुण पोखरेललाई भेटी उक्त ईलेक्ट्रीक सिगरेट (Vapes) को बारेमा कुरा गर्दा फिर्ता दिन मिल्दैन भनेका थिए । उक्त ईलेक्ट्रिक सिगरेटमा सुन भएको र उक्त सुन भएको ईलेक्ट्रीक सिगरेट (Vapes) भएको ठाउमा अर्को ईलेक्ट्रीक सिगरेट (Vapes) राखी उक्त सुन ना.सु. रेवन्त खड्का समेतले बिक्रि बितरण गरेको कारणले आवश्यक अनुसन्धान गर्न त्रि.वि. भन्सार कार्यालयले केन्द्रीय अनुसन्धान ब्यूरो, महाराजगञ्ज, काठमाडौंलाई पत्राचार गरेको कुरा संचार माध्यमबाट थाहा भएको थियो । उक्त इलेक्ट्रिक सिगरेट (Vapes) सट्टा गरी सोमा रहेको भनिएको सुन त्रि.बि. भन्सार कार्यालयका ना.सु. रेवन्त खड्का समेतले वेचविखन गरी आर्थिक लाभ लिएको सम्बन्धमा त्रि.बि.भन्सार कार्यालयका ना.सु. रेवन्त खड्का समेत उपर आपराधिक बिश्वासघात र संगठीत अपराध कसूर मुद्दामा केन्द्रीय अनुसन्धान ब्यूरो,महाराजगञ्जबाट अनुसन्धान भई सम्मानित काठमाडौं जिल्ला अदालतमा मुद्दा दायर भएको कुरा समेत संचार माध्यमबाट थाहा भएको हो भन्ने समेत व्यहोराको **प्रतिवादी राहुल भन्ने रेशम महराको थप बयान ।**

**७. प्रतिवादी लोकेन्द्र कुमार पौडेलको थप बयान:**

Li Hansong ले २ वटा सुटकेशमा ७३ बट्टामा रहेको ७३० थान ईलेक्ट्रिक सिगरेट (Vapes) भित्र तत्कालिन समयको बजार भाउ अनुसार नेपाली रु.८,५५,२८,३७४।– (आठ करोड पचपन्न लाख अठ्ठाईस हजार तीन सय चौहत्तर) बराबरको हुन आउने ९ के.जी. र ११.५२४ ग्राम सुन अबैधरुपमा ल्याई आएको भन्ने हाल थाहा भएको हो। ५/६ बर्ष अगाडी देखी मैले चाइनिज नागरीक Daojin wang चढने बा.१७ प.७५१८ नं.को Duster गाडी चलाई ड्राईभरको पेशा गरी आफ्नो जिविका चलाई आएको छु। साहु Daojin wang भने अनुसार नै काम गरी आएको हो। मिति २०७९।०९।११ गते बिहान Daojin wang ले एयरपोर्ट जानु पर्छ, एयरपोर्टमा मेरो साथी LI HANSONG ले लिएर आएको ईलेक्ट्रिक सिगरेट (Vapes) भन्सारमा रोकेको छ भने पछी Daojin wang ले भने अनुसार मैले गाडी चलाई हामी दुबै जना एयरपोर्ट गएको थियौ। एयरपोर्टको पार्किङमा गाडी पार्क गरे पछि सोही स्थानमा श्याम सुन्दर शाह स्कुटरमा आएका थिए। त्यस पछि श्याम सुन्दर शाह र Daojin wang एक छिन कुराकानी गरे पछि श्याम सुन्दर शाह एक्लै एयरपोर्ट भित्र गएका थिए। श्याम सुन्दर शाह केही वेर पछि फर्केर आए पछि काम भएन भनि भन्सार कार्यालयमा रहेको LI HANSONG को पासपोर्ट ल्याई निज LI HANSONG लाई फिर्ता दिएका थिए। २०७९ सालको चैत्र महिनातिर एक दिन Daojin wang ले भने अनुसार यस मुद्दामा पक्राउ परी आएका राहुल भन्ने रेशम महरा र फरार रहेका निमा गुरुङ समेत हामी तिन जना भई त्रिभुवन अन्तराष्ट्रिय बिमानस्थल भन्सार कार्यालयका कार्यालय प्रमुख अरुण पोखरेलसँग बुझ्नको लागि निजको कार्य कक्षमा गएका थियौ। भेटमा जफत भएको ईलेक्ट्रिक सिगरेट (Vapes) को बारेमा के कसरी छुटाउने भन्ने बिषयमा अरुण पोखरेलसँग राहुल महरा र निमा गुरुङले कुराकानी गरेका थिए। कुराकानीको क्रममा जफत भएको हाम्रो सामान कहाँ छ एक पटक हेरौ सामान त्यही नै छकि छैन् भन्दा भन्सार कार्यालयका कार्यालय प्रमुख अरुण पोखरेलले यो सामान तपाईहरुलाई किन चाहियो, यसमा के छर यति सारो मरिहत्ये गरेको, उक्त सामान चेकजाँचको लागि गएको छ, हेर्न मिल्दैन, जफत भई सकेको बस्तु दिन मिल्दैन भने पछी हामी तिनै जना त्यहाँबाट फर्किएका थियौ। पछि Media मार्फत उल्लेखित ईलेक्ट्रिक सिगरेट (Vapes) भित्र चाइनिज नागरिकहरु Daojin Wang समेतका ब्यक्तिहरुले लुकाई छिपाई सुन नेपालमा भित्राएको कुरा थाहा भएको हो। यस सम्बन्धमा थप अनुसन्धान गर्न त्रि.वि. भन्सार कार्यालयले केन्द्रीय अनुसन्धान ब्यूरोलाई पत्राचार गरेको संचार माध्यमबाट थाहा भएको हो। त्रि.बि. भन्सार कार्यालयका ना.सु. रेवन्त खड्का समेत उपर विश्वासघात र संगठीत अपराध कसूर मुद्दामा केन्द्रीय अनुसन्धान ब्यूरोबाट अनुसन्धान भई सम्मानित काठमाडौं जिल्ला अदालतमा मुद्दा दायर भएको भन्ने संचार माध्यमबाट थाहा भएको हो भन्ने समेत व्यहोराको **प्रतिवादी लोकेन्द्र कुमार पौडेलको थप बयान।**

**८. प्रतिवादी दावा छिरिङ (Dawa Tsering) को थप बयान:-**

आपराधिक विश्वासघात र संगठित अपराध निवारण ऐन, २०७० बमोजिमको कसूर मुद्दामा मलाई थाहा भएको सम्पुर्ण ब्यहोरा पहिले गरेको बयानमा खुलाई लेखाई दिई सकेको छु, अन्य मलाई थाहा भएन भन्ने समेत व्यहोराको प्रतिवादी दावा छिरिङ (Dawa Tsering) को थप बयान।

**९) बुझिएका मानिसहरुले गरेको घटना विवरण कागज:**

**क)** **मुक्ति प्रसाद श्रेष्ठले गरेको कागज:**

म मिति २०७८/१०/०४ गते देखि त्रि.वि. भन्सार कार्यालयको प्रमुख भन्सार अधिकृत पदमा कार्यरत रहँदै आएको छु, यात्रु शाखामा कार्यरत रहँदा यात्रु शाखाको प्रमुखको हैसियतमा अन्य सरोकारवाला निकायसँग समन्वय गर्ने, मातहत कर्मचारीहरुको अनुगमन गर्ने, यात्रुहरुको गुनासो सुनी प्रशासनिक सहजीकरण गर्ने समेतको जिम्मेवारी वहन गर्दै आएको छु । मिति २०७९/०९/१० गते बिहान ०७:१० बजे देखि अपरान्ह १२:०० बजे सम्म त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको आगमन कक्षको यात्रु शाखाको प्रमुखको हैसियतमा ड्यूटिमा खटिएको थिएँ। उक्त मितिमा चिनियाँ यात्रु Li Hansong ले लिई आएको लगेजमा ठूलो परिमाणमा ईलेक्ट्रिक सिगरेट (Vapes) रहेको भनी मलाई ड्यूटीमा खटिएका ना.सु. सुवर्णा प्रभा के.सी.ले जानकारी गराएका हुन । अर्थ मन्त्रालयको मिति २०७७/०२/१५ को सूचनाको दफा ७ बमोजिम व्यापारिक प्रयोजनका लागि ल्याएका मालबस्तु यात्रु शाखाबाट जाँचपास गर्न नमिल्ने हुँदा जफत गर्नु पर्ने व्यवस्था रहेको र निज चिनियाँ यात्रुले एकै किसिमको मालबस्तु ठूलो परिमाणमा ल्याएको सम्बन्धमा तत्काल हेर्दा व्यापारिक प्रयोजनका लागि ल्याएको देखिएकोले जफतको निर्णय गरी रजिष्टरमा व्यहोरा चढाई १ प्रति जफतको निस्सा सम्बन्धित यात्रुलाई दिई उक्त ईलेक्ट्रिक सिगरेट (Vapes) जफत गरिएको हो। उक्त ईलेक्ट्रिक सिगरेट (Vapes) जफत गर्ने क्रममा निज यात्रुको सुटकेश खोली परिमाण यकिन गर्ने काम सम्म भएको हो, सो बाहेक उक्त ईलेक्ट्रिक सिगरेट (Vapes) खोली, फुटाई अन्य परिक्षण गर्ने काम भएन। यसरी थप परिक्षण नगरिएकाले उक्त ईलेक्ट्रिक सिगरेट (Vapes) भित्र केहि अवैध मालबस्तु थियो, थिएन तत्काल थाहा हुन सकेन । मिति २०७९/०९/१० गते देखि मिति २०७९/१०/२९ गते सम्म उक्त जफत गरिएको ईलेक्ट्रिक सिगरेट (Vapes) प्रमुख भन्सार अधिकृतको कार्यकक्ष अगाडी राखिएको थियो। यसरी उक्त ईलेक्ट्रिक सिगरेट (Vapes) जफत गरि प्रमुख भन्सार अधिकृतको कार्यकक्ष अगाडी राखेको २/३ दिनमा भन्सार एजेन्ट खुवा प्रसाद न्यौपानेले यात्रु शाखामा आई मलाई भेटी उक्त मालबस्तु तोकिएको राजश्व बुझी जाँचपास गरि दिनु पऱ्यो भनी अनुरोध गरेका थिए, निजलाई मैले जफत भएको मालबस्तु जाँचपास हुन सक्दैन भनि पठाएको थिएँ। तत्पश्चात निजसँग थप कुरा भएन। सो को भोलिपल्ट आफूलाई श्यामसुन्दर साह भनि चिनाउने व्यक्ति समेत यात्रु शाखामा आई मलाइ भेटि उक्त ईलेक्ट्रिक सिगरेट (Vapes) जलविद्युत आयोजनामा काम गर्ने चिनियाँ कामदारको उपभोगको लागि ल्याएको हुँदा राजश्व दाखिला गरी जाँचपास गरि दिनु पऱ्यो भनि अनुरोध गरेकोमा मैले निजलाई समेत जफत भएको मालबस्तु जाँचपास हुन सक्दैन भनि पठाएको थिएँ । तत्पश्चात निज यात्रु शाखाबाट बाहिर निस्कि गएकोमा केहि समय पश्चात ९८५१००८१७१ नं. बाट मेरो मोबाईलमा समेत फोन गरी सोही कुरा दोहोऱ्याएकोमा मैले निजलाई जफत भएको मालबस्तु जाँचपास नहुने भनेको थिएँ। सोही बिषयमा आफूलाई राहुल महरा भनि चिनाउने व्यक्तिले ९८५११११८८८ नं. बाट मेरो ९८५७०३५२८२ नं. को मोबाईलमा फोन गरी जफत भएको उक्त ईलेक्ट्रिक सिगरेट (Vapes) को लिलामी प्रक्रिया के हो ? कसरी हुन्छ भनि सोधपुछ गरेकोमा मैले निजलाई जफत भएको मालबस्तु मुद्दा तथा लिलामी शाखामा पठाईने र नियमानुसार लिलाम हुने बस्तु भए बोलकबोल सूचना प्रकाशित भई लिलाम गरिन्छ, लिलाम नगरी नष्ट गर्ने चिजबस्तु भए नियमानुसार नष्ट गर्ने गरिन्छ, सो सम्बन्धमा सम्बन्धित शाखा मै बुझ्दा उचित हुन्छ भनि जानकारी गराएको थिएँ। चिनियाँ यात्रु Li Hansong बाट जफत गरिएको ईलेक्ट्रिक सिगरेट (Vapes) मैले मिति २०७९/१०/२९ गतेको पत्रसाथ मुद्दा शाखामा थप कानूनी कारवाहीको लागि पठाएको हुँ, यसरी पत्रसाथ मुद्दा शाखामा पठाएको

मालबस्तुको सुरक्षाको जिम्मेवारी सोही शाखाका कर्मचारीको हुन्छ । त्रि.वि. भन्सार कार्यालयलेयसरी जफत गरिएका ईलेक्ट्रिक सिगरेट (Vapes) लिलाम गरेको हालसम्म मेरो जानकारीमा छैन । जफत भएको उक्त ईलेक्ट्रिक सिगरेट (Vapes) लिलाम गर्न भनी मिति २०७९/११/२१ गते मुल्यांकन समितिको बैठक समेत बसी लिलाम गर्ने प्रयोजनका लागि मुल्यांकन समेत भएको भन्ने सम्बन्धमा मलाई केही थाहा जानकारी छैन । केही समय पश्चात निज राहुल महरा लगायतका ब्यक्तिहरुले उक्त सामान छुटाउन पटक पटक भन्सार कार्यालयमा आई उक्त सामान लिलाम गरी आफुलाई नै पारिदिने कुरा गरेको भन्ने त्रि.बि.भन्सार कार्यालयमा कार्यारत कर्मचारीहरुबाट सुनेको हो । चिनिया यात्रु Li Hansong बाट जफत भएको ईलेक्ट्रिक सिगरेट भित्र अबैध सुन राखी ल्याएको भन्ने कुराको जानकरी निजहरुलाई भएको हुन सक्ने भएको हुदा ईलेक्ट्रिक सिगरेट जस्तो सामान्य प्रकृतिको मालबस्तुलाई मुल्यावान मालबस्तु सरह महत्व दिइ छुटाउन भन्सार कार्यालयमा पटक पटक कुरा गरेको हुन सक्छ भन्ने ब्यहोराको मुक्ति प्रसाद श्रेष्ठले कागज ।

**ख) <u>अरुण पोखरेलले गरेको कागज:</u>**

म मिति २०७९/०५/२० गते देखि त्रि.वि. भन्सार कार्यालयको प्रमुख भन्सार प्रशासकको पदमा कार्यरत रहि आएको छु । मिति २०७९/०९/१० गते Fly Dubai को Flight number FZ0587 बाट नेपाल आएका चिनियाँ यात्रु Li Hansong ले दुई वटा सुटकेश भित्र ७३ बट्टामा रहेको ७३० थान ईलेक्ट्रिक सिगरेट (Vapes) जफत भइ मिति २०७९।१०।२९ गते मुद्दा तथा लिलाम शाखामा दाखिला भएको थियो । उक्त ईलेक्ट्रिक सिगरेट (Vapes) सो शाखामा दाखिला भए पछि नियमानुसार लिलाम वा नष्ट गर्ने प्रकृया अगाडी बढिरहेको अबस्थामा बिभिन्न ब्यक्तीहरु माल बस्तु लिलाम प्रकृया अगाडी बढाई दिई हामीलाई नै सकार गराईदिने बाताबरण बनाई दिनु भनि म लगायत कार्यालयका निमित्त प्रमुख बिष्णु प्रसाद पौडेललाई समेत भनेका थिए । सोही क्रममा कृष्ण बहादुर महराले निजको मोबाइलनं.९८५१२२४०५५ बाट फोन गरी मेरो छोरा राहुल महरा आउछ के रहेछ हेरीदिनु, सहयोग गरिदिनु भनि भनेका थिए । निज राहुल महराले मेरो मोबाईल न.९८४१२९५४१३ मा एस एम एस गरी म राहुल महरा हो भेटेर कुरा गर्नु छ भनि म्यासेज पठाएको थियो । म सँग पहिले चिनजान नभएको आफुलाई राहुल महरा भनि चिनाउने ब्यक्ती मेरो कार्यालयको कार्यकक्षमा आई भेटी सो ईलेक्ट्रिक सिगरेट (Vapes) को चाडो लिलाम गरी मेरो समुहलाई नै दिलाई दिनु भनेका थिए । निज पटक पटक गरी ६/७ पटक सोही बिषयलाई लिएर कार्यालयमा दवाब दिन आउने क्रममा एक दिन निज राहुल महरा तिन जना सहित सोही बिषयमा कुरा गर्न आउदा कुरा गुर्ने क्रममा नाम थर समेत थाहा नभएका अ.५५ बर्षको मोटो शरिर भएको उचाई ५.७ फिट भएको मंगोलियन जस्तो देखिने ब्यक्तीले जफत भएको माल बस्तु रहेको सुटकेश हेर्नको लागि अनुरोध गरेका थिए । सो पश्चात निजलाई गोदाममा रहेको माल बस्तु किन हेर्नु पर्यो, तपाईहरु पटक पटक किन यो कामको लागि आउनु भएको छ, सो सुटकेशमा कुनै शंकास्पद मालबस्तु रहेको छ कि यस्मा प्रहरीले समेत अनुसन्धान गर्ने कुरा रहेको छ भनि निजहरुको नियत बुझ्न भनि दिएको थिए । साथै यदि आयोजनाको लागि ईलेक्ट्रिक सिगरेट (Vapes) चाहिने भए बजारमा अरु पनि ईलेक्ट्रिक सिगरेट (Vapes) पाउन सकिने भन्दा निजले होईन यो जफत भएको ईलेक्ट्रिक सिगरेट (Vapes) नै चाहिन्छ भनि जवाफ समेत दिएको थिए । सो पश्चात कुनै खास ईलेक्ट्रिक सिगरेट (Vapes) को लागि उनीहरुको अत्यधिक चासो अस्वाभाविक लागेकोले सो मालबस्तुको सम्बन्धामा थप छानविन गर्ने क्रममा गोदाममा रहेको ईलेक्ट्रिक सिगरेट (Vapes) साटिएको अबस्थामा फेला पारी बिस्तृत अनुसन्धान गर्नु पर्ने देखिएकोले मैले तत्कालै प्रमुख

भन्सार प्रशासकको हैसियतले थप अनुसन्धान कारवाहीको लागि केन्द्रीय अनुसन्धान ब्यूरोमा पत्राचार समेत गरेको हुँ भन्ने ब्यहोराको अरुण पोखरेलको कागज।

ग) **श्याम सुन्दर शाहले गरेको कागज:**

मेरो घर कैलाली जिल्ला चुरे गा.पा. वडा नं.६ हो, हाल म काठमाडौं जिल्ला का.म.पा.वडा नं.१४ कुलेश्वर स्थितमा मेरो परिवार समेत भई कोठा भाडा लिई बसी आएको छौ। हाल मैले नेपाल उत्पादन भएको फ्रुटी, चाउचाउ, सिन्के धुप समेतका अन्य अडर अनुसारको सामानहरु केरुङको बाटो हुदै तिब्बतमा पठाउने काम गरि आएको छु। यसमा मलाई सोधिएको Li Hansong भन्ने चिनिया नागरिकलाई मैले चिनेको छैन। काम गर्ने क्रममा २०७६ सालको माघ महिनातिर म काठमाडौंको ज्याठा ठमेलमा जादा ठमेलमा नै कस्मेटिक सामानहरु भएको पसल संचालन गरि आएका Daojin wang भन्ने नेपाली बोल्ने चिनिया नागरिकसँग भेट भई निज Daojin wang ले चिनबाट चिकेन अचार, चाउमिनमा लगाउने सोयासस, चाईनिज चाउचाउहरु समेतका सामानहरु नेपालमा ल्याउने गरेको छु भनेको र मेरो पनि त्यस विषयमा चासो भएकोले निज Daojin wang सँग मेरो चिनजान भई निज र मेरो फोन नं. समेत आदान प्रदान भई कुराकानी समेत भई आएको थियो। पछिल्लो समयमा निजले उक्त कस्मेटिक पसल छोडी काठमाडौं सितापाईला स्थितमा घर भाडा लिई बसी आएका थिए। यसरी चिनजान भए पछि निज Daojin wang बस्ने सितापाईला स्थित भएको घरमा समेत म बेला बखत गई निज Daojin wang सँग भेटघाट भई आएको थियो। यसरी नै मिति २०७९।०९।११ गते बिहान निज Daojin wang ले निजको मोबाईल नं. ९८०१०९९९९८ नं.बाट मेरो मोबाईल नं. ९८५१००८१७१ मा कल गरी निज बस्ने सितापाईला स्थित घरमा बोलाई मेरो साथीले हाइड्रोपावरमा कामगर्ने चिनियाहरुको लागि लिएर आएको ईलेक्ट्रिक सिगरेट (Vapes) त्रिभुवन बिमानस्थल एयरपोर्टमा रोकेको छ, के कति कारणले रोकेको हो, मिलाएर भन्सार तिरेर लिएर आउनु भने पछि सोही दिनको ११:०० बजेतिर म एयरपोर्टमा पुगेको थिए। एयरपोर्ट गए पछि एयरपोर्टको पार्किङमा Daojin wang, Daojin wang को ड्राईभर लोकेन्द्र पौडेल र हाल थाहा भएको Li Hansong समेत ३ जना बा.१७ च. ७५१८ नं.को Duster गाडीमा आई मलाई भेटी मिति २०७९।०९।१० गते जफत भएको ईलेक्ट्रिक सिगरेट (Vapes) को भर्पाई रसिद मलाई दिएको थिए। उक्त रसिद लिएर म प्रमुख भन्सार अधिकृत मुक्ती प्रसाद श्रेष्ठलाई भेट गरी जफत भएको ईलेक्ट्रिक सिगरेट (Vapes) नियमानुसार भन्सार तिरेर दिन मिल्ने भए दिनु पर्यो, हाईड्रोपावरमा काम गर्ने चिनियाहरुको प्रयोगको लागि लिएर आएको हो भनि अनुरोध गर्दा निज मुक्ती प्रसाद श्रेष्ठले उक्त ईलेक्ट्रिक सिगरेट (Vapes) जफत भई सकेको छ, भन्सार तिरेर वा अन्य कुनै तरिकाबाट पनि दिन मिल्दैन बरु Li Hansong को पासपोर्ट छ लगि दिनुहोस् भनेकोले मैले उक्त पासपोर्ट लिई म फर्केर पार्कीङमा गई मुक्ति प्रसाद श्रेष्ठले सामान छोडन मिल्दैन भनेको कुरा मैले निजहरुलाई जस्ताको तस्तै भनि मलाई दिएको भर्पाई रसिद र Li Hansong को पासपोर्ट Daojin wang लाई फिर्ता दिएको हो। त्यस पछि हामी छुटिएर आफ्नो आफ्नो काममा गएका थियौ। त्यस पछि निज Daojin wang ले नै मलाई फोन गरी प्रमुख भन्सार अधिकृत मुक्ति प्रसाद श्रेष्ठको मोबाईल नं. मलाई उपलब्ध गराई एक चोटी फोन गरेर बुझ भनेकोले मैले भोलि पल्ट वा पर्सी पल्ट प्रमुख भन्सार अधिकृत मुक्ति प्रसाद श्रेष्ठलाई फोन गरी उक्त ईलेक्ट्रिक सिगरेट भन्सार तिरेर छोडन मिल्छ भने मिलाई दिनु भनि पुन अनुरोध गर्दा निज मुक्ति प्रसाद श्रेष्ठले जफत भई सकेको सामान भएकोले भन्सार तिरेर दिन मिल्दैन, यसको पछाडी नलाग्नुहोस भने पछी मैले निज मुक्ति प्रसाद श्रेष्ठलाई फोन सम्पर्क तथा भेटघाट समेत गरेको भएको छैन

। मिति २०७९।०९।१० गते जफत भएको ईलेक्ट्रिक सिगरेट (Vapes) को बारेमा बुझि दिनु भनि Daojin wang ले मलाई पटक पटक अनुरोध गर्दा पनि मैले सो कुरामा चासो दिईन । निजले उक्त सामान ईलेक्ट्रिक सिगरेट (Vapes) भएको कुरा मलाई जानकारी गराएको थियो, अन्य के थियो सो समयमा मलाई थाहा थिएन। पछि मात्रै उक्त ईलेक्ट्रिक सिगरेट (Vapes) मा अवैध सुन लुकाई छिपाई नेपाल ल्याएको भन्ने कुरा मलाई थाहा हुन आएको हो । निज Daojin wang ले मलाई बिगत एक बर्ष अगाडी देखि ईलेक्ट्रिक सिगरेट (Vapes), गाडीको ब्रेक सु, स्मार्ट घडी, हाईड्रोमा प्रयोग हुने भनेको मेसिन समेतका सामानहरु हङकङबाट आउछ, आए पछि तपाईलाई एयरपोर्ट अगाडी रहेको Mount Everest Traders बाट कल गर्छ, कल गरे पछि उक्त सामानहरु Receive गरी म कहाँ ल्याई दिनु भनेकोले सोही बमोजिम हङकङबाट माथि उल्लेखित सामानहरु Mount Everest Traders को नाममा आए पछि Mount Everest Traders ले भन्सारको सम्पुर्ण प्रकृया मिलाई सकेर मलाई सम्पर्क गर्ने गरी ड्राईभरलाई मेरो मोबाईल नं. दिएर पठाए पछि उक्त गाडीको ड्राईभरले मलाई सम्पर्क गरेर के कहाँ ल्याई दिनु भनि फोन गरे पछि मैले Daojin wang बस्ने घर सितापाईलामा पुर्याई दिनु भनि लोकेसन दिने गरेको र म आफैले पनि दुई/तीन पटक निज Daojin wang बस्ने घरमा पुर्याई दिएको छु । उक्त सामानहरु आयात गरे वापतको भन्सारमा लाग्ने शुल्क रकम कैले मैले, कहिले Daojin wang समेतले Mount Everest Traders लाई पुर्याई दिने गरेको हो । निजले बिभिन्न सामानहरुमा सुन लुकाई छिपाई नेपाल ल्याउने गरेको कुरा हाल मलाई थाहा भयो, यस कसूरमा संलग्न ब्यक्तिहरुलाई कानून बमोजिम कारबाही होस भन्ने ब्यहोराको श्याम सुन्दर शाहको कागज।

**घ) <u>लोकेन्द्र कुमार पौडेलले गरेको कागजः-</u>**

मेरो मामाको छोरा नातामा दाई पर्ने चित्र बहादुर खड्का चिनिया दुतावासमा काम गर्ने भएकोले आज भन्दा करिव १५ बर्ष अगाडी तिर निज दाई मार्फत नक्साल स्थित Daojin wang बस्ने घरमा पालेको काम गरेको थिए। Daojin wang को घरमा ६/७ बर्ष जति काम गरे पछि ३/४ बर्षको लागि सर्लाही जिल्ला मलंगवामा रहेको चिनिया नागरिकको लगानीमा दाई चित्र बहादुर खड्काले संचालन गरेको मासु फ्याक्ट्रीमा काम गर्न गएको थिए। मलंगवामा काम गर्दा मैले गाडी चलाउने काम सिकि लाईसेन्स निकाले पछि Daojin wang ले मलाई फोन गरी मेरो गाडी चलाउन आउ भनि मलाई बोलाए पछि म काठमाडौ आई ५/६ बर्ष अगाडी देखी निज Daojin wang चढने गाडि चलाई आएको छु। मैले चलाउदै आएको बा.१७ प.७५१८ नं.को Duster गाडी जिवन गुरुङको नाममा दर्ता रहेको छ । उक्त गाडी Daojin wang ले सँबै पैसा आफैले हालेर जिवन गुरुङको नाममा खरिद गरेको भनेका थिए । मलाई Daojin wang ले निज बस्ने घरमा नै एउटा बस्ने सुत्ने कोठा समेत उपलब्ध गराउदै आएको छ। Daojin wang ले मलाई बिहान वेलुका खाना खान दिएर मैले गाडी चलाए बापत महिनाको नेपाली रु.३०,०००।– (तीस हजार) दिने गरेको थियो। म Daojin wang को गाडी चलाउन काठमाडौ आउदा निज स्वयम्भु ठुलो भर्याङग स्थित नाम्गेल चोकमा घर भाडा लिएर बसि आएका थिए। Daojin wang २ बर्ष अगाडी देखी हाल सम्म काठमाडौं सितापाईला स्थितमा घर कोठा लिई बसी आएका छन। Daojin wang निजको श्रीमतीसँग साथमा बस्ने गरेकोमा निजको श्रीमती अ.डेढ बर्ष अघि नै चीन गएकी हुन्। अ.३/४ महिना अगाडी देखी Daojin wang चीन गए पछि फर्केर आएको छैन। निज चढने गाडी पनि गाडी धनी जिवन गुरुङले लगि सकेका छन । Daojin wang ले ठमेल स्थितमा एभरेष्ट जडिबुटी नामको पसल संचालन गरी आएको थियो, कोरोना आए पछि उक्त पसल पनि हाल सम्म पनि बन्द रहेको छ।

Daojin wang ले काठमाडौंमा भएका सप्लायर्सहरुले अडर गरे अनुसारको चियापति, चाउमिनमा लगाउने सोयासस, चिकेन अचार समेतका चिजवस्तुहरु चीनबाट केरुङ भन्सार हुदै नेपाल आयात गरी सप्लायर्सहरुलाई उपलब्ध गराउदै आएको थियो। Daojin wang ले भने अनुसार मैले गाडी चलाई जाने गरेको थिए। यसमा मलाई सोधिएका Li Hansong र Asin भन्ने Yongxin Peng समेत लाई चिन्छु। निजहरु Daojin wang बस्ने सितापाईला स्थितमा भएको घरमा कहिलेकाही आउने गरेको र Daojin wang पनि Asin भन्ने Yongxin Peng बस्ने गरेको बुढानिलकण्ठ स्थित घरमा बेलाबखत जादा Asin भन्ने Yongxin Peng, श्याम भन्ने Jingchuan Zhong, Lingfeng Peng र अर्को नचिनेको एक चाईनिज समेत बस्ने गरेको देखेको हो। Li Hansong पनि Asin भन्ने Yongxin Peng बस्ने गरेको बुढानिलकण्ठ स्थितघरमा बस्ने गरेका थिए। कहिले काही Daojin wang भने अनुसार मैले Li Hansong लाई बिभिन्न स्थानहरुबाट बुढानिलकण्ठ स्थित निजहरु बस्ने घरमा पुर्याई दिने गरेको थिए। करिव १ बर्ष अगाडी मेरो साहुजी Daojin wang ले भने अनुसार Li Hansong र Yongxin Peng लाई त्रिभुवन अन्तराष्ट्रिय बिमानस्थलबाट ठमेल स्थितमा छाँया सेन्टर नजिकको WALDO होटलमा पुर्याई दिएको छु। Li Hansong, Yongxin Peng र Daojin wang लगायतका चाईनिजहरु भेटमा गोप्यरुपमा के कुरा गर्थे मलाई थाहा हुदैन्थ्यो, मलाई बाहिर नै बस्न भन्थे, निजहरुले ढोका बन्द गरी कुराकानी गर्थे। यसरी नै मिति २०७९।०९।११ गते बिहान Daojin wang ले एयरपोर्ट जानु पर्छ, एयरपोर्टमा मेरो साथी Li Hansong ले लिएर आएको ईलेक्ट्रिक सिगरेट (Vapes) भन्सारमा रोकेको छ भने पछी Daojin wang ले भने अनुसार हामी दुबै जना एयरपोर्ट गएको थियौ। एयरपोर्टको पार्किङमा गाडी पार्क गरे पछि सोही स्थानमा Li Hansong पनि रातो कोराला कारमा र श्याम सुन्दर शाह स्कुटरमा आएका थिए। श्याम सुन्दर शाह र Daojin wang भेट भई दुई जना एक छिन कुराकानी गरे पछि श्याम सुन्दर शाह एक्लै एयरपोर्ट भित्र गएका थिए। श्याम सुन्दर शाह केही वेर पछि फर्केर आए पछि काम भएन भनि Li Hansong को पासपोर्ट ल्याई निज Li Hansong लाई फिर्ता दिएका थिए। त्यस पछि म र Daojin wang घरतिर गएको थियौ। २०७९ सालको चैत्र महिनातिर Daojin wang ले मलाई बारम्बार Wechat मार्फत कल गरी भन्सारमा रोकेर राखेर ईलेक्ट्रिक सिगरेट (Vapes) लिलाम गरेको छ छैन बुझ्नु भनेकोले म २ दुई पटक एयरपोर्ट गई मुद्दा तथा लिलामी शाखाको सूचना बोर्डमा हेर्दा लिलाम भएको नदेखी फर्की आई लिलाम नभएको कुरा Daojin wang लाई जानकारी गराएको थिए। Daojin wang ले मेरो मोबाईल नं.९८१३०२४१४८ Asin भन्ने निज Yongxin Peng लाई दिएका रहेछन, निज Yongxin Peng ले ९८२८८१४०५३ बाट मलाई पटक पटक फोन गरी उक्त ईलेक्ट्रिक सिगरेट (Vapes) को बारेमा भन्सारमा के हुदैछ बुझ्नु भन्ने गरेका थिए। २०७९ सालको चैत्र महिनातिर एक दिन Daojin wang ले मलाई एयरपोर्ट जाउ भने पछि मैले गाडि चलाई Daojin wang लाई त्रि.वि. भन्सार कार्यालय लगि गएको हो, पार्किङमा पुगे पछी Asin भन्ने निज Yongxin Peng र नेपाली बोल्ने तिब्बियन जस्तो देखिने एक जना ब्यक्ति रातो रंगको कोराला गाडीमा आएका थिए। भन्सारको पार्कीङमा निज Yongxin Peng समेत र Daojin wang एकछिन कुराकानी गरेर Daojin wang ले हाल यस मुद्दामा पक्राउ परेका राहुल महरालाई फोन गरी एयरपोर्टमा बोलाए पछि निज राहुल महरा समेत एयरपोर्ट आए पछि, Daojin wang र Asin भन्ने निज Yongxin Peng भन्सारको भुई तलामा बसे म, राहुल महरा र नेपाली बोल्ने तिब्बियन जस्तो देखिने ब्यक्ति समेत हामी ३ तीन जना भई त्रिभुवन अन्तराष्ट्रीय बिमानस्थल भन्सार कार्यालयका कार्यालय प्रमुख अरुण पोखरेलसँग बुझ्नको

लागि निजको कार्य कक्षमा गएका थियौ । अरुण पोखरेललाई निजको कार्यकक्षमा भेटे पछि जफत भएको ईलेक्ट्रिक सिगरेट (Vapes) को बारेमा के कसरी छुटाउने भनि अरुण पोखरेलसँग राहुल महरा र नेपाली बोल्ने तिब्बियन जस्तो देखिने ब्यक्तीले कुराकानी गरेका हुन । यसै क्रममा नेपाली बोल्ने तिब्बियन जस्तो देखिने ब्यक्तीले जफत भएको हाम्रो सामान कहाँ छ एक पटक हेरौ सामान त्यही नै छकि छैन् भन्दा भन्सार कार्यालयका कार्यालय प्रमुख अरुण पोखरेलले यो सामान तपाईहरुलाई किन चाहियो, यसमा के छर यति सारो मरिहत्ये गरेको, उक्त सामान चेकजाँचको लागि गएको छ, हेर्न मिल्दैन र जफत भई सकेको बस्तु दिन मिल्दैन भने पछी हामी तिनै जना त्यहाँबाट फर्किएका हौ । भुई तलामा रहेका Daojin wang र Asin भन्ने निज Yongxin Peng लाई सामान चेकजाँचको लागि गएको छ पछि काम हुन्छ भनि राहुल महरा र तिब्बियन जस्तो देखिने ब्यक्तिले भने पछी हामी त्यहाँ बाट छुटिएर आ-आफ्नोतिर गएका हौं । त्यस बेला सम्म उक्त ईलेक्ट्रिक सिगरेट (Vapes) भित्र सुन छ भन्ने कुरा मलाई कसैले नभनेको मलाई थाहा थिएन्, ईलेक्ट्रिक सिगरेट (Vapes) भित्र सुन भएको कुरा Daojin wang, Asin भन्ने निज Yongxin Peng, राहुल महरा र नेपाली बोल्ने तिब्बियन जस्तो देखिने ब्यक्ती लगायतका ब्यक्तिहरुलाई थाहा भएको हुनु पर्छ । पछि Media मा उल्लेखित ईलेक्ट्रिक सिगरेट (Vapes) भित्र अबैधरुपमा नेपालमा भित्राएको सुन भएको कुरा जानकारीमा आए पछि मात्र उक्त ईलेक्ट्रिक सिगरेट (Vapes) मा सुन लुकाएर ल्याएको अबैध भएको थाहा भएको हो । त्यस बेलामा उक्त ईलेक्ट्रिक सिगरेट (Vapes) मा अबैधरुपमा सुन लुकाएर ल्याएको छ भनेर Daojin wang ले मलाई भनेका थिएन । यसमा मेरो कुनै संलग्नता छैन । मलाई देखाईएका राहदानी नं.EJ6632698 भएको Lingfeng Peng, राहदानी नं.EJ5053396 भएको Jingchuan Zhong र राहदानी नं. E67619450 भएको निज Yongxin Peng समेतका राहदानीहरुको नक्कल तथा फोटोहरु र निज ब्यक्तिहरुका फोटोहरु देखाउदा देखि हेरी चिनी सनाखत गरि दिए, यस कसूरमा संलग्न ब्यक्तिहरुलाई कानून बमोजिम कारबाही होस भन्ने ब्यहोराको लोकेन्द्र कुमार पौडेलको कागज ।

ङ) **कृष्ण बहादुर गुरुङले गरेको कागज:**

म सिंगापुर पुलिसबाट सेवानिबृत्त भएको २० बर्ष भयो । २६ बर्ष सिंगापुर पुलिसमा सेवा गरें । हाल काठमाण्डौ बुढानिलकण्ठ नगरपालिका वडा नं.३ रुद्रेश्वर मार्गमा घर बनाएको छु । म छुट्टै ठाउमा बस्दै आएकोले बुढानिलकण्ठको घर खाली थियो । सन् २०२२ को जुलाई १० मा नेपाली बोल्ने चिनीया नागरिक सम्पर्क नं.९८०१०९९९९८ भएका मिष्टर वाङ (WANG DAOJIN) र उनको सहयोगी चाईजिन ईन्टरप्रेटर नरेश लामाले मलाइ भेटी हामी हाईड्रोमा काम गर्ने मानिस हो सामानहरु चिनबाट ल्याएर नेपाल र भारतमा सामान बितरण गर्ने काम हो । निज चीनिया नागरिकले नेपालमा बसेको १० बर्ष भयो भनी बिश्वास दिलाए । नेपाली भाषा पनि बोल्ने भएकोले बिश्वास पनि लाग्यो । तिम्रो डकुमेण्ट के छ भनी सोध्दा म्याद भएको निज DAOJIN WANG को राहदानी पनि देखायो । पुरै घर कम्पाउण्ड नेपाली रु.१,८०,०००/- (एक लाख असी हजार) मासिक भाडा तय गरी सन् २०२२ को जुलाई १० देखि बस्छु भनी घर जिम्मा लिएको हो । सोही बेलामा निजहरुले ६ महिनाको भाडा वापत रु.१०,८०,०००/- (दश लाख असी हजार) मलाई दिएको थियो । कोठाभाडा सम्बन्धी कागजपत्र लिखितरुपमा भएन मौखिक सहमति मात्र भयो । घरकोठाको भाडा दिने/तिर्ने जिम्मा चिनिया नागरिक Aasin भन्ने YONGXIN PENG ले लिएका थिए । त्यस बेला घर भाडामा बस्ने बढीमा ४ जना मानिस हुन्छ भनेका थिए, शुरुमा Aasin भन्ने YONGXIN PENG, श्याम भन्ने ZHONG

JINGCHUAN, LINGFENG PENG र FENGCHENG LIN समेत ४ जना भाडामा बसेका थिए। कुराकानीको क्रममा DAOJIN WANG लाई Aasin भन्ने YONGXIN PENG र श्याम भन्ने ZHONG JING CHUAN बोस हो भनेका थिए। निजहरु घर भाडामा बस्न शुरु गरेको २/३ दिन पछि ३ जना केटा र १ जना केटी ईन्डियनहरु पनि ल्याएर आए सो बेलामा मैले मिष्टर वाङ WANG DAOJIN लाई फोन गरेर ४ जना मानिस राख्छु भनेको किन थप मानिस लिएर आएको भनी सोध्दा २/४ दिन मात्र हो यिनिहरु बस्दैनन गैहाल्छन भनेका थिए। मैले पनि ठिकै छ नित २/४ दिन मात्र बस्छ भने केही हुदैन भनेर मैले केही भनिन। निज भारतीय नागरिकहरु करिव १०/१२ दिन जति बसेर गएका थिए, निजहरु फेरी फर्केर आएनन। मेरो घरमा कोठा भाडामा बस्दा निज चिनियाहरुले प्रायजसो गेटको ढोका बन्द गरेर बस्ने गरेका थिए। ६ (छ) महिनाको लागि भाडा दिई गएकोमा जनवरी २०२३ मा चाईनिजहरु नयाबर्ष मनाउन चीन तर्फ गए सो बेलामा घरको ढोकाको ताला लगाएर चाबी आफै लिएर गएका थिए । घर भाडा को सम्पुर्ण जिम्मा Aasin भन्ने YONGXIN PENG ले लिएको कारणले जनवरी महिनामा मैले भाडा लगाएको घरमा जादा Aasin भन्ने YONGXIN PENG घरमा नभएको भने पछी मैले मिस्टर वाङलाई फोन गर्दा मलाई भेट्न आउनु म सितपाईला बस्छु भन्यो । म खोज्दै उसको घरमा पुग्दा चिनिया नागरिक Asin भन्ने YONGXIN PENG दुबई तिर गएका छन उनी आएपछी घरको भाडा दिन्छन भन्यो। यसै क्रममा केही दिन पछी चिनिया नागरिक Asin भन्ने YONGXIN PENG काठमाण्डौ आयो। उनीहरु आउदा भाडामा दिएको उक्त घरमा चोरी भएछ। उ आउदा चोरी भएको थाहा पाएछ र मलाई बोलायो। मैले बूलानिलकण्ठ प्रहरीमा खवर गरें २ जना प्रहरी आई चेकजाँच गरी गयो। सो बेलामा जुत्ता लगाएतका सामान्य चिजबस्तुहरु मात्र चोरिएको हुँदा थप प्रहरीमा रिपोर्ट नगर्ने कुरा गर्यो। त्यसपछि सन् २०२३ को अप्रिल महिनामा चिनिया नागरिक Asin भन्ने YONGXIN PENG चाईना जान्छु भनी गयो। बाँकि रहेको भाडा पनि दियो। सो बेलामा कोठा छोड्ने भए अरु मानिस खोज्छु भन्दा म चाईनाबाट फर्केपछि मेरो सामान लैजान्छु अनि कोठा खालि गरौला भन्यो। सन् २०२३ को जुन महिनाको १२ तारेखमा चिनिया नागरिक Asian भन्ने YONGXIN PENG आएर सामान लिई गयो र घर खालि गर्यो। सो बेलामा मेरो मालिक बिरामी भई चाईनामा छ उसले काम गर्न सकेन भने म एक्लै काम गर्न सक्दिन भनेको थियो। घर खालि गरेर गए पछी म मेरो घर सफा गर्न भनी जादा कार्टुन बोरामा ब्रेक प्याड भएको कार्टुनहरु, फलामका मेसीनरी पार्टजस्तो देखिने पार्टपुर्जाहरु समेत सामानहरु छोडी राखेकोले उक्त सामानहरु मैले सोही घरको स्टोरमा लगि राखेको थिए। उक्त सामानहरु हाल प्रहरीले बरामद गरी लगि सकेको छ। चाईनिज नागरिकहरु हाल के कहाँ छन मलाई थाहा छैन । अहिले कोठामा कोही बस्दैनन । यसमा मलाई देखाईएको पासपोर्ट नं. E67619450 भएको Aasin भन्ने YONGXIN PENG, पासपोर्ट नं. EJ5053396 श्याम भन्ने JINGCHUAN ZHONG, पासोर्ट नं. EJ6632698 भएका LINGFENG PENG र पासपोर्ट नं.EJ5661699 भएका FENGCHENG LIN पासपोर्टमा भएको फोटो हेर्दा निजहरु नै मेरो घरमा भाडामा बसेका हुन्, फरक छैन, निजहरुको फोटोलाई मैले हेरि चिने । भारतीय नागरिक SUNNY भन्ने ब्यक्तीले वाईफाई जोडनु पर्यो, वाईफाईको अफिस कहाँ छ भनेर सोधेकोले मैल निजलाई चपली स्थितमा भएको VIANET को अफिस देखाई दिएको थिए। निज SUNNY ले VIANET चाईनिज नागरिक Asin भन्ने YONGXIN PENG को नाममा जडान गरेको हाल थाहा भएको छ । चाईनिज नागरिक DAOJIN WANG, Asin भन्ने YONGXIN PENG समेतका ब्यक्तिहरुले संगठीत भई बिदेशबाट अबैधरुपमा

बिभिन्न माध्यमबाट नेपालमा सुन भित्राई भन्सार चोरी पैठारी समेत कसूर अपराध गरेको थाहा भएकोले प्रस्तुत कसूर कार्यमा संलग्न ब्यक्तिहरुलाई कानुन बमोजिम कारबाही होस भन्ने ब्यहोराको कृष्ण बहादुर गुरुङको कागज।

च) **नरेश तामाङको कागज:**

म र मेरो श्रीमतीले २०७६/२०७७ देखी काठमाडौं टोखा स्थितमा सिलाई बुनाई तथा बुटिक पसल संचालन गरी आएको छौं, त्यसको अलावा मैले काठमाडौं उपत्यका भित्र कसैलाई बस्नको लागि घर कोठा चाहिएमा खोजि दिने काम गरी आएको छु। खाली घर कोठा खोजि दिने काम गरी आएका बिभिन्न साथीहरु मार्फत बिभिन्न स्थानहरुमा खाली घर तथा कोठाहरु भएको मलाई जानकारी प्राप्त भए पछि मैले we chat एप मार्फत उल्लेखित घर कोठाहरु कसैलाई चाहिएमा मलाई सम्पर्क गर्नु होला भनि सम्पर्क नं. समेत उल्लेख गरि पोष्ट गरी बिज्ञापन गर्ने गरी आएको छु। यसरी नै एक वर्ष अगाडी तिर Daojin wang ले मलाई फोन गरी बस्नको लागि घर चाहिएको छ भनि कुरा गरेको हुदा निजलाई के कुन कामको लागि कुन ठाउमा चाहिएको हो भन्दा पहिले मलाई घर देखाउनु भनेकोले मैले निज Daojin wang लाई खालि घर, कोठाहरु खोजी साथीहरु मार्फत बालुवाटार, धापासी, चुनदेवी र बुढानिलकण्ठ एरियाका खाली घरहरु देखाएको थिए। यसरी बस्नको लागि खाली घर कोठाहरु देखाउदा निज Daojin wang सँग निजको श्रीमती र Asin भन्ने Yongxin Peng समेत दुई जना चिनियाहरु समेत लिएर आउने गरेका थिए। यसरी खाली घर कोठा देखाउने क्रममा बुढानिलकण्ठ रुद्रेश्वर एरियामा भएका राम थापा (९८१३४०८५२९) मार्फत Daojin wang लाई कृष्ण बहादुर गुरुङको घर देखाई Daojin wang को कृष्ण बहादुर गुरुङसँग भेटघाट कुराकानी गराई दिएको थिएँ। सो समयमा Daojin wang सँग Asin भन्ने Yongxin Peng समेतका अन्य ३/४ जना जति अन्य चाईनिजहरु पनि आएका थिए। त्यस पछि Daojin wang समेतले उक्त घरको भित्र बाहिर सवै हेरेर उक्त घरको मासिक रु.१,८०,०००।– (एक लाख असी हजार) भाडा लिने दिने मौखिक सहमती भई सोही बेला नै छ महिनाको एक मुष्ट घर भाडाको लेनदेन भएको थियो। निज Daojin wang ले कृष्ण बहादुर गुरुङसँग कुराकानी गर्ने क्रममा निज Daojin wang ले आफु नेपालमा बसेको धैरै बर्ष भएको र ठुला ठुला हाईड्रो पावरको सामानहरु नेपालमा आयात गर्ने काम गरी आएको छु भनि बताएका थिए। Daojin wang लाई उक्त घर देखाई दिए वापत घर बेटी कृष्ण बहादुर गुरुङबाट एक महिनाको घर भाडा बराबरको रकम रु.१,८०,०००।– (एक लाख असी हजार) म र राम थापा समेत दुई जनाले लिएर हामी आ-आफ्नो बाटो लागेको हो। मैले Daojin wang ले भने बमोजिमका खाली घर कोठाहरु खोजी उपलब्ध गराई दिएको साचो हो, सोही घरकोठा खोजीदिने क्रममा निज Daojin wang सँग फोनमा कुराकानी भएको हो। त्यस पछि Asin भन्ने Yongxin Peng ले अर्को राम्रो घर चाहिएको छ भनि मलाई पटक पटक फोन गर्ने गरेकोले मैले बिभिन्न स्थानहरुमा घर खोजी निज Asin भन्ने Yongxin Peng लाई फोनगरी बोलाई घर देखाएको थिएँ तर निजले बिभिन्न बाहाना बनाई बस्नको लागि घर भाडामा लिएनन्। हाल नाम थाहा हुन आएका मलाई देखाईएका फोटोहरुमा भएका Asin भन्ने Yongxin Peng, Lingfeng Peng र Zhong Jingchuan समेत Daojin wang सँग आई कृष्ण बहादुर गुरुङको घरमा भाडामा बसेका हुन। मिति २०७९।०९।१० गते त्रिभुवन अन्तराष्ट्रीय बिमानस्थलमा जफत भएको ईलेक्ट्रिक सिगरेट (Vapes) छुटाउनको लागि निज प्रतिवादी Daojin wang ले त्यहाँका कर्मचारीहरुलाई दवाव दिएको भन्ने कुरा समेत सुनि थाहा पाएको छु। Daojin wang, Asin भन्ने Yongxin Peng, Lingfeng Peng र

Zhong Jingchuan समेतका ब्यक्तिहरुले ईलेक्ट्रिक सिगरेट (Vapes), Break pad, Smart watch, Shaver, Electric equipment तथा Machine हरुमा समेत सुन लुकाई छिपाई तस्करी गरी अवैधरुपमा सुन नेपाल भित्राई भन्सार चोरी पैठारी गरेको कुरा हाल म पक्राउ परि प्रहरी हिरासतमा आए पछी थाहा हुन आएको हो । यसरी अवैधरुपमा सुन तस्करी गरी नेपाल भित्राउने काम गर्ने प्रतिवादीहरु Daojin wang, Asin भन्ने Yongxin Peng समेतलाई मैले घर कोठा खोजी दिई उपलब्ध गराई दिएकोले अनुसन्धानको सिलसिलामा राजस्व अनुसन्धान विभागको पत्र समेतको जाहेरीले अबैध सुन पैठारी तथा संगठित अपराध निवारण ऐन २०७०, सम्बन्धी कसूर मुद्दामा म समेत पक्राउ परि आई थुनामा रहेको छु । Daojin wang समेतका प्रतिवादीहरु संगठितरुपमा एक आपसमा मिलेर अवैधरुपमा सुन तस्करी गरी नेपाल ल्याई, भित्राई भन्सार चोरी पैठारी गरी आएको देखिदा निज प्रतिवादीहरुलाई कानून बमोजिम कारबाही होस भन्ने ब्यहोराको नरेश तामाङको कागज ।

छ) **फिन्जुम शेर्पाले गरेको कागजः**

हाल मेरो परिवार नै काठमाडौं जिल्ला का.म.न.पा.वडा नं.६ बौद्धमा बसी आएका छौ । मेरो काठमाडौं जिल्ला नागार्जुन न.पा. वडा नं.४ सीतापाईला स्थितमा दुई रोपनी एघार आनामा बनेको साढे दुई तलाको पक्की घर छ । उक्त घरमा DAOJIN WANG २०७८ सालको असोज महिना देखी प्रत्येक महिनाको तीन लाख घर भाडा दिने शर्तमा लिखित कागज समेत बनाई शुरुमा तीन महिनाको एकमुष्ट रु.९ लाख दिएर बसी आएका थिए । शुरुमा मलाई निज DAOJIN WANG ले रसुवा जिल्लामा हाईड्रो पावरको काम गरी आएको छु त्यसैको लागि मलाई काठमाडौंमा बस्न घर भाडा चाहियो भनेका थिए । शुरुमा निज DAOJIN WANG, निजको श्रीमती सगै बसी आएका थिए र निजको ड्राईभर हाल नाम थाहा भएको लोकेन्द्र कुमार पौडेल घर बाहिर पट्टी बनाएको कोठामा बसी आएका थिए । शुरु तीन महिनाको घर भाडा दिए पछि त्यस पछिका घर भाडाको पैसा दिएका छैनन् । निजलाई घर भाडा माग्दा दिन्छु भन्ने, कहिले जण्डिसको बिरामी छु हस्पिटलमा छु भन्ने गरेकोले एक पटक मेडिसिटी अस्पताल ललितपुरमा गई हेर्दा निजलाइ उपचारार्थ अबस्थामा भेटेको थिए । त्यस पछी निजले थप उपचारको लागि बैंकक जान्छु भनेका थिए । DAOJIN WANG लाई फोन गर्दा फोन रिसिभ नगरे पछि निजको ड्राईभर लोकेन्द्र कुमार पौडेललाई फोन गरी DAOJIN WANG के कहाँ भनि सोध्ने गरेको थिए । आज भन्दा करिव ६/७ महिना अगाडी तिर म DAOJIN WANG लाई सितापाईलामा भेटन जादा निजले उपचारको लागि चीन जान्छु भनेका थिए, त्यस पछि निजसँग मेरो भेटघाट भएको छैन, निज DAOJIN WANG सँग भेट नभए पछि मैले लोकेन्द्र कुमार पौडेल फोन गर्दा उपचारको लागि चीन गएका छन भनेका थिए । करिव एक हप्ता अगाडी मात्रै लोकेन्द्र कुमार पौडेलले मलाई फोन गरी अव मेरो साहु DAOJIN WANG आउदैन जस्तो छ, घरको चाबी लैजानुहोस्, मैले पनि काम गरी खानु पर्यो भनि फोन गरी बोलाए पछि घरको सबै चाबी लिएर आएको छु । हाल उक्त घरमा मान्छे बसेका छैन, खालि छ । DAOJIN WANG लाई सितापाईलामा भेटन जादा आफ्नो परिवार मात्रै बसी आएको देखेको हो, निजको अन्य के कस्ता ब्यक्तिहरुसँग सम्पर्क थियो मलाई थाहा छैन । DAOJIN WANG समेतका ब्यक्तिहरुले संगठीत भई बिदेशबाट अबैधरुपमा बिभिन्न माध्यमबाट नेपालमा सुन भित्राई भन्सार चोरी पैठारी समेत गरेको कुरा Media पत्रपत्रिका समेतमा सार्वजनिक भए पछि थाहा भएको हो । प्रस्तुत कसूर कार्यमा संलग्न DAOJIN WANG समेतका ब्यक्तिहरुलाई कानुन बमोजिम कारबाही होस भन्ने ब्यहोराको फिन्जुम शेर्पाको कागज ।

**ज) किशोर बस्नेतले गरेको कागज:**

बिगत १४ बर्ष अगाडी देखी म यार्सागुम्बा, गुची च्याउ र रातो च्याउ समेतका जडिबुटीहरु नेपालको डोल्पा, हुम्ला जुम्ला समेतका जिल्लाहरुबाट खरिद गरी ल्याई ठमेलमा चाईनिजहरुलाई कमिसन बेसमा बिक्री वितरण गर्ने काम गर्दै आईरहेको छु, हाल म राजस्व अनुसन्धान बिभागको पत्र जाहेरीले बादी नेपाल सरकार प्रतिवादी म समेत भएको सुनको अवैध कारोवार र संगठित मुद्दामा पक्राउ परी आएको छु। मैले जडिबुट्टिको काम गर्ने सिलसिलामा म सगै हाल पक्राउमा परि आएका दावा छिरिङसँग आज भन्दा २/३ वर्ष अगाडी ठमेलमा भेट भएको हो र सोही समयदेखी चिनजान बढेर कहिले काही भेटघाट भई आएको थियो। मेरो पेम्वा दोर्जे शेर्पासँग पुरानो चिनजान भएको हुनाले निज पेम्बा दोर्जे शेर्पाले मलाई काका भन्ने गरेको र मैले निज पेम्वा दोर्जे शेर्पालाई भतिज भन्ने गरेको थिए। आज भन्दा करिव एक बर्ष अगाडी काठमाडौंको सुन्धारा स्थित भएको सिभिल महलमा रहेको पेम्बा दोर्जे शेर्पाको कफि सपमा जादा निज दावा छिरिङ समेत भएकोले मैले दावा छिरिङ र पेम्बा दोर्जे शेर्पाको चिनजान गराएको थिए। त्यसको केही दिन पछि दावा छिरिङले मसँग भेट भई रेष्टुरेन्ट खोल्ने कुरा गरेकोले निजले भने अनुसार मैले नक्साल र बालुवाटार एरियामा घर खोजि दिएको भए पनि निजले घर भाडा महंगो भयो भनि रेष्टुरेण्ट खोल्न चाहेन। त्यस पछी निज दावा छिरिङ सँग मैले कुनै काम गरेको छैन। निज दावा छिरिङ आफ्नै होटल भियनामा बसेर घर खोजिदिने र कमिसन खाने, चाईनिजहरुलाई यूरिया मलको टेण्डर भराउने, कन्सट्रक्सनको काम गर्ने, हाईड्रोपावरको लाईसेन्स मिलाईदिने जस्ता कन्ट्याक दलालीको काम गर्ने, नेपाल आउने चाईनिजहरुलाई होटलमा राख्ने ट्राभल्स एण्ड टुरिष्ट समेतको काम गरी आएका छन। दावा छिरिङसँग मेरो भेटघाट हुदा एक पटक मलाई निजको मोबाईलमा खिचेर राखेको विस्कुट आकारको एक थान सुनको फोटो देखाई किन्ने मान्छे खोजि दिनु, खोजी दिए बापत नेपाली रु.२० बीस हजार दिन्छु भनेका थिए तर मैले यस्तो काम गर्दिन भनि दिएको थिए। एक दिन निज दावा छिरिङले मलाई फोन गरी डिटरजेन्ट पाउडर खोजिदिनु भनेको थियो तर मैले खोजिदिईन। आज भन्दा करिब डेढ महिना अगाडी म ठमेलमा भएको समयमा दावा छिरिङले मलाई फोन गरेर एउटा गाडि आउदै छ उक्त गाडी मेरो भियना होटलमा पुर्याईदेउ भनेकोले सोही अनुसार मैले उक्त गाडी निजको भियना होटलमा पुर्याई दिएको थिए। उक्त गाडीमा अन्दाजी ७५ के.जि.जति डेटरजेन्ट पाउडरको तिनवटा २५ के.जी.दरको प्याकेट थियो। त्यसको तिन दिन पछी म पेम्वा दोर्जे शेर्पाको कफिसपमा गएको बेलामा पेम्वा दोर्जे शेर्पालाई मैले दावा छिरिङले डिटरजेन्ट पाउडर ल्याएर सुन पगाल्ने काम गर्दछ कि के हो भनी कुरा मात्र गरेको थिए। दावा छिरिङले नेपालमा बसेर अवैध रुपमा सुन पैठारी गर्ने काम गरी आएको भन्ने पछिल्लो समय Media, पत्रपत्रिका समेतबाट समेत थाहा भएको हो भन्ने ब्यहोराको किशोर बस्नेतको कागज।

**झ) टिकाराज माझीले गरेको कागज:**

मिति २०७९/०८/०९ गते देखि त्रि.वि. भन्सार कार्यालय गौचरको ना.सु. पदमा कार्यरत रहँदै आएको छु। मैले यात्रु सहजिकरण, मालबस्तु जाँचपास र व्यापार सहजीकरणको जिम्मेवारी वहन गर्दै आएको छु। मिति २०७९/०९/१० गते बिहान ०६:०० बजे देखि अपरान्ह १२:०० बजे सम्मको लागि मलाई यात्रु शाखाको पछाडी ब्यागेज एक्सरे गर्ने गरी ड्यूटी खटाईएकोमा म सोहि ड्यूटीमा थिएँ। मैले नेपाल नागरिक उड्डयन प्राधिकरणबाट ब्यागेज एक्सरे/स्क्रिनिङ सम्बन्धी तालिम लिएको छु। मलाई ब्यागेज एक्सरे/स्क्रिनिङ सम्बन्धमा एक्सरे मेसिनले दिने बिभिन्न संकेतका बारेमा जानकारी छ। ब्यागेज एक्सरे गर्दा ब्यागेज भित्र सुन

भएमा वा घनत्व बढी भएको धातु भएमा एक्सरे स्क्रिनमा धातुको आकार अनुसारको कालो धब्बा देखिन्छ। शुरुमा यात्रुको ब्यागेज एक्सरे गर्दा अवैध हुन सक्ने शंकास्पद माल बस्तु देखिएमा वा राजश्व लिनु पर्ने व्यापारिक मालबस्तु हो भन्ने शंका लागेमा उक्त मालबस्तुहरुको भौतिक निरीक्षण गरी आवश्यक कारवाही गर्नु पर्ने देखिएमा ब्यागेजको एयरलायन्सको ट्यागमा RC (Recheck) जनाई व्यागेज बेल्टमा राखिन्छ, त्यस पछि RC लेखिएको उक्त ब्याग सम्बन्धित धनीले लिएर Exit तर्फ जादा Recheck मा खटिएका कर्मचारीहरुले RC लेखिएको ब्यागेजलाई नियन्त्रणमा लिई पुन: एक्सरे गर्छन। यसरी पुन: एक्सरे गर्दा पनि मालबस्तु यहि हो भनि यकिन नभएमा ब्यागेज खोली भौतिकरुपमा उक्त ब्याग खोली के रहेछ भनि निरिक्षण गरिन्छ। यसरी पुन: एक्सरे वा भौतिक निरिक्षणबाट आएको परिणामको आधारमा भन्सार तिराई मालबस्तु जाँच पास गर्ने वा जफत गर्ने सम्बन्धमा थप कारवाही प्रकृया अगाडी बढ्छ। मिति २०७९/०९/१० गते Fly Dubai को Flight number FZ0587 बाट नेपाल आएका चिनियाँ यात्रु LI HANSONG ले लिई आएको ब्यागेज मैले शुरु एक्सरे गर्दा ब्यागेज भित्र शंकास्पद धातुको ईलेक्ट्रिक मालसामानहरु भए जस्तो कालो धब्बा देखिएकाले व्यापारिक मालबस्तु हुन सक्ने र भन्सार राजश्व असुल उपर गर्नु पर्ने जस्तो देखेकोले ब्यागमा रहेको एयरलाईन्सको ट्यागमा permanent मार्करले RC लेखी ब्यागेज बेल्टमा राखि पठाएको थिए। पछि Recheck बाट उक्त RC लेखिएको ब्यागेजलाई जफत गरिएको रहेछ। उक्त ब्यागेजमा चिनियाँ यात्रु LI HANSONG ले तत्काल सुन लुकाई छिपाई ल्याएको सम्बन्धमा मलाई थाहा थिएन, पछि मात्र थाहा भएको हो भन्ने ब्यहोराको टिकाराज माझीको कागज।

झ) **<u>सुवर्णा प्रभा के.सी. ले गरेको कागज:</u>**

म मिति २०७९ असोज महिनादेखि त्रि.वि. भन्सार कार्यालय गौचरको ना.सु. पदमा कार्यरत रहँदै आएको छु। मिति २०७९/०९/१० गते बिहान ०६:०० बजे देखि अपरान्ह १२:०० बजे सम्म मेरो डिउटी यात्रु जाँच पास शाखामा थियो तर म करिब ९.१५ बजेतिर मात्र कार्यालय आईपुगेकी थिए। मलाई त्यस दिन RC मा डिउटी तोकिएको थियो। सामुहिक कार्य भएको हुँदा जहाँ डिउटी तोकिएको भए पनि जहा आवश्यक पर्छ त्यही काम गर्नु पर्ने हुँदा म Red Channel मा नभई अन्यत्र X-Ray वा Walk Through मा गई काम गरेको थिए। उक्त दिन मलाई तोकिएको जिम्मेवारी Red Channel मा यात्रुहरुको ब्यागमा X-Ray बाट RC चिन्ह लगाई आएका लगेजहरुको पुन x-Ray गरी राजस्व असुल गर्नु पर्ने मालवस्तु हो भनी शंका लागेमा सम्बन्धित मालधनीसंग सामान के हो भनि सोधपुछ गर्ने, भौतिक निरीक्षण गर्ने र राजस्व असुल गर्नु पर्ने देखिएमा डिउटी अफिसरलाई जानकारी गराई राजस्व असुल गर्ने प्रकृयामा अगाडि बढाउने काम थियो। मैले ब्यागेज एक्सरे / स्क्रिनिङ सम्बन्धमा तालिम लिएको छु। मलाई ब्यागेज एक्सरे / स्क्रिनिङ सम्बन्धमा एक्सरे मेसिनले दिने बिभिन्न संकेतका बारेमा जानकारी छ। स्क्रिनरले एकै प्रकारको मालबस्तु धेरै मात्रामा देखिएमा, कुनै शंकस्पद माल बस्तु तथा व्यापारिक जस्तो मालबस्तु देखिएमा, मापदण्डमा तोकिएको परिमाण भन्दा बढी मालवस्तु देखिएमा यात्रुको ब्यागेजमा RC लेखिन्छ। यसरी RC उल्लेख भएको व्यागेजको पुन x-Ray गरी राजस्व असुल गर्नु पर्ने मालवस्तु हो भनी शंका लागेमा सम्बन्धित मालधनीसंग सामान के हो भनि सोधपुछ गर्ने, भौतिक निरीक्षन गर्ने र राजस्व असुल गर्नु पर्ने देखिएमा डिउटी अफिसरलाई जानकारी गराई राजस्व असुल गर्ने प्रकृयामा अगाडि बढाउने गरिन्छ र भन्सार तिरेर समेत ल्याउन नमिल्ने मापदण्ड भन्दा बढी मालबस्तु भेटिएमा भन्सार अधिकृत वा प्रमुख भन्सार अधिकृतको आदेशानुसार जफत गर्ने, सम्बन्धित धनिलाई समेत कार्बाही गर्नु

पर्ने भए कार्बाहीको प्रकृया अगाडी बढाउने गरिन्छ । म तत्कालिन समयमा कार्यालय आई नपुगेकोले पुन:x-Ray कसले गरेका हुन थाहा भएन । उक्त दिन म कार्यालय पुग्दा चिनियाँ यात्रु ब्यागेज सहित computer कोठाको सोफामा बसि रहेका थिए । मैले उसलाई तपाईको के काम छ भनि सोध्दा निजले आफ्नो मोबाईलमा E-Cigreet लेखेर दुईवटा लगेजतिर देखाई यसको Customs clear गरिदिनु भनेको थियो र मैले कति छ ? भन्दा करिब ७०० piece छ भनेकोले मैले डिउटी अफिसरलाई जानकारी गराए डिउटी अफिसरले प्रमुख भन्सार अधिकृतलाई जानकारी गराउनु भयो त्यसपछी प्रमुख भन्सार अधिकृतले उक्त मानिस भएको स्थानमा आएर निजलाई सोधपुछ गर्नुभयो र निजले ल्याएको सामान धैरै मात्रामा भएको र यात्रु शाखाबाट कमर्सियल सामान जाँच पास गर्न नमिल्ने भएको हुँदा जफत गर्ने आदेश दिनु भयो । त्यसपछि जफत गर्ने कार्य अन्य कर्मचारीहरुले गर्नु भयो र म आवश्यकता अनुसारको स्थानमा x-Ray वा Walk Through तिर डिउटी गर्न गएको हुँ भन्ने ब्यहोराको सुवर्णा प्रभा के.सी.को कागज ।

ञ) **सुवेन्द्र श्रेष्ठले गरेको कागज:**

म मिति २०७७/०५/२१ गते देखि देखि त्रि.वि. भन्सार कार्यालय गौचरको भन्सार अधिकृतको पदमा कार्यरत रहँदै आएको छु । उक्त कार्यालयमा मेरो जिम्मेवारी डिउटी अफिसरले तोकेको स्थानमा प्रज्ञापन पत्र Assessment गर्ने, यात्रु सहजिकरण सम्बन्धी कार्य गर्ने हो । मिति २०७९/०९/१० गते बिहान ०६:०० बजे देखि १२:०० बजे सम्म त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको यात्रु आगमन कक्षमा त्रि.वि. भन्सार कार्यालयबाट Walk Through gate र Red Channel ड्यूटीमा खटिएका आफू मातहतका कर्मचारीहरुले गरेको कार्य अनुगमन र निरीक्षण गर्ने, मातहत कर्मचारीहरुले तोकिएको जिम्मेवारी सम्पादन गर्ने क्रममा गरेका रिपोर्टिङ सम्बन्धमा म बाट निर्णय हुन सक्ने विषयबस्तु भए म स्वयंले निर्णय गर्ने र सो बाहेकका बिषय बस्तु भए ड्यूटीमा रहेका प्रमुख भन्सार अधिकृतलाई रिपोर्टिङ गर्ने गरी ड्यूटीमा खटाईएकोमा म उक्त दिन ०९:०९ बजे देखि ड्यूटीमा खटिएको थिएँ । यात्रुको ब्यागेज एक्सरे गर्दा अवैध हुन सक्ने शंकास्पद माल बस्तु देखिएमा, राजश्व लिनु पर्ने व्यापारिक मालबस्तु हो भन्ने शंका लागेमा वा उक्त मालबस्तुहरुको भौतिक निरीक्षण गरी आवश्यक कारवाही गर्नु पर्ने देखिएमा ब्यागेजको ट्यागमा RC जनाई व्यागेज बेल्टमा राखिन्छ, यसरी ट्यागमा RC लेखिएको ब्यागेजलाई Red Channel ड्यूटीमा खटिएका कर्मचारीले नियन्त्रणमा लिई पुन: एक्सरे गर्छन । यसरी पुन: एक्सरे गर्दा पनि मालबस्तु यहि हो भनि यकिन नभएमा, भन्सार असुल गर्नु पर्ने मालबस्तु हुनसक्ने देखिएमा वा जफत गर्नु पर्ने मालबस्तु हुन सक्ने देखिएमा ब्यागेज खोली भौतिक निरिक्षण गरिन्छ । यसरी पुन: एक्सरे वा भौतिक निरिक्षणबाट आएको परिणामको आधारमा मालबस्तु जाँच पास गर्ने वा जफत गर्ने सम्बन्धमा थप कारवाही प्रकृया अगाडी बढ्छ । यात्रुको लगेजमा व्यापारीक प्रयोजनको लागि ठूलो परिमाणमा एकै किसिमको मालबस्तु भेटिएमा जफत रजिष्टरमा मालबस्तुको विवरण उल्लेख गरी सो को एक प्रति निस्सा सम्बन्धित यात्रुलाई दिई लगेज जफत गर्ने गरिन्छ । उक्त दिन बिहान ०९:०९ बजे म ड्यूटीमा पुग्दा प्रज्ञापन पत्र ईन्ट्री गर्ने कार्यालय कोठामा ईलेक्ट्रिक सिगरेट (Vapes) भएको सुटकेश थान २ सहित चिनियाँ नागरिक LI HANSONG लाई राखिएको रहेछ । निज चिनियाँ नागरिकले लिई आएको सुटकेशमा ठूलो परिमाणमा ईलेक्ट्रिक सिगरेट (Vapes) भेटिएकोले उक्त मालबस्तु जफत गर्ने भनि प्रमुख भन्सार अधिकृत मुक्ति प्रसाद श्रेष्ठले आदेश गर्नु भएकोले उल्लेखित ईलेक्ट्रिक सिगरेट (Vapes) गणना गरी जफत गरिएको हो । तत्पश्चात म

कार्यालयको नियमित काममा लागेको हुँ । उक्त ईलेक्ट्रिक सिगरेट (Vapes) भित्र सुन लुकाई छिपाई ल्याएको कुरा पछि थाहा हुन आएको हो भन्ने ब्यहोराको सुवेन्द्र श्रेष्ठको कागज ।

ट) **भुवन राज घिमिरेले गरेको कागज:**

म मिति २०७९/०६/२४ गते देखि त्रि.वि. भन्सार कार्यालय गौचरको ना.सु. पदमा कार्यरत रहँदै आएको छु । मैले यात्रु सहजिकरण, मालबस्तु जाँचपास र व्यापार सहजिकरणको जिम्मेवारी वहन गर्दै आएको छु । मिति २०७९/०९/१० गते मेरो डिउटी बिहान ०६:०० बजे देखि अपरान्ह १२:०० बजे सम्मको सिफ्टमा तोकिएको थियो सो दिन मलाई यात्रु शाखाको Red Channel/X-Ray ड्यूटी खटाईएको रहेछ । तत्कालिन अवस्थामा मैले ब्यागेज एक्सरे/स्क्रिनिङ सम्बन्धी तालिम नलिएको हुँदा मैले Red Channel मा X-Ray गरेको होइन । सो दिन बिहान म कार्यालय पुग्दा ०९:३८ बजेको थियो सो समयदेखी Red Channel ड्यूटीमा थिएँ । हाल मैले ब्यागेज एक्सरे / स्क्रिनिङ सम्बन्धी तालिम लिईसकेकाले मलाई ब्यागेज एक्सरे/स्क्रिनिङ सम्बन्धमा एक्सरे मेसिनले दिने बिभिन्न संकेतका बारेमा सामान्य जानकारी छ । यात्रुको ब्यागेज एक्सरे गर्दा अवैध हुन सक्ने शंकास्पद माल बस्तु देखिएमा, राजश्व लिनु पर्ने व्यापारिक मालबस्तु हो भन्ने शंका लागेमा वा उक्त मालबस्तुहरुको भौतिक निरीक्षण गरी आवश्यक कारवाही गर्नु पर्ने देखिएमा ब्यागेजको ट्यागमा RC जनाई व्यागेज बेल्टमा राखिन्छ, यसरी ट्यागमा RC लेखिएको ब्यागेजलाई Red Channel ड्यूटीमा खटिएका कर्मचारीले नियन्त्रणमा लिई पुन: एक्सरे गर्छन । यसरी पुन: एक्सरे गर्दा पनि मालबस्तु यहि हो भनि यकिन नभएमा, भन्सार असुल गर्नु पर्ने मालबस्तु हुनसक्ने देखिएमा वा जफत गर्नु पर्ने मालबस्तु हुन सक्ने देखिएमा ब्यागेज खोली भौतिक निरिक्षण गरिन्छ । यसरी पुन: एक्सरे वा भौतिक निरिक्षणबाट आएको परिणामको आधारमा मालबस्तु जाँच पास गर्ने वा जफत गर्ने सम्बन्धमा थप कारवाही प्रकृया अगाडी बढ्छ । तत्कालिन अवस्थामा मैले  ब्यागेज एक्सरे/स्क्रिनिङ सम्बन्धी तालिम नलिएको हुँदा मैले उक्त ब्यागेज पुन:X-Ray गरेको होईन । को कसले गरे मलाई जानकारी छैन । उल्लेखित दिन ड्युटि अफिसरको जिम्मेवारीमा भन्सार अधिकृत रमेश कुमार खतिवडा खटिनु भएको थियो, र प्रमुख भन्सार अधिकृत मुक्ति प्रसाद श्रेष्ठ र भन्सार अधिकृत सुवेन्द्र श्रेष्ठ समेत ड्युटिमा खटिनु भएको थियो । उक्त दिन म कार्यालय ड्यूटीमा पुग्दा प्रज्ञापन पत्र ईन्ट्री गर्ने कार्यालय कोठामा ईलेक्ट्रिक सिगरेट (Vapes) भएको सुटकेश थान २ सहित मलाई पछि थाहा हुन आएको चिनियाँ नागरिक LI HANSONG लाई राखिएको रहेछ । म ड्युटिमा पुगे पछि म समेतका Red Channel ड्यूटीमा खटिएका कर्मचारीलाई उक्त सुटकेशमा रहेको ईलेक्ट्रिक सिगरेट (Vapes) जफत गर्नु पर्ने भएकोले परिमाण यकिन गर्न गणना गर्नुहोस भनेकाले म र भन्सार अधिकृत सुवेन्द्र श्रेष्ठ समेत गई सुटकेशमा रहेको ईलेक्ट्रिक सिगरेट (Vapes) गणना गर्दा ७३ वटा बट्टामा जम्मा ७३० पिस रहेछ । उक्त मालबस्तु गणना गर्नका लागि हामीलाई ड्यूटिमा रहनु भएका प्रमुख भन्सार अधिकृत वा ड्युटि अफिसर को कसले अह्राउनु भयो यकिन भएन तर गणना गरि सकेपछि सो को रिपोर्टिङ प्रमुख भन्सार अधिकृत मुक्ति प्रसाद श्रेष्ठलाई गरेका हौं भन्ने ब्यहोराको भुवनराज घिमिरेको  कागज ।

ठ) **रमेश खतिवडाले गरेको कागज**:

म मिति २०७८/०८/०१ गते देखि त्रि.वि.स्थल भन्सार कार्यालय गौचरको भन्सार अधिकृतको पदमा कार्यरत रहँदै आएको छु । उक्त कार्यालयमा प्रमुख भन्सार अधिकृतको आदेशानुसार कार्यरत कर्मचारीहरुको कामकाज सम्बन्धी डिउटी खटाउने, डिउटीमा खटिएका कर्मचारीहरुले तोकिए बमोजिम काम गरे नगरेको अनुगमन गर्ने,

यात्रुको सहजिकरण सम्बन्धी कार्य गर्ने, Departure मा यात्रुहरुले सोधेका बिषयहरुमा जानकारी गराउने र अन्य निकायहरुसँग समन्वय गर्ने समेतका कार्यहरु गरि आएको छु । मिति २०७९/०९/१० गते बिहानैको समयमा म यात्रु शाखामा गई कर्मचारीहरुको डिउटी तोकी भन्सार परिसर क्षेत्र भित्र नै रही कर्मचारीहरुले डिउटी अनुगमन गर्ने काम गरि आएको थिए । यात्रुको ब्यागेज एक्सरे गर्दा अवैध हुन सक्ने शंकास्पद माल बस्तु देखिएमा, राजश्व लिनु पर्ने व्यापारिक मालबस्तु हो भन्ने शंका लागेमा वा उक्त मालबस्तुहरुको भौतिक निरीक्षण गरी आवश्यक कारवाही गर्नु पर्ने देखिएमा ब्यागेजको ट्यागमा RC जनाई व्यागेज बेल्टमा राखिन्छ, यसरी ट्यागमा RC लेखिएको ब्यागेजलाई Red Channel ड्यूटीमा खटिएका कर्मचारीले नियन्त्रणमा लिई पुन: एक्सरे गर्छन । यसरी पुन: एक्सरे गर्दा पनि मालबस्तु यहि हो भनि यकिन नभएमा, भन्सार असुल गर्नु पर्ने मालबस्तु हुनसक्ने देखिएमा वा जफत गर्नु पर्ने मालबस्तु हुन सक्ने देखिएमा ब्यागेज खोली भौतिक निरिक्षण गरिन्छ । यसरी पुन: एक्सरे वा भौतिक निरिक्षणबाट आएको परिणामको आधारमा मालबस्तु जाँच पास गर्ने वा जफत गर्ने सम्बन्धमा थप कारवाही प्रकृया अगाडी बढ्छ । यात्रुको लगेजमा व्यापारीक प्रयोजनको लागि ठूलो परिमाणमा एकै किसिमको मालबस्तु भेटिएमा जफत रजिष्टरमा मालबस्तुको विवरण उल्लेख गरी सो को एक प्रति निस्सा रसिद सम्बन्धित यात्रुलाई दिई लगेज जफत गर्ने गरिन्छ । मिति २०७९।०९।१० गते बिहान म डिउटीको क्रममा Walk Through हुदै प्रमुख भन्सार अधिकृतको कार्यकक्षमा जादै गर्दा ईलेक्ट्रिक सिगरेट (Vapes) भएको सुटकेश थान २ प्रमुख भन्सार अधिकृत मुक्ति प्रसाद श्रेष्ठ समक्ष Red channel मा खटिएका कर्मचारी सुवेन्द्र श्रेष्ठ समेतले पेश गरिरहेको अबस्था देखेको हो । उक्त ईलेक्ट्रिक सिगरेट (Vapes) चिनियाँ नागरिक LI HANSONG लिई आएको र उक्त ईलेक्ट्रिक सिगरेट (Vapes) मा अबैधरुपमा सुन लुकाई छिपाई ल्याएको भन्ने कुरा पछि सुनि थाहा पाएको हो । निज चिनियाँ नागरिकले लिई आएको सुटकेशमा ठूलो परिमाणमा ईलेक्ट्रिक सिगरेट (Vapes) भेटिएकोले उक्त मालबस्तु जफत गर्ने भनि प्रमुख भन्सार अधिकृत मुक्ति प्रसाद श्रेष्ठको आदेशमा उल्लेखित ईलेक्ट्रिक सिगरेट (Vapes) जफत भएको हो । उक्त दिनमा चिनियाँ नागरिक LI HANSONG लिई आएको ईलेक्ट्रिक सिगरेट (Vapes) यात्रुहरुको लगेज एक्सरेमा खटिएका कर्मचारी ना.सु. टिकाराज माझीले चेकजाच गरी उक्त ब्यागेजको ट्यागमा RC लेखी रेड च्यानेलमा पुन चेकजाँचको लागि पठाएको हो । पछि Red channel मा खटिएका कर्मचारीहरुले एक्सरेमा राखी कैफियत देखे पछि आवश्यक कारबाहीको लागि प्रमुख भन्सार अधिकृत समक्ष पेश गर्नको लागि नियन्त्रणमा लिई कार्यालय भित्र राखेको हो । उक्त दिनको एक्सरे हेर्ने कर्मचारीहरु ना.सु.तेज प्रसाद खनाल, ना.सु. सुवर्ण प्रभा के.सी., ना.सु.अशोक सिह खड्का र ना.सु. टिकाराम माझी थिए, निजहरु एक्सरे बेल्ट, walk through र Red Channel मा डिउटीमा खटिएका थिए । एक्सरे तालिम नलिएका Red Channel खटिएका कर्मचारीहरु ना.सु. भुवन घिमिरे, ना.सु. उमेश प्रसाद कोईरला र ना.सु.राजेश कुमार साह समेतका कर्मचारीहरु खटिएका थिए । यिनै कर्मचारीहरुबाट Red Channel मा उक्त ईलेक्ट्रिक सिगरेट (Vape) RC एक्सरे गरेका हुनु पर्छ । उक्त ईलेक्ट्रिक सिगरेट (Vapes) भित्र सुन लुकाई छिपाई ल्याएको कुरा पछि थाहा हुन आएको हो भन्ने ब्यहोराको रमेश खतिवडाले गरेको कागज ।

ड) **<u>उमेश प्रसाद कोईरालाले गरेको कागज:</u>**

म मिति २०७९/०७/०३ गते देखि त्रि.वि. भन्सार कार्यालय गौचरको ना.सु. पदमा कार्यरत रहँदै आएको छु । मैले यात्रु सहजिकरण, मालबस्तु जाँचपास र व्यापार सहजिकरणको जिम्मेवारी वहन गर्दै आएको छु । मिति

२०७९/०९/१० गते बिहान ०६:०० बजे देखि अपरान्ह १२:०० बजे सम्मको लागि मलाई यात्रु शाखाको Red Channel मा ड्यूटी खटाईएकोमा म सोहि ड्यूटीमा बिहानको ६:२२ बजेको समयमा उपस्थित भएको थिएँ। मैले ब्यागेज एक्सरे/स्क्रिनिङ सम्बन्धी तालिम नलिएको हुँदा मलाई ब्यागेज एक्सरे/स्क्रिनिङ सम्बन्धमा एक्सरे मेसिनले दिने बिभिन्न संकेतका बारेमा जानकारी छैन। यात्रुको ब्यागेज एक्सरे गर्दा अवैध हुन सक्ने शंकास्पद माल बस्तु देखिएमा, राजश्व लिनु पर्ने व्यापारिक मालबस्तु हो भन्ने शंका लागेमावा उक्त मालबस्तुहरुको भौतिक निरीक्षण गरी आवश्यक कारवाही गर्नु पर्ने देखिएमा ब्यागेजको ट्यागमा RC जनाई व्यागेज बेल्टमा राखिन्छ, यसरी ट्यागमा RC लेखिएको ब्यागेजलाई Red Channel ड्यूटीमा खटिएका कर्मचारीले नियन्त्रणमा लिई पुन: एक्सरे गर्छन। यसरी पुन : एक्सरे गर्दा पनि मालबस्तु यहि हो भनि यकिन नभएमा ब्यागेज खोली भौतिक निरिक्षण गरिन्छ। यसरी पुन: एक्सरे वा भौतिक निरिक्षणबाट आएको परिणामको आधारमा भन्सार तिराई मालबस्तु जाँच पास गर्ने वा जफत गर्ने सम्बन्धमा थप कारवाही प्रकृया अगाडी बढ्छ। मैले एक्सरेको तालिम नगरेकोले उक्त ईलेक्ट्रिक सिगरेट (Vapes) को एक्सरे मैले गरेको होईन। ईलेक्ट्रिक सिगरेट (Vapes) भित्र अबैधरुपमा सुन लुकाई छिपाई ल्याएको भन्ने पछि मात्र थाहा भएको हो। उक्त ब्यागेज जफत गर्ने सम्बन्धमा उक्त दिन मेरो कुनै भूमिका नरहेको हुँदा पुन: चेकजाँच गर्ने Red Channel ड्यूटीमा खटिएका तालिम प्राप्त कर्मचारीहरुले गरेका हुन तर के कुन कर्मचारीले गरेको हो मलाई थाहा छैन भन्ने ब्यहोराको उमेश प्रसाद कोईरालाको कागज।

ढ) **<u>बब्लु कुमार गुप्ताको कागज:</u>**

मेरो नाममा वाणिज्य बिभाग बबरमहलमा दर्ता रहेको P.K. Traders नामको फर्म दर्ता छ। म नेपालको भन्सार कार्यालयमा सामानहरु लिलाम गर्ने सुचना पाएपछि उक्त फर्मको नामबाट लिलाम प्रकृयामा सहभागी भई सामानहरु लिलाम सकार गर्ने काम गर्दै आईरहेको छु। सोही क्रममा त्रिभुवन भन्सार कार्यालको मुद्दा शाखामा ना.सु. पदमा कार्यरत रहेका रेवन्त खड्कालाई चिनेको हुँ। दिनेश कुमार बस्नेतले समेत समय समयमा त्रि.वि. भन्सार कार्यालयबाट हुने लिलाम प्रक्रियामा सहभागी भई लिलाम सकार गर्ने भएकाले सोही क्रममा निज समेतलाई चिनेको हुँ। आज भन्दा करिब ५/६ महिना अगाडी त्रि.वि. भन्सार कार्यालयमा लिलाम सकार गरेका सामानहरु उठाउन गएका बखत भन्सार कार्यालयको गेटमा सुरक्षार्थ खटिएका गार्ड निर्मल भन्ने व्यक्तिले मलाई तपाईंको सामान के कहाँ छ ? तपाईंको सामान ईलेक्ट्रिक सिगरेट (Vapes) भएको ठाउँमा भए मलाई पनि लिएर जानु, उक्त ईलेक्ट्रिक सिगरेट (Vapes) भित्र सुन छ, मिल्यो भने म पनि ४/५ पिस ईलेक्ट्रिक सिगरेट (Vapes) निकाल्छु भनेकाले मैले रेवन्त खड्कालाई गार्ड निर्मलले ईलेक्ट्रिक सिगरेट (Vapes) भित्र सुन छ भनेको छ भनि मलाई बताएको कुरा जानकारी गराएँ। तत्पश्चात निज रेवन्त खड्काले उक्त सामान कहाँ राखेको छ भनि सोधेपछी मैले कोठा नं. ११ मा राखिएको छ भनि जानकारी गराएपछी निज रेवन्त खड्का र म सोही कोठामा गई रेवन्त खड्काले ईलेक्ट्रिक सिगरेट (Vapes) राखेको लगेज खोली सोही लगेजमा रहेको बट्टाबाट एउटा ईलेक्ट्रिक सिगरेट (Vapes) निकाली मैले र रेवन्त खड्काले मुख लगाई श्वास लिई तानी हेर्दा धुवा नआएपछि मैले उक्त सिगरेट भाची हेरौ न भन्दा निज रेवन्त खडकाले म आफै पछी चेक गर्छु भनेपछी हामी दुवै जना कोठाबाट बाहिर निस्किएको र रेवन्त खड्काले कोठामा ताल्चा लगाएका हुन। भन्सार कार्यालयबाट ५/७ वटा सामानहरुको टेण्डरको सुचना निकालिएको हुँदा म टेण्डर प्रक्रियाको लागि भन्सार कार्यालय गएको समयमा सोही कार्यालयका अधिकृत अम्बिका प्रसाद खनालले मलाई बोलाई अब ईलेक्ट्रिक सिगरेट

(Vapes) पनि लिलाम गर्नु पर्ने छ भनि भनेपछी मैले निज अम्बिका प्रसाद खनाललाई पनि उक्त ईलेक्ट्रिक सिगरेट भित्र सुन छ भनि निर्मलले भनेका थिए भनेपछी अम्बिका प्रसाद खनालले मलाई तपाईले भनेको कुरा अन्य ४/५ जना व्यक्तिहरुले पनि भनेका थिए, उक्त ईलेक्ट्रिक सिगरेट (Vapes) भित्र के छ चेक गरिएको छैन, लिलाम निकाल्न लगाई दिनु भनेर मलाई भनेका छन, भन्नु भएको थियो । तत्पश्चात के भयो ? मलाई थाहा भएन । हाल आएर दिनेश कुमार बस्नेत र रेवन्त खड्का समेतले मिलेमतो गरी योजना बनाई उक्त ईलेक्ट्रिक सिगरेट (Vapes) कोठा नं. १११ मा सारी सो ईलेक्ट्रिक सिगरेट (Vapes) फुटाई सुन निकाली बिक्री गरी रकम बाँडी लिएको र जफत भएको ईलेक्ट्रिक सिगरेट (Vapes) को सट्टामा अर्कै ब्राण्डको ईलेक्ट्रिक सिगरेट (Vapes) राखि दिएको भन्ने सुनी थाहा पाएको हुँ । मैले भन्सारको लिलाम सकार गर्ने क्रममा पटक पटक गरी २०७९ साल पौष महिना देखि माघ अन्तिम सम्म गरी अं. रु.१४,००,०००/- (चौध लाख) जति सापटी लिएको थिएँ, उक्त सापटी रकम मध्ये मैले निजलाई केही रकम तिरी बुझाई सकेको छु, मैले निजलाई अं. रु.५,५०,०००/- (पाँचलाख पचास हजार) जति तिर्न बुझाउन बाँकी छ, म र निज दिनेश कुमार बस्नेत बिचको कारोबार देखिने मेरो नाममा प्रभु बैंक लि. सिनामंगल शाखा र माछापुच्छ्रे बैंक लि. बौद्ध शाखामा रहेको बैंक खाताको स्टेटमेण्ट समेत यसै कागजसाथ पेश गरेको छु । सो बाहेक मेरो निज सँग कुनै कारोबार समेत छैन भन्ने व्यहोराको बब्लु कुमार गुप्ताको कागज ।

ण) **<u>तेज प्रसाद खनालले गरेको कागज:</u>**

मिति याद भएन, म मिति २०७८ कातिक महिनादेखि त्रि.वि. भन्सार कार्यालय गौचरको ना.सु. पदमा कार्यरत रहँदै आएको छु । मिति २०७९/०९/१० गते बिहान ०६:०० बजे देखि अपरान्ह १२:०० बजे सम्म मेरो डिउटी walk through मा थियो तर म करिब ८:३० बजेतिर मात्र कार्यालय पुगेको थिए । मैले उक्त दिन पनि walk through मा नै डिउटी गरेको थिए । मैले ब्यागेज एक्सरे/स्क्रिनिङ सम्बन्धमा तालिम लिएको छु । मलाई ब्यागेज एक्सरे / स्क्रिनिङ सम्बन्धमा एक्सरे मेसिनले दिने बिभिन्न संकेतका बारेमा जानकारी छ । स्क्रिनरले एकै प्रकारको मालबस्तु धेरै मात्रामा देखिएमा, कुनै शंकस्पद माल बस्तु तथा व्यापारिक जस्तो मालबस्तु देखिएमा, मापदण्डमा तोकिएको परिमाण भन्दा बढी मालवस्तु देखिएमा यात्रुको ब्यागेजमा RC लेखिन्छ । यसरी RC उल्लेख भएको व्यागेजको पुन x-Ray गरी राजस्व असुल गर्नु पर्ने मालवस्तु हो भनी शंका लागेमा सम्बन्धित मालधनीसंग सामान के हो भनि सोधपुछ गर्ने, भौतिक निरीक्षन गर्ने र राजस्व असुल गर्नु पर्ने देखिएमा डिउटी अफिसरलाई जानकारी गराई राजस्व असुल गर्ने प्रकृयामा अगाडि बढाउने गरिन्छ र भन्सार तिरेर समेत ल्याउन नमिल्ने मापदण्ड भन्दा बढी मालबस्तु भेटिएमा भन्सार अधिकृत वा प्रमुख भन्सार अधिकृतको आदेशानुसार जफत गर्ने, सम्बन्धित धनिलाई समेत कारबाही गर्नु पर्ने भए कार्बाहीको प्रकृया अगाडी बढाउने गरिन्छ । मैले walk through मा नै डिउटी गरेकोले उक्त दिनको पुन:x-Ray कसले गरेका हुन मलाई थाहा भएन । पछि मात्र मिति २०७९/०९/१० गते Fly Dubai को Flight number FZ0587 वाट नेपाल आएका चिनिया नागरिक राहदानी नम्वर EJ 6350030 वाहक LI HANSONG ले २ वटा सुटकेश भित्र ७३ बट्टामा रहेको ७३० थान ईलेक्ट्रिक सिगरेट (Vapes) मा अवैध रुपमा त्रिभुवन अन्तराष्ट्रिय विमानस्थल सानो गौचरण काठमाडौं हुदै नेपालमा ल्याउदै गरेको अवस्थामा उल्लेखित मालवस्तु भित्र सुन लुकाई छिपाई ल्याएको भन्ने कुरा थाहा पाएको हो भन्ने ब्यहोराको तेज प्रसाद खनालको कागज ।

त) **खुवा प्रसाद न्यौपानेले गरेको कागज**:

म २०५७ साल देखि त्रि.वि. भन्सार कार्यालय मार्फत बिभिन्न व्यक्ति तथा व्यापारिक संस्थाहरुले आयात गरेका सामानहरु सम्बन्धमा सम्बन्धित व्यक्ति तथा संस्थाले उपलब्ध गराएको कागजातको आधारमा प्रज्ञापन पत्र भरी तोकिएको राजश्व दाखिला गरी भन्सार जाँचपास गरी छुटाई सम्बन्धित व्यक्तिलाई हस्तान्तरण गर्ने गरी भन्सार एजेन्टको काम गर्दै आएको छु। यसरी भन्सार एजेन्टको काम गर्ने क्रममा सम्पर्क नं. ९८०१०९९९९८ भएका चिनियाँ नागरिक Daojin Wang र निजको सवारी चालक लोकेन्द्र कुमार पौडेल र निजकै सहयोगी श्याम सुन्दर शाह सँग समेत चिनजान भएको थियो। मैले निज चिनियाँ नागरिक Daojin Wang ले बंगलादेशबाट नेपालमा आयात गरेको माछा भन्सार जाँचपास गराउन सहयोग गरेकोले निजसँग बेलाबखत फोनमा कुराकानी भई आएको थियो। यसरी नै मिति २०७९।०९।१० गते अ.१२ बजेको समयमा चाईनिज नागरीक Daojin wang, लोकेन्द्र कुमार पौडेल र श्याम सुन्दर शाह समेत तिनजनाले त्रि.वि. भन्सार कार्यालयको यात्रु शाखाको पार्किङमा मलाई भेटी चिनियाँ यात्री LI HANSONG ले लिई आएको ईलेक्ट्रिक सिगरेट (Vapes) त्रि.वि. भन्सार कार्यालयले रोकी राखेको छ, के भएको रहेछ ? बुझि दिनुहोस, मिल्छ भने जाँचपास गराइ दिनु पर्‍यो भनेका थिए ? मैले के भएको रहेछ बुझिदिनु पर्यो भनि यात्रु शाखा भित्र गई प्रमुख भन्सार अधिकृत मुक्ति प्रसाद श्रेष्ठलाई भेटी उक्त ईलेक्ट्रिक सिगरेट (Vapes) के भएको हो ? जाँच पास गर्न मिल्ने, नमिल्ने के हो ? भनि सोधेको थिए। निज प्रमुख भन्सार अधिकृतले ईलेक्ट्रिक सिगरेट (Vapes) नेपाल भित्र्याउनु पर्दा नेपाल सरकारको नियमानुसार अन्तशुल्क कार्यालयको सिफारिश साथ L.C./T.T.खोलेर कार्गो मार्फत आयात गर्नु पर्नेमा सो प्रकृया नपुर्याएकोले जफत भईसकेको छ, जाँचपास गर्न मिल्दैन भनी मलाई जानकारी गराएकोले मैले सोही अनुसार Daojin wang लाई फोन गरी तपाईको सामान जफत भएकोले फिर्ता गर्न नमिल्ने जानकारी गराएको थिए। त्यसपछि म आफ्नो कामतिर गए। सोही दिन दिउसो मैले Daojin wang लाई फोन गरी किन धेरै सामान ल्याउनु भएको हो भनि सोध्दा निजले उक्त ईलेक्ट्रिक सिगरेट (Vapes) हाईड्रोमा काम गर्नेहरुको लागि ल्याईएको हो भनि मलाई बताएका थिए। त्यसको केही समय पछि निज Daojin wang ले नै मलाई कल गरी बोल्दा राम्रोसँग नबुझिएको मैले केही समय पछि निज Daojin wang लाई कल गर्दा निज Daojin wang ले उक्त सामान के कसरी सामान छुटाउन सकिन्छ, के गर्दा हुन्छ भनेकोले मैले तपाईको सामान जफत भईसकेकोले छुटाउन सकिदैन भनिदिएको थिए। यसरी नै निज Daojin wang ले भोलिपल्ट दुई पटक कल गरेर जफत भएको उक्त ईलेक्ट्रिक सिगरेट (Vapes) के कसरी छुटाउन सकिन्छ, जसरी भए पनि छुटाउनु पर्यो भनेकोले उक्त ईलेक्ट्रिक सिगरेट (Vapes) मा के छ र त्यस्तो चिजबस्तु यतिसारो मरिहत्ते गर्नु भएको भन्दा निजले हाईड्रोमा काम गर्ने कामदारहरुको लागि ल्याईदिएको ईलेक्ट्रिक सिगरेट (Vapes) हो अन्य केही छैन भनि बताएका थिए। मिति २०७९।०९।१२ गते बिहान पनि निज Daojin Wang ले मलाई फोन गरी चिया खान नयाँ बसपार्कमा आउनुहोस् एक छिन भेट गरौ भनेकोले निज Daojin Wang लाई मैले दिनको अ.१ बजेको समयमा नयाँबसपार्कमा भेट गरेको थिए। भेटमा निजले मलाई जफत भएको उक्त ईलेक्ट्रिक सिगरेट (Vapes) कसरी छुटाउन सकिन्छ भनि मसँग कुरा गरेकोले जफत भएको उक्त सामान मैले छुटाउन सक्दिन, म बाट हुदैन भनेको थिए। त्यसको ५/६ महिना पछि निजले मलाई फोन गरेर भेट गर्न निजको घरमा नै बोलाएकोले निजलाई भेटन म सितापाईलामा गएको थिए। त्यस पछी निज चिनियाँ नागरिक Daojin Wang सँग मेरो भेटघाट तथा फोन सम्पर्क समेत भएको छैन। प्रमुख भन्सार अधिकृत मुक्ति प्रसाद श्रेष्ठको साथमा

भएको LI  HANSONG को नामको पासपोर्ट फिर्ता गरेको सम्बन्धमा मलाई थाहा छैन। पछि मात्रै Media पत्रपत्रिकाबाट उक्त ईलेक्ट्रिक सिगरेट (Vapes) भित्र अबैध सुन लुकाई छिपाई ल्याएको भन्ने थाहा भएको हो। निज Daojin Wang ले जफत भएको उक्त ईलेक्ट्रिक सिगरेट (Vapes) छुटाउनको लागि मलाई पटक पटक कुरा गरेकोले उक्त ईलेक्ट्रिक सिगरेट (Vapes) मा सुन भएको कुरा निज Daojin Wang लाई थाहा भएको हुनु पर्छ, यस कसूरमा संलग्न रहेका Daojin Wang लगायतका ब्यक्तिहरुलाई कानून बमोजिम कारबाही हुनु पर्छ भन्ने ब्यहोराको खुवा प्रसाद न्यौपानेको कागज ।

थ) **<u>जिवन कुमार गुरुङले गरेको कागज:</u>**

२०७१ सालतिर काठमाडौंमा भएको चीन नेपाल मैत्री सम्बन्धको एउटा कार्यक्रममा यस मुद्दाका प्रतिवादी DAOJIN WANG  सँग चिनजान भएको थियो।  DAOJIN WANG सँग मेरो चिनजान भए पछि निज DAOJIN WANG ले मलाई साँझको खानाको लागि निमन्त्रणा गरे पछी म अन्दाजी ४ पटक निज DAOJIN WANG को स्वयम्भु ठुलो भर्याङ स्थितमा भाडामा लिएर बसेको घरमा गई खाना खाएको थिए। २०७४ सालको कार्तिक महिनातिर DAOJIN WANG ले गाडी आवश्यक परेको छ, मेरो नाममा नेपालमा गाडी पास नहुने भएकोले गाडी किन्दा लाग्ने सम्पुर्ण रकम म DAOJIN WANG आफैले नै तिर्छु, केही समयको लागि गाडी तपाईको नाममा पास गर्नु पर्यो भनि आग्रह गरेकोले मैले पनि हुन्छ भनि मिति २०७४।०७।२४ मा चेसिस नं.MEEHSRCFKH1004099 र ईन्जिन नं.E017216 भएको BRONZE रंगको साविकको बा.१७ च. ७५१८ हालको एम्बोष्ट नं. Bagmati B AD 4346 नं.को Duster गाडी थान एक काठमाडौ थापाथली स्थित सो-रुमबाट खरिद गरेको हो। उक्त गाडी खरिद गर्दा सम्पुर्ण रकम निज DAOJIN WANG ले नै तिरेका छन्, यसमा मेरो कुनै पैसा परेको छैन र उक्त गाडी निज DAOJIN WANG ले नै चलाई आएका थिए। यसरी निजले उक्त गाडी प्रयोग गरि आएको समयमा मैले पटक पटक निज DAOJIN WANG लाई फोन गरेर र भेटेर पनि मेरो नाममा भएको उक्त गाडी कसको नाममा पास गर्ने हो छिटो गर्नु भन्ने गरेको थिए। निजले अरुको नाममा छिटै गर्छु भन्ने गरेका थिए, यसै भनि भनि उक्त गाडी मेरो नामबाट अरुको नाममा पास हुन बाँकी रहेको हो। मिति २०७९/०९/१० गते Fly Dubai को Flight number FZ0587 वाट नेपाल आएका चिनिया नागरिक राहदानी नम्वर EJ 6350030 वाहक LI HANSONG ले २ वटा सुटकेश भित्र ७३ बट्टामा रहेको ७३० थान ईलेक्ट्रिक सिगरेट (Vapes) मा  सुन लुकाई छिपाई अवैध रुपमा नेपाल भित्राउने कार्यमा निज DAOJIN WANG समेतको संलग्नता भएको भनि Media तथा पत्रपत्रिकाबाट थाहा हुन आए पछि निज DAOJIN WANG ले उल्लेखित कसूरमा मलाई समेत मुछने होकी भनेर मैले निज DAOJIN WANG लाई फोन गर्दा फोन नलागे पछि पछिल्लो समयमा निज DAOJIN WANG बस्ने गरेको सितापाईला स्थितमा भएको घरमा गएको थिए। सितापाईला जादा DAOJIN WANG नभएको र निजको चालक लोकेन्द्र कुमार पौडेल मात्र घरमा फेला परेकोले निज लोकेन्द्र कुमार पौडेलसँग उक्त गाडीको चावी मागी उक्त गाडी मैले नै चलाई यस केन्द्रीय अनुसन्धान ब्यूरोमा लिएर आएको छु। निज DAOJIN WANG हाल के कहाँ छन मलाई थाहा छैन। चाईनिज नागरिक DAOJIN WANG समेतका ब्यक्तिहरुले संगठीत भई बिदेशबाट अबैधरुपमा बिभिन्न माध्यमबाट नेपालमा सुन भित्राई भन्सार चोरी पैठारी कसूर अपराध समेत गरेकोले केन्द्रीय अनुसन्धान ब्यूरो महाराजगञ्ज, काठमाडौंमा हाल अनुसन्धान भईरहेको भन्सार चोरी पैठारी र संगठीत अपराध कसूर मुद्दामा अनुसन्धान कार्यमा थप सहयोग

पुगोस भनी निजले चढने गरेको मेरो नाममा भएको उक्त गाडी मैले आफै लिएर आई गाडी सहित चाबी र सवारी दर्ता प्रमाण पत्र समेत बुझाएको छु । उक्त गाडी प्रमाणमा लगाई प्रस्तुत कसूर कार्यमा संलग्न ब्यक्तिहरुलाई कानुन बमोजिम कारबाही गरि पाँउ भन्ने ब्यहोरा जिवन कुमार गुरुङको कागज।

द) **होम बहादुर थापाले गरेको कागज**:

यस कसूरमा पक्राउ परी आएका राहुल भन्ने रेशम महरा मेरो आफ्नै फुपुको छोरा दाई नाता पर्ने ब्यक्ति हुन। २०६४ साल देखि नै म राहुल भन्ने रेशम महराको घरमा आउने जाने बस्ने गरी आएको छु। पछिल्लो समयमा विगत ७ महिना अगाडी देखी ललितपुर खुमलटारमा राहुल भन्ने रेशम महरा दाईहरु सगै बसी आएको छु। यसमा मलाई सोधिएका मोबाईल नं. ९८२९५८१४३३ रोल्पा नै घर भई ललितपुर खुमलटार बसीआएका मनोज पुन मगरबाट मैले २०२२ को जुलाई महिनामा चलाउनको लागि मागेर लिएको हो। उक्त नं. तत्काल मैले Apple I phone 6 मा प्रयोग गरेको थिए। Apple I phone 6 बिग्रिए पछि उक्त सिम मैले V-10/pulse V-10 मा प्रयोग गरेको थिए। V-10/pulse V-10 मा राम्रोसँग नेटवर्क नदेखिए पछि मैले Iphone XS max मा प्रयोग गरेको थिए। उक्त सिम कार्ड मैले बेला बेलामा V-10/pulse V-10 र Iphone XS max प्रयोग गर्ने गरेको थिए। राहुल भन्ने रेशम महरा दाईले नेट चलाउने भनि मसँग सिम मागेकोले 28/08/2023 मा मैले प्रयोग गर्ने गरेको ९८२९५८१४३३ नं.को सिम निज दाईलाई दिएको हो। मैले उक्त सिम निज दाईलाई दिए पछि निजले के कुन मोबाईलमा प्रयोग गरेको हो मलाई थाहा छैन। यसमा मलाई देखाईएको Redmi note 12 pro 5g र 30/08/2023 र IMEI 353425687176414 भएको Iphone 14 Promax मोबाईलहरु दाई राहुल भन्ने रेशम महरा दाईले चलाउने मोबाईलहरु हुन। उक्त मोबाइलहरु हाल निजसँग छ छैन मलाई थाहा छैन। उक्त ९८२९५८१४३३ नं. को सिम मैले दाई राहुल भन्ने रेशम महरालाई दिएकोले मैले फिर्ता लिएको छैन हाल के कहाँ छ मलाई थाहा छैन भन्ने ब्यहोराको होम बहादुर थापाको कागज।

ध) **मुक्ति प्रसाद श्रेष्ठले गरेको थप कागज:**

मिति २०७९/०९/१० गते Fly Dubai को Flight number FZ0587 वाट नेपाल आएका चिनिया नागरिक राहदानी नम्वर EJ 6350030 वाहक Li Hansong ले २ वटा सुटकेश भित्र ७३ बट्टामा रहेको ७३० थान ईलेक्ट्रिक सिगरेट (Vapes) भित्र सुन भएको कुरा तत्काल थाहा नभएकोले ठुलो परिमाणको ब्यापारिक सामान भएको देखिएकोले सामान जफत गरी जफत सामानको अभिलेख राखिएको, सोही समयमा निज Li Hansong ले भन्सार कार्यालयका कर्मचारीलाई कुनै जानकारी नदिई निजको पासपोर्ट कार्यालयमा नै छोडि गएको हो। भोलिपल्ट श्याम सुन्दर शाह भन्ने ब्यक्ती आई मलाई मेरो कार्यकक्षमा नै भेटी जफत भएको ईलेक्ट्रिक सिगरेट (Vapes) लाग्ने भन्सार महसुल लिई छोडन मिल्ने भए छोडी दिनु भनेकोले मैले निजलाई जफत भैसकेको माल सामान भन्सार महसुल तिरेर लैजान मिल्दैन भनि दिए पछि निज श्याम सुन्दर शाह मेरो कार्यकक्षबाट बाहिर गएका थिए। त्यस पछि भन्सारको कर्मचारी मेरो कार्यकक्षमा आई Li Hansong को पासपोर्ट दिन मिल्छ कि मिल्दैन भनि मलाई सोधेकोले उक्त ईलेक्ट्रिक सिगरेट (Vapes) जफत भैसकेको हुदा उक्त पासपोर्ट कार्यालयलाई आवश्यक नपर्ने भएकोले फिर्ता दिनु भनि दिएको थिए। सोही अनुसार नै श्याम सुन्दर शाहले Li Hansong को पासपोर्ट लिइ गएका हुन। जफत भएको मालसामान सँगै Li Hansong को पासपोर्ट पनि भएकोले जफत रजिष्ट्ररमा अभिलेख राखे पछि अन्यत्र अभिलेख राख्नु नपर्ने हुदा पासपोर्ट फिर्ताको अन्यत्र अभिलेख नराखिएको तथा भर्पाई नदिइ फिर्ता गरिएको हो। सामान जफत भए पछि पासपोर्ट

जफत गर्न नमिल्ने हुदा पासपोर्ट फिर्ता गर्न थप प्रकृया पुरा गर्नु परेन भन्ने ब्यहोराको मुक्ति प्रसाद श्रेष्ठको थप कागज।

न) **सुजाता घिमिरेले गरेको कागज**:-

मेरो माईतीको घर पोखरामा हजुरबुबा हजुर आमा बसी आउनु भएको छ। नेपालगंजमा भएको घरमा मेरो बुबा र आमा बसी आउनु भएको छ । म अध्ययनको सिलसिलामा ८ बर्ष अगाडी अष्ट्रेलिया गई मेरो बिबाहको लागि २ बर्ष अगाडी नेपाल आएको हुँ । नेपालगंजमा मेरो बुबाले देउराली राईसमिल संचालन गरि आउनु भएको छ। उक्त राईस मिलको गोदाम खाली भएकोले म नेपालमा आउनु भन्दा अगाडी नै पछि मात्र नाम थाहा भएको Daojin Wang ले मासिक रु.२५,०००।– (पच्चिस हजार मात्र) भाडा तिर्ने शर्तमा उक्त गोदाम भाडामा लिएको रहेछ । म नेपालमा आए पछि नेपालगंजबाट काठमाडौ आउने जाने काम भईरहन्थ्यो । Daojin Wang पनि काठमाडौं सितापाईलामा घर भाडामा बस्दै आएका थिए। यसरी म काठमाडौं आउने जाने भईरहने भएकोले मेरो बुबाले Daojin Wang को घरमा गएर गोदामको भाडा रकम लिएर आउनु भन्ने गरेकोले उक्त भाडा रकमको कुरा गर्नको लागि नै निज Daojin Wang सँग फोनमा कुराकानी गरी निज बस्ने गरेको काठमाडौं सितापाईला स्थित घरमा गई भाडा रकम लिने गरेको थिए। Daojin Wang सँग मेरो चिनजान भए पछि निज Daojin Wang ले चाईनमा सस्तो र राम्रो सामानहरु पाउछ उक्त सामानहरु नेपालमा ल्याई दिन्छु, अनलाईन ब्यबसाय गर्नुहोस भनेकोले मैले अनलाईन मार्फत लेडिज ब्याग र हिल जुत्ताको ब्यपार गरि आएको थिए। हाल मैले अनलाईन ब्यबसाय गरेको छैन। यसै क्रममा निज Daojin Wang सँग मेरो चिनजान भएकोले चाईनामा सामानहरु सस्तो र राम्रो पाउने भनेकोले मेरो बिबाहको लागि चाहिने आवश्यक पर्ने सामानहरु (सुटकेश, कपडाहरु, गरगहनाहरु समेत) Daojin Wang ले चाईनाबाट ल्याई दिने कुरा गरेका थिए तर ल्याई दिएनन्। अन्दाजी एक बर्ष अगाडी निज Daojin Wang ले मलाई अमेरीकी ब्राण्डको १० दश लाखको ईलेक्ट्रिक सिगरेट (Vapes) छ लिने हो भने पछि मैले मसँग त्यति पैसा छैन, दुई लाख सम्मको लिन्छु भने पछि निज सँग रु.१ लाख ८० हजारको आठ डब्बामा भएको ८० थान ईलेक्ट्रिक सिगरेट (Vapes) लिएर मेरो असिम भन्ने साथीले पुलचोक ललितपुरमा Mug Shot क्याफे संचालन गर्ने भएकोले निजलाई रू.२ लाख २० हजारमा बिक्री गरेको थिए। उक्त ईलेक्ट्रिक सिगरेट (Vapes) मैले बिक्री गरि सके पछि निज Daojin Wang लाई फोन गरी उक्त उक्त ईलेक्ट्रिक सिगरेट (Vapes) अरु पनि भए दिनुहोस भन्दा अहिले छैन ईण्डिया पठाई सके भनेका थिए। त्यसैले निज Daojin Wang र मेरो ९१ पटक फोन सम्पर्क भएको देखिएको हो। अ.४ महिना अगाडीबाट निज Daojin Wang सँग मेरो भेटघाट भएको छैन, निजसँग मेरो एक पटक फोन सम्पर्क हुदा निज Daojin Wang आफु चाईना भएको बताएका थिए। अन्य सामानहरु पनि चाईनाबाट नेपाल ल्याएर ईन्डिया पठाउछु भने मलाई भन्ने गरेका थिए । मेरो श्रीमानलाई तपाईको फ्याक्ट्री किन्छु समेत भन्ने गरेका थिए। नेपालमा मेरो ठूला ठुला मानिसहरुसँग चिनजान छ, मेरो पहुच राम्रो छ भन्दै बिभिन्न ब्यक्तीहरुको फोटोहरु समेत देखाउने गरेका थिए । निज Daojin Wang समेतले अबैधरुपमा नेपालमा सुन भित्राई भन्सार चोरी पैठारी समेतको कारोबार गरेको भन्ने कुरा पत्रपत्रिका Media

मा आए पछि थाहा भएको हो। यसमा निज Daojin Wang लाई भन्सार चोरी पैठारी तथा संगठीत कसूर अपराधमा कानून बमोजिम कारबाही होस्, भन्ने ब्यहोराको सुजाता घिमिरेको कागज।

प) **<u>अनुप रंजितले गरेको कागज</u>**:

म अनुप रंजित, योगिता बजगाई, शिशिर बहादुर गौतम र लब कुमार थापा समेतको सयुक्त नाममा Speedex worldwide Pvt Ltd. नामको कुरियर एण्ड कार्गो सिनामंगल स्थितमा कार्यालय बनाई संचालन गरी आएका छौं। यस कुरियरको एजेण्टको काम गर्ने ईजरायल र अष्ट्रेलिया समेत दुई देशमा अफिस संचालन भई आएको छ। हामीले संचालन गरेको Speedex worldwide Pvt Ltd मा प्राप्त भएको कुनै पनि सामानहरु बिदेशमा पठाउनु पर्दा ल्याउनु पर्दा DHL, UPS, FEDEX र ARAMEX मार्फत पठाउने गरेको छौ। बिश्वको सम्पुर्ण देशहरुबाट १०० के.जी.माथिको सामानहरु ल्याउनु पर्दा Trans global Service pvt.Ltd., Kantipur Logistic, Challenge Logistic, Royal Cargo, Virat global Logistic र Reliance Logistic समेतका कार्गो मार्फत नेपालमा ल्याउने गरी आएको छौं। यस्तै काम गर्ने भएकोले श्याम सुन्दर शाहले चाईना र हङकङबाट सामानहरु ल्याउनु पर्यो भनि म समेतले संचालन गरेको Speedex worldwide Pvt Ltd मा आए पछि निज श्याम सुन्दर शाहलाई के सामान हो भनि एकिन गरि सके पछि उक्त सामान ल्याउनको लागि हामीले भन्सारमा सामान छुटाउन भन्सार एजेन्ट Peace universal traders (शिशिर गौतम) लाई जानकारी गराउछौ। त्यसपछि Peace universal traders ले भन्सारबाट सामानहरु छुटाई सम्बन्धित  ब्यक्ति, फर्मलाई हस्तान्तरण गर्ने गरेका छौं।  यस्तै काम गर्ने भएकोले श्याम सुन्दर शाहले चाईना र हङकङबाट सामानहरु ल्याउनु पर्यो भनि म समेतले संचालन गरेको Speedex worldwide Pvt Ltd मा आउने गरेको थियो। यसरी नै काम गर्ने क्रममा श्याम सुन्दर शाहले  Daojin Wang लाई समेत साथमा लिएर Speedex worldwide Pvt Ltd. सिनामंगलमा आउने गरेको थियो। अफिसमा पटक पटक आउदा जादा निज Daojin Wang सँग मेरो पनि चिनजान भएको हो। Daojin Wang सँग मेरो चिनजान भए पछि निजले नेपालबाट चाईनामा जडिबुटी पठाउनु पर्यो भनि मलाई फोन गर्ने गरेको, कहिले चाईनाबाट केरुङ नाका हुदै नेपालमा कपडा समेतका सामानहरु ल्याउनु पर्यो भन्सार के कति लाग्छ भनि मलाई पटक पटक फोन गर्ने गरेको थिए।  २०२३ को मार्च महिनातिर हुन सक्छ सुनसरी जिल्लामा सुकुटी बनाउने १० दश टनको मेसिन छ, उक्त मेसिन कम्बोडिया पठाउनु पर्ने भो, कति पैसा लाग्छ भनि निज Daojin Wang ले मलाई फोन गरेका थिए। त्यस पछि मैले त्यसको सम्पुर्ण डकुमेण्ट मलाई उपलब्ध गराउनुहोस भन्दा निजले त्यसको डकुमेन्ट छैन, पुरानो खिया परिसकेको सामान हो, सस्तोमा गरि दिनु पर्यो भन्ने गरेका थिए। तर त्यस्तो काम गर्न नसक्ने बताए पछि त्यस पश्चात पनि अन्य सामानहरुको निकासी  वा पैठारी गर्न सोधपुछ गर्ने गरेकोले निज Daojin Wang को पटक पटक फोन सम्पर्क भएको थियो। पछि निज Daojin Wang ले सामानहरु निकासी पैठारी र सो गर्नको लागि लाग्ने खर्चहरु (भन्सार महसुल, सेवा शुल्क) बारेमा सोधपुछ मात्र गर्ने गरेकोले मैले सो को प्रकृया र लाग्ने महसुल र शुल्क मौखिक जानकारी गराउदा महगो भयो भनि त्यस पछि उक्त सामानहरुको बारेमा निजले थप जानकारी नलिई म सँग बिस्तारै सम्पर्क हुन छोडेको हो।  निज Daojin Wang ले  श्याम सुन्दर शाह मार्फत भनेर ४-१२-२०२२ र २६-१२-२०२२ मा चीनबाट

स्मार्ट वाच, हङकङबाट क्रमश: १-१२-२०२२, २०-१२-२०२२, २७-१२-२०२२, ११-१२-२०२२, १७-१०-२०२२ र २१-०९-२०२२ मा ब्रेक सु, १७-१-२०२२ र २३-१०-२०२२ मा सेभर, १२-९-२०२२, २१-०९-२०२२, २७-०९-२०२२, २०-१०-२०२२ मा स्मार्ट वाच समेतका मालसामानहरु निजले आफैले सिपमेण्ट गरेको र हङकङबाट ०४-१२-२०२२, ६-११-२०२२ र चीनबाट २१-०९-२०२२, १६-१०-२०२२, ०७-११-२०२२, २२-०९-२०२२ र ६-०९-२०२२ मा आएको एयर कम्प्रेसर मेसिन लगायतका सामानहरु Speedex worldwide Pvt Ltd. ले ट्रान्सग्लोबल मार्फत CIF Terms मा आयात (सिपमेण्ट) गरेको हो। उल्लेखित मितिहरुमा आयात गरेको सामानहरुको प्रज्ञानपत्रहरु समेत यसैमा पेश गरेको छु। करिव ४/५ महिना अगाडी देखी निज Daojin Wang संग मेरो सम्पर्क भएको छैन, निज हाल के कहाँ छन मलाई केही जानकारी छैन। निज Daojin Wang ले अबैधरुपमा सुन नेपाल ल्याई भन्सार चोरी पैठारी गरेको कुरा पछि Media मा आए पछि थाहा भएको हो। यसमा निज Daojin Wang लाई चोरी पैठारी तथा संगठीत कसूर अपराधमा कानून बमोजिम कारबाही होस् भनि अनुप रंजितको कागज।

**फ)** **<u>रमेश कुमार कार्कीले गरेको कागज</u>**:

म २०६० सालतिर सिन्धुपाल्चोकको तातोपानी भन्सारमा भन्सार एजेण्टको काम गरी आएको अबस्थामा चिनिया नागरिक Daojin Wang ले चाईनाबाट नेपालमा स्याउ पठाउने गरेकोले सोही समय देखी निज Daojin Wang सँग मेरो चिनजान भई आएको हो। यसरी काम गर्ने क्रममा उक्त भन्सारमा २०६३ साल सम्म काम गरी २०६४ साल देखी म काठमाडौ आई काठमाडौं महलमा कपडा पसल गरी आएको छु। म काठमाडौं आए पछि निज Daojin Wang सँग बेलाबखत भेटघाट भेट भई आएको थियो तर मैले निजको कुनै पनि काम गरेको छैन। काठमाडौं आए पछि मैले २०६८ सालमा मैले तत्कालको बा.६ च. ९४९४ हालको बाग्मती प्रदेश ०३, ३६८ नं. को रातो रंगको टोयोटा कोरोला कार किनेको हो। त्यस पछि २०७८ सालको माघ महिनामा बाग्मती प्रदेश ०३, २०३५ नं.को MG ईलेक्ट्रिक कार किनि प्रयोग गरी आएको छु। यसरी नै २०७९ सालको कार्तिक २८ गते तिर Daojin Wang ले मलाई काठमाडौंको बल्खु स्थितमा अकास्मत भेटी कुराकानि हुदा मलाई कुन गाडी चढिरहनु भएको छ भनि सोध्दा मैले MG ईलेक्ट्रिक कार चढिराखेको छु भन्दा निज Daojin Wang ले अर्को गाडी छ छैन भने पछि मैले छ बनाउन ग्यारेजमा दिएको छु भनेको थिए। त्यस पछि निज Daojin Wang ले मलाई एक हप्ताको लागि टोयोटा कार चलान दिनु भनि मागेको मैले उक्त गाडी एक हप्ताको लागि दिएको हो। सोही समयमा मेरो बुबा बिरामी भएर म गाउ रामेछापमा गई एक महिना घरमा बसी बिरामी निको नभए पछि मैले बुबालाई उपचारको लागि काठमाडौं लिएर आएको थिए। म गाउमा हुदा नै निज Daojin Wang लाई गाडिको बारेमा wechat मा कुराकानी हुदा उक्त गाडी म चलाउछु, महिनाको ६० साठी हजार दिन्छु भनि मौखिक सहमती भए पछी मैले पनि हुन्छ भनि चलाउन दिएको थिए। २०७९ सालको फागुन महिनामा Daojin Wang लाई फोन गर्दा नलागे पछि निज सँग मेरो wechat मा कुराकानी हुदा म अहिले बिरामी भएर बैंककमा उपचार गराउदै छु, चार महिनाको भाडा २ लाख ४० हजार मेरो ड्राईभर लोकेन्द्र कुमार पौडेललाई पठाईदिन्छु भने पछि त्यसको दुई दिन पछि निज लोकेन्द्र कुमार पौडेलले काठमाडौं महलमा भएको मेरो पसलमा उक्त पैसा ल्याई दिएको थियो। त्यस पछि चैत्र महिनातिर निज Daojin Wang लाई फोन गर्दा फोन नलागे पछि निजसँग wechat मा सम्पर्क हुदा म बिरामी भएर चाईनामा उपचार

गराईराखेको छु, १५ दिन पछाडी नेपाल आउछु भनेकोमा मैले सोही अनुसार त्यसको १५ दिन पछि Daojin Wang wechat मा कल गर्दा म अहिले सम्म चाईनामा नै उपचार गराईरहेको छु म निको भई एक महिना पछि नेपाल आउछु भनेको थियो । त्यस पछि मेरो साथी उदव राउत मार्फत Daojin Wang सितापाईला हाउजिङको अगाडी ठुलो घरमा बस्ने गरेको भन्ने लोकेशनको जानकारी पाए पछि म खोज्दै जादा निज Daojin Wang ले चढने गरेको Duster गाडी देखे पछि मैले उक्त घरको ढोका ढकढकाउदा लोकेन्द्र कुमार पौडेल आई ढोका खोले पछि मैले निजलाई Daojin Wang हाल के कहाँ छ र मेरो गाडी कहाँ छ भनि सोध्दा Daojin Wang हाल चाईनामा भएको र गाडी निज Daojin Wang को साथीले चलाउदै आएको छ, तपाईको गाडी ठमेलको छायासेन्टरको पार्कीङमा हुन्छ त्यहाँ जानुहोस भने पछि म लगातार ४ दिन जादा चौथो दिनमा मेरो गाडी पार्कीङमा भएको देखि तत्काल Daojin Wang लाई फोन गरि मेरो गाडी कसले चलाउदैछ, निज कहाँ बस्छ, फोन नं. र नाम पठाईदिनु भन्दा पार्किङ माथी भएको waldo क्यासिनो र होटलमा बस्छ निजको नाम Yongxin Peng हो भने पछि म क्यासिनोमा गई गार्डलाई सोध्दा त्यस्तो कुरा हामीले भन्न र भित्र जान पनि मिल्दैन भने पछि म होटलमा गई सोध्दा निज Yongxin Peng भर्खरै बाहिर निस्केर गयो भने पछि म पार्कीङ जादा मेरो गाडी थिएन । त्यस केही दिन पछि निज Daojin Wang ले अबैधरुपमा सुन नेपाल ल्याई भन्सार चोरी पैठारी गरेको कुरा Media मा आए पछि मैले निजसँग धैरे समय सम्म सम्पर्क नगरी बसे । यसरी २०८० साउन महिनाको २० गते देखी भदौ १० गते सम्म अन्दाजी १०/१२ पटक निज Daojin Wang लाई wechat मा कल गरी मेरो गाडी के कहाँ भनि सोध्दा निज आफु चाईनामा नै भएको र मेरो गाडी निजको साथी Yongxin Peng नेपालगंजमा चलाउदै छ, १५ दिन पछि म नेपाल आउछु र साथी पनि गाडी लिएर काठमाडौं आउछ, त्यस पछि गाडि दिउला भने पछि मैले निज Daojin Wang लाई साथीको मोबाइल नं.दिनु भनि पुन माग्दा निज Daojin Wang हुन्छ पठाईदिन्छु भनेकोमा निजले अहिले सम्म पनि निज Daojin Wang ले निजको साथीको मोबाईल नं. उपलब्ध गराएको छैन । यसरी नै मिति २०८०।०६।०९ गते निज Daojin Wang लाई wechat मा कल गरी तपाई कहाँ हुनु हुन्छ ? मेरो गाडी कहाँ छ ? कसले चलाउदै छ ? चलाउने ब्यक्तीको मोबाईल नं. पठाईदिनु भन्दा निज Daojin Wang हाल चाईनामा नै भएको र एक महिना पछि नेपाल आउछु भनेको र मेरो गाडी नेपालगञ्जमा नै साथीले चलाउदै आएको र निज साथीले हाल नेपालगंजमा नै जडिबुटी काम गरि आएको कुरा बताएका थिए तर साथिको मोबाइल नं. मलाई उपलब्ध गराएको छैन । हाल सम्म पनि मेरो बाग्मती प्रदेश ०३, ३६८ नं.को रातो रंगको टोयोटा कोरोला कार मैले प्राप्त गरेको छैन, चलाउने ब्यक्तिको सम्पर्क नं. समेत उपलब्ध गराएको छैन । यस चोरी पैठारी तथा संगठीत कसूर अपराधमा संलग्नता भएका निज Daojin Wang समेतका ब्यक्तिहरुलाई कानून बमोजिम कारबाही होस् भन्ने ब्यहोराको रमेश कुमार कार्कीको कागज ।

**ब) <u>लोकेन्द्र कुमार पौडेलले गरेको सनाखत कागज</u>:-**

लिखितम सर्लाही जिल्ला साविक राजघाट गा.बि.स.वडा नं.७ हालको परिवर्तित बाग्मती न.पा. वडा नं.५ घर भई हाल काठमाडौं जिल्ला नागार्जुन न.पा. वडा नं.४ बस्ने कुल बहादुर पौडेलको छोरा वर्ष ३९ को लोकेन्द्र कुमार पौडेल आग्ये, प्रहरी प्रतिवेदन जाहेरीले बादी नेपाल सरकार प्रतिवादी राहुल भन्ने रेशम महरा समेत

भएको भन्सार चोरी पैठारी र संगठित कसूर अपराध मुद्दामा अनुसन्धानको सिलसिलामा मिसिल संलग्न रहेको Nima gurung को नामको राहदानी नं.०९४६००५१ मा भएको ब्यक्ति र वायाँ हातले फोन समाती कुरा गरिरहको सेतो चश्मा लगाएको ब्यक्तीको रंगिन प्रिन्ट गरिएको फोटो तपाईलाई देखाईन्छ, उल्लेखित ब्यक्ती नै २०७९ सालको चैत्र महिनातिर तपाई लोकेन्द्र कुमार पौडेल र राहुल भन्ने रेशम महरा सगै त्रिभुवन अन्तराष्ट्रीय बिमानस्थल भन्सार कार्यालयका कार्यालय प्रमुख अरुण पोखरेलसँग भेटन जाने नेपाली बोल्ने तिब्बियन जस्तो देखिने ब्यक्ति हो, होईन, हेरी चिन्ही सनाखत गरिदिनुहोस् भनि अनुसन्धान अधिकृतबाट सोधनी हुदा मेरो चित्त बुझ्यो, यसमा मलाई देखाईएको उल्लेखित ब्यक्ति नै २०७९ सालको चैत्र महिनातिर म र राहुल भन्ने रेशम महरासँग सगै मिति २०७९।०९।१० गते जफत भएको ईलेक्ट्रिक सिगरेट (Vapes) को बारेमा त्रिभुवन अन्तराष्ट्रीय बिमानस्थल भन्सार कार्यालयका कार्यालय प्रमुख अरुण पोखरेलसँग कुरा गर्न जाने ब्यक्ती हुन, फरक छैन मैले हरिचिन्ही सनाखत गरिदिए भन्ने ब्यहोराको सनाखत कागज।

भ) **<u>लोकेन्द्र कुमार पौडेलले गरेको थप कागज</u>**:-

Daojin Wang ले रमेश कुमार कार्कीको बाग्मती प्रदेश ०३, ३६८ नं. को रातो रंगको टोयोटा कोरोला कार मासिक रु.६० साठी हजार भाडा तिर्ने गरी भाडामा लिएर काठमाडौं बुढानिलकण्ठमा बस्ने Asin भन्ने Yongxin Peng, Lingfeng Peng, Zhong Jingchuan, Fengcheng Lin चलाउन दिएको साँचो हो। Daojin Wang समेत Asin भन्ने Yongxin Peng, Lingfeng Peng, Zhong Jingchuan, Fengcheng Lin र Li Honsong समेतले बिभिन्न देशहरुवाट ईलेक्ट्रिक सिगरेट (Vapes) समेतका सामानहरु भित्र सुन लुकाई छिपाई नेपालमा आयात गर्ने गरेको पनि साचो हो। मिति २०७९/०९/१० गते Fly Dubai को Flight number FZ0587 वाट नेपाल आएका चिनिया नागरिक राहदानी नम्वर EJ 6350030 वाहक LI HANSONG ले २ वटा सुटकेश भित्र ७३ बट्टामा रहेको ७३० थान ईलेक्ट्रिक सिगरेट (Vapes) ल्याएको समयमा काठमाडौं बुढानिलकण्ठ बस्दा बाग्मती प्रदेश ०३, ३६८ नं. को रातो रंगको टोयोटा कोरोला कार चढने गरेको मलाई थाहा छ। २०७९ को फागुन महिनातिर Daojin Wang बिरामी भई उपचारको लागि बैंकक जादा यहाँ केही काम पर्न सक्छ भनि मलाई रु.२ लाख ५० पचास हजार छोडेर बैंकक गएका थिए। बैंकक गए पछि Daojin Wang ले मलाई कल गरेर मलाई राख्न दिएको रु.२ लाख ४० हजार रमेश कुमार कार्कीलाई दिनु भनि रमेश कुमार कार्कीको फोन नं. मलाई उपलब्ध गराए पछी सोही अनुसार मैले रमेश कुमार कार्कीलाई फोन गरि निजले भने अनुसार उक्त पैसा लिएर काठमाडौं महलमा गई निज रमेश कुमार कार्कीको पसलमा काम गर्ने ब्यक्तिलाई छोडि दिएको थिए। एक दिन रमेश कुमार कार्की Daojin Wang बस्ने गरेको घरमा आई मलाई भेटी निजले आफ्नो गाडी कहाँ छ भनि सोधपुछ गर्दा मैले चाईनिज नागरिक Asin भन्ने Yongxin Peng समेतले तपाईको कोरोला कार चढी आएका छन्, निजहरु ठमेलको छाँया सेन्टर स्थितमा भएको Waldo क्यासिनोमा हुन सक्छ त्यहाँ गएर हेर्नु भनि पठाएको थिए। त्यस बेला निज रमेश कुमार कार्कीले निजको कार ठमेलमा भेटे, भेटेनन मलाई थाहा भएन। Daojin Wang चिनिया नागरिक भएकोले निजको नाममा नेपालमा कुनै सवारी साधन खरिद गर्न नमिल्ने भएकोले Daojin Wang चढने मैले चलाउने गरेको बा १७ च.७५१८ नं.को गाडी Daojin Wang ले खरिद गर्न लागेको सम्पुर्ण रकम तिरेर जिवन कुमार गुरुङको नाममा खरिद गरेको साचो हो भन्ने ब्यहोराको लोकेन्द्र कुमार पौडेलको कागज।

म) **कर्मा तामाङले गरेको कागज:**

करिव ७ बर्ष अगाडी म मुगुबाट काठमाडौं बौद्ध आई जडीबुटीको ब्यपार ब्यबसाय गरी आएको छु । मैले जुम्ला र मुगु जिल्लाबाट यार्सागुम्वा र सेतकचिनि नामको जडिबुटीहरु खरिद गरी काठमाडौं ल्याई बिक्री वितरण गर्ने कार्य गरी आएको छु । उक्त जडिबुटीहरु बेला बखत बिदेश भियतनाम, कम्बोडिया समेतका देशहरुमा समेत पठाउने गरेको छु । यार्सागुम्बा किलोको रु.२०/२१ लाखमा र सेतकचिनि क्विन्टलको ५० देखी ५५ हजार सम्म बेचबिखन गरि आएको छु । यसरी नै जडीबुटीको काम गर्ने क्रममा यस मुद्दाका प्रतिवादी Daojin Wang ले पनि म बाट सेतकचिनि र यार्सागुम्बा खरिद गरेकोले निजसँग मेरो चिनजान भई भेटघाट र फोनमा समेत सम्पर्क भई आएको छ । ४ चार बर्ष अगाडी निज Daojin Wang सँग मेरो भेट हुदा निजले मलाई सेतकचिनी चाहियो भने पछि मैले निज Daojin Wang लाई क्विन्टलको ५० हजारको दरले जम्मा ३५० क्विन्टल जति बिक्रि गरेको थिए । निजलाई सेतकचिनी बिक्री गरेको रकम निजले मलाइ पटक पटक गरी दिई सकेका छन । Daojin Wang लाई उक्त सेतकचिनि बिक्री गरेको रकम लिन जादा निजसँग मेरो धेरै पटक निज बस्ने गरेको सितापाईला स्थित घरमा भेटघाट भएको छ । यसरी नै १ एक बर्ष अगाडी मात्रै निज Daojin Wang ले मलाई यार्सागुम्बा चाहियो भनेकोले मैले ६ के.जी. जति यार्सागुम्बा १ के.जी.को २१ एकाईस लाखको दरले बिक्री गरेको हो । उक्त बिक्री गरेको यार्सागुम्बाको एक करोड जति पैसा निज Daojin Wang ले मलाई दिएको छैन । मैले निज Daojin Wang उक्त पैसा माग्दा पछी दिन्छु भनि टार्ने गरेका थिए । पछि निज Daojin Wang समेतले बिभिन्न देशहरुबाट ईलेक्ट्रीक सिगरेट (Vapes) समेतको चिजबस्तुहरुमा अबैधरुपमा सुन लुकाई छिपाई नेपाल ल्याई भन्सार चोरी पैठारी गरेको कुरा संचार माध्यममा आए पछि मलाई थाहा भएको हो, त्यस पछि मैले निज Daojin Wang लाई फोन गरेको छैन र भेटघाट पनि गरेको छैन । निज हाल के कहाँ छ मलाई थाहा छैन, यस कसुरमा संलग्न रहेका निज Daojin Wang समेतलाई कानून बमोजिम कारबाही होस, भन्ने ब्यहोराको कर्मा तामाङको कागज ।

य) **रमेश शेर्पाले गरेका कागज**:

म विगत २०६१ सालबाट मेरो पारिवारिक व्यापारको रुपमा तातो पानी बोर्डरमा भान्छाको सामान, लता कपडा जुत्ता, रसायनिक मलकोआयात निर्यातको काम गर्दै आई रहेको छु । ललितपुर जिल्ला, ललितपुर महानगरपालिका वडा नं. ८ बालकुमारीमा रहेको Silk GroupPvt. Ltd. को अध्यक्षको रुपमा करिब १० वर्ष देखी काम गर्दै आई रहेको छु । तातो पानि नाका भुकम्प आएकोसमयबाट बन्द रहेको कारण म रसुवा नाकामा काम गर्न थालेको थिए सोही अबधिमा निज Daojin Wangलाई आज भन्दा ५ वर्ष अगाडी चिनेको हो । काठमाडौ जिल्ला स्यम्भुमा नाम्लेचोक स्थित मेरो बुबा आमा बसोबास गर्ने घर नजिक निजले एउटा घर भाडामा लिएर उक्त घरमा बसोवास तथा अफिस पनि खोलेको थियो । उक्त घरमा स्थान अभावको कारण मेरो बुबाको घरमा पनि सटर लिएर सामानहरु राखेको थियो । निजले चाईनिजको गार्मेन्टको सामानहरुको व्यवसाय गर्ने गरेको थाहा पाएर मेरो पनि तत्कालिन समयमा ३० वटा ढुवानी ट्रक रहेकोमा ढुवानीको काममा समन्वय गरेमा मलाई पनि आर्थिक लाभ हुने आशयले मैले निजसंग चिनजान गरेको हुँ । केही समय निजले मेरो सवारी साधनहरु प्रयोग गरेका थिए । उक्त समयमा निजको नेपाल भरी चाईनिज गार्मेन्टको सामान हरेक सामानको रु. ६०० मा बिक्रि गर्ने पसलहरु छ भनेको थियो तर कहाँ कति छ मलाई थाहा छैन मैले रसुवा नाकाबाट सामान

ढुवानी गरेर उक्त स्यम्भूमा रहेको गोदाममा झारिदिने गरेको थिए ।तातो पानि नाका खुले पछि मैले रसुवाबाट सामान ढुवानी गर्न बन्द गरी तातो पानी नाकामा नै काम गर्न थालेको हो ।त्यसपछि मैले रसुवामा सामान ढुवानी गर्न बन्द गरेको ४ वर्ष पछि निजले मलाई मोवाईल नं. ९८०१०९९९८बाट फोन गरेर सामान ढुवानीमा गाह्रो पर्यो पुन: रसुवाबाट यस पटक लताकपडा सहितईलेक्ट्रिक सिगरेट (Vapes) हरु पनि ल्याउन ढुवानीमा सहजीकरण गर्न सहायता गर्नु पर्योभनि पटक पटक फोन मार्फतअनुरोध गरेका थिए । तर मलाई रसुवा भन्सारबाट सामान ढुवानी गर्न भन्दा तातोपानी भन्सारबाट सामान ढुवानी गर्न लागत कम पर्ने हुनाले निजको प्रस्ताव स्विकार गरिन यसरी मैले रसुवाबाट ढुवानी बन्द गरिसके अब गर्दिन भन्दा पनि बारम्बार फोन गरेर रसुवाबाट सान ल्याउन सहजीकरन गरिदिनु भन्ने गरेको हुँदा मैले निजको फोन उठाउन बन्द गरे त्यस पछी Daojin Wang ले पनि फोन गर्न छाडेको हो । म स्यम्भुको घरमा जादा निजले स्यम्भु स्थित गोदाम सितापाईलामा सारेको कुरा थाहा पाएको हो ।निज Daojin Wang ले अबैधरुपमा सुन नेपाल ल्याई भन्सार चोरी पैठारी गरेको कुरा Media समाचारहरु आउन थाले पछी थाहा पाएको हो । निज संग मेरो फोन सम्पर्क छुटे पछी निज कहाँ छन् मलाई थाहा छैन । यसमा निज Daojin Wangसमेतका संलग्न व्यक्तहरुलाईचोरी पैठारी तथा संगठीत कसूर अपराधमा कानून बमोजिम कारबाही होस् भन्ने ब्यहोराको रमेश शेर्पाको कागज ।

र) **Thomas Ignatius Agnelo Murray ले गरेको कागज**:

मैले २०१३ देखी Flash Freight Logistics Pvt.Ltd नामको कार्गो सेवा काम गर्ने कम्पनी संचालन गरी आएको छु । हाल उक्त कम्पनीमा ६० जना जति कामदारहरु छन । यसरी कार्गोको काम गर्ने क्रममा चिनजान भएका यस मुद्दाका प्रतिवादी Daojin Wang ले पनि भियतनाम र म्यानमारमा सेतकचिनी नामको जडिबुटी निर्यात गराई दिनको लागि मैले संचालन गरेको Flash Freight Logistics Pvt.Ltd लाई निर्यात गराईदिने जिम्मा दिएकोले सोही अनुसार निजले भनेर मेरो कम्पनीबाट ८ पटक भियतनाम र म्यानमारमा उक्त सेतकचिनी नामको जडिबुटी कन्टेनरमा पठाईदिएको हो । Flash Freight Logistics Pvt.Ltd ले कार्गोको काम गर्ने क्रममा निज Daojin Wang को उक्त सामानहरु निर्यात गर्ने कार्गो सेवा लिए बापतको अन्दाजी रु.७६ लाख बराबरको कारोवार भएको थियो । निजलाई २०२१ अगष्ट महिना देखी २०२२ अगष्ट महिना सम्म कार्गो सेवा दिएको हो । निज Daojin Wang ले कार्गो सेवा लिए वापत हाल सम्म Flash Freight Logistics Pvt.Ltd लाई रु.२७ लाख अझै दिन बाँकी रहेकोछ । निज Daojin Wang ले सम्पुर्ण कारोवार संचालक सुदिप अधिकारी भएको फरएभर ट्रेडर्सको नामबाट गरेका हुन । यसरी निज Daojin Wang सँग निर्यात कार्गोको कारोवार गर्ने क्रममा निज Daojin Wang को मोबाइल नं. ९८०१०९९९८ र मेरो ९८०१०३०३०१ विच ६७ पटक सम्पर्क भएको हो । यसरी नै निजसँग निर्यात कार्गोको कारोवार गर्ने क्रममा Flash Freight Logistics Pvt.Ltd मा काम गर्ने अन्य कर्मचारीहरु दिपेश अधिकारीको मोबाईल नं.९८०१०३०३४१ सँग ६६ पटक र मुकेश महर्जनको मोबाईल नं.९८०१०३०३४० सँग ५३ पटक समेत कल भएको देखिएको हो । निज Daojin Wang सँग अ.दुई महिना अगाडी देखि सम्पर्क भएको छैन निज हाल के कहाँ छन मलाई थाहा छैन । निज चाईनिज नागरिक Daojin Wang समेतले ईलेक्ट्रिक सिगरेट (Vapes) समेतका चिजबस्तुहरु भित्र अबैधरुपमा सुन लुकाई छिपाई नेपाल ल्याएको कुरा संचार माध्यमबाट थाहा भएको हो । यसमा संलग्नता भएका Daojin Wang समेतका ब्यक्तिहरुलाई कानून बमोजिम कारबाही होस् भन्ने ब्यहोराको Thomas Ignatius Agnelo Murray कागज ।

ल) **टासी योङजम लामाले गरेको कागज**:

मेरो घर परिवारका सम्पुर्ण सदस्य काठमाडौं जिल्ला का.म.पा.वडा नं.६ बौद्ध स्थितमा घर बनाई बसी मैले बौद्ध फुलबारी स्थितमा किराना पसल संचालन गरी आएको छु । मेरो बुबा कर्म ढुण्डुप लामाले सेतकचिनि, यार्सागुम्बा समेतका जडिवुटीहरु मुगुबाट काठमाडौं ल्याएर बिक्री गर्ने काम गरी आउनु भएको छ । यसरी नै जडीबुटीको काम गर्ने क्रममा करिव २ बर्ष अगाडी तिर मेरो बुबाले यस मुद्दाका प्रतिवादी चाईनिज नागरिक Daojin Wang लाई सेतकचिनि बिक्री गरेकोमा उक्त बिक्री गरेको सेतकचिनिको रकम दिन नसकेकोले निज Daojin Wang बाट हामीले पटक पटक गरी चाईनाबाट ल्याएको घिउ, सउस, ट्वाईलेट पेपर र चिया समेतका सामानहरु लिएका छौ । यसरी नै मेरो पसलको लागि सामानहरु ल्याईदिनको लागि मैले निज Daojin Wang लाई पटक पटक फोन गरेको हो र सोही कामको लागि निज Daojin Wang ले पनि मलाई कल गरेका हुन । मेरो बुबा कर्मा ढुन्डुप लामाले Daojin Wang लाई जडिबुटीहरु बिक्रि गरी एक अर्कामा कारोबार गर्ने भएकोले निज Daojin Wang सँग मेरो बुबाको पनि फोन सम्पर्क भएको हो । निज Daojin Wang सँग करिव ४/५ महिना अगाडी देखी सम्पर्क भएको छैन, निज हाल के कहाँ छन मलाई थाहा छैन । निज Daojin Wang सँग यस बाहेक अन्य कुनै कारोवार छैन । हाल मेरो बुवा मुगुमा नै हुनुहुन्छ । निज चाईनिज नागरिक Daojin Wang समेतले ईलेक्ट्रिक सिगरेट (Vapes) समेतका चिजबस्तुहरु भित्र अबैधरुपमा सुन लुकाई छिपाई नेपाल ल्याएको कुरा संचार माध्यमबाट थाहा भएको हो । यस कसूरमा संलग्नता भएका Daojin Wang समेतका ब्यक्तिहरुलाई कानून बमोजिम कारबाही होस् Tashi Yangzom Lama को कागज ।

व) **भिमकान्त भण्डारीले गरेको कागज**:

मेरो २०७४ सालतिर म अर्थ मन्त्रालयमा ना.सु. पदमा कार्यरत रहदा निज राहुल महरा भन्ने रेशम महरा समेत अर्थ मन्त्री कृष्ण बहादुर महराको पि.ए. भएको कारणले निजसँग सँगै काम गरेको हुनाले निजसँग मेरो चिनजान भई आएको हो । २०७८ साल देखि म जागिर छोडेर ठेक्का पट्टा तथा मेडिक ल्याब संचालन गरी गरि आएको छु । कहिले काही राहुल महरा भन्ने रेशम महरासँग निजको बुबासँग भेटघाट मिलाउन तथा राजनैतिक कुराकानी गर्नको भेटघाट हुने गरेको थियो । पछिल्लो समय २०७९ सालको पुस तिर निज राहुल महरा भन्ने रेशम महराले साईलेस घासको ब्यपारमा साझेदारी गरौ भनि प्रस्ताब लिएर आएका थिए, सो समय म सँग रकम नभएको हुनाले निजसँग सो काममा साझेदारी हुन सकेन । त्यसको केही समय पश्चात निजले संचालन गरेको सेक्युरिटी कम्पनीको मान्छे मेरो अफिसमा जागिर लगाई दिनु भनि कुरा भएको थियो । यसरी नै निज राहुल महरा भन्ने रेशम महरा सँग मेरो फोनमा कुराकानी भई आएको हो । यसका अलावा अन्य बिषयमा कुराकानी भएको छैन । निज राहुल भन्ने रेशम महरा समेतले ईलेक्ट्रिक सिगरेट (Vapes) समेतका चिजबस्तुहरु भित्र अबैधरुपमा सुन लुकाई छिपाई नेपाल ल्याएको कुरा पछि संचार माध्यमबाट थाहा भएको हो । यस कसूरमा संलग्नता भएका राहुल भन्ने रेशम महरा समेतका ब्यक्तिहरुलाई कानून बमोजिम कारबाही होस्, भन्ने ब्यहोराको भिमकान्त भण्डारीको कागज ।

श) **निर्मल महराले गरेको कागज:**

जिल्ला दाङ गढवा गाउँपालिका वडा नं. ४ स्थित म समेत ५ जनाको साझेदारीमा **खुसि एग्रो मल्टिप्रपोज प्राईभेट लिमिटेड** खोली सदस्यको हैसियतमा करिव ५ वर्ष अगाडि देखी सोही लिमिटेडमा कृषिको बिउ बिजनहरु उत्पादन तथा बिक्रि गर्ने काम गर्दै आएका छौ । मैले प्रस्तुत कसूरमा संलग्न Daojin Wang लाई करिव १० वर्ष अगाडी देखि चिन्दछु । बल्खुमा रहेको विभिन्न फलफुलहरुको होलसेल पसलहरुमा स्याउहरु निर्यात गर्ने काम गर्दै गर्दा म पनि बल्खुमै रहेको फलफुल पसलमा फलफुल किन्न जाने क्रममा निज Daojin Wang सँग भेट भई चिनजान भएको हो । निजले ताजा स्याउ पसलमा सप्लाई गर्ने गरेको हुँदा निजले सप्लाई गर्ने पसलहरुबाट मात्र स्याउ किन्न थालेको हुँ । फलफुल किन्दा निज Daojin Wang लाई फोन सम्पर्क गरी ताजा स्याउ आयो कि आएन भनि सोधि स्याउ किन्न जाने गरेको थिए । मेरो बुबा राजनितिक परिवेशको व्यक्तित्व भएको कारणले पनि जिल्ला ललितपुर, ललितपुर महानगरपालिका खुमलटारस्थित मेरो बुबा कृष्ण बहादुर महराले भाडामा लिएको घरमा म आएको बेलामा चार्डपर्वको समयमा निज Daojin Wang पनि मेरो बुबासँग राजनैतिक भेटघाटको लागि अन्य व्यक्तिहरु सरह स्याउ लगायतका कोसेली लिएर मलाई भेट्न आउने गरेका थिए । यसरी निज Daojin Wang सँग फोन सम्पर्क हुने र मसँग भेट्ने भनेको मैले निजले सप्लाई गरेको ताजा स्याउ मात्र लिने तथा कहिले काँही सन्चो बिसन्चोको बारेमा सोध्ने मात्र भएको हो । यस बाहेक अन्य कुनै प्रयोजनको लागि हाम्रो भेट तथा फोन हुने गरेको थिएन । कहिलेकाँही चार्डपर्वको बेलामा म घरमा नभएको बेला पनि निज खुमलटार स्थित घरमा आई परिवारहरुसँग भेट्ने क्रममा मेरो भाई राहुल महरा भन्ने रेशम महरासँग पनि सम्पर्क बढेको हुन सक्छ मेरो भाई काठमाडौंमा नै बस्ने भएको हुँदा निजसँग Daojin Wang को के कस्तो सम्बन्ध छ मलाई थाहा छैन । निज Daojin Wang र मेरो परिवार कुनै पारिवारीक कार्यक्रम भएको समयमा एक अर्काको घरमा आउने जाने गरेका थियौ । निज Daojin Wang सँग कहिले काहि आवश्यक पर्दा मात्र फोन सम्पर्क हुने भएकोले करिब एक/डेढ वर्ष देखि निजसँग फोन सम्पर्क भएको छैन । निज Daojin Wang ले अबैधरुपमा सुन नेपाल ल्याई भन्सार चोरी पैठारी गरेको कुरा Media बाट समाचारहरु आउन थालेपछी थाहा पाएको हुँ तर के-कुन मितिमा Daojin Wang समेतले भन्सार चोरी पैठारी गरी ईलेक्ट्रिक सिगरेट भित्र सुन राखि ल्याएको र उक्त ईलेक्ट्रिक सिगरेट जफत भएको भनि एकीन थाहा भएन । उक्त खबर मैले रातो पाटी मार्फत थाहा पाए पछी पनि मैले निजसँग मेरो फोन सम्पर्क भएको छैन । म दाङमा भएको बेला मिति २०७९ पौष महिना को १० गते तिर निज Daojin Wang ले लगातार पटक-पटक मलाई फोन सम्पर्क गरी तपाई काँहा हुनुहुन्छ, कहिले काठमाडौं आउनु हुन्छ भनि सोधेपछि मैले आफु व्यस्त भएकोले तत्काल काठमाडौं आउन नसकिने भनि जानकारी गराएको थिए । सोही कारणले CDR अभिलेखमा म र Daojin Wang को बिचमा धेरै पटक फोन सम्पर्क भएको देखिएको हुनुपर्छ । हाल निज Daojin Wangके-कहाँ छन् मलाई थाहा छैन । यसमा निज Daojin Wang समेतका संलग्न व्यक्तहरुलाई भन्सार चोरी पैठारी तथा संगठीत कसूर अपराधमा कानून बमोजिम कारबाही होस् भन्ने ब्यहोराको निर्मल महराको कागज ।

ष) **भरतराज अधिकारीले गरेको कागज:**

२०७८ असोज महिना देखी २०७९ चैत्र महिना सम्म रसुवा भन्सार कार्यालयको शाखा अधिकृतको रुपमा कार्यरत रहेको अबस्थामा यस मुद्दाका प्रतिवादी Daojin Wang ले चाईना देखी केरुङ भन्सार हुदै नेपालमा स्याउ, ओखर, नास्पती, लसुन, ड्राई फुड, सुकाको माछा, रेडिमेट कपडाहरु र जडिबुटीहरु साथै बिभिन्न

आयोजनाहरुमा प्रयोग हुने मेसिनरीका सामानहरु समेतका मालबस्तुहरु ल्याउने गरेको थियो। सोही क्रममा निज Daojin Wang ले ल्याएको मालबस्तुहरुको भन्सार छुटाउन निजै आफै आउने जाने गरेकोले भन्सार कार्यालयमा भन्सार राजस्व वुझाउने क्रममा निज Daojin Wang सँग मेरो चिनजान भई एक आपसमा फोन नं. समेत आदान प्रदान भई आएको थियो। निजसँग मेरो फोन नं. आदान प्रदान भए पछि निज Daojin Wang ले बेला बखत मलाई फोन गरी मालसामानहरुको भन्सार के कति लाग्छ भन्ने समेतका भन्सार प्रकृया सम्बन्धि जिज्ञासाहरु मलाई सोध्ने गरेको थियो। यसरी नै म रसुवा भन्सार कार्यालयमा नै कार्यरत रहेको अबस्थामा 2022-12-25 मा क्रिसमस डे को दिन निज Daojin Wang ले Hello, I wish you a merry Christmas, are you in Kathmandu ? I'd like to see you for a minute, लेखि शिष्टाचार स्वरुप शुभकामना पठाएको थियो। यसमा मैले कुनै प्रतिक्रिया जनाईन, सोही दिन बेलुका निज Daojin Wang ले धैरै पटक मिस कल गरेकोले मैले के भएछ भनि निज नै निज Daojin Wang लाई फोन गरी बुझ्दा त्रि.बि. भन्सार कार्यालयमा मेरो सामान जफत गरेको छ उक्त जफत भएको माल बस्तु के कसरी छुटाउन सकिन्छ भनेकाले मैले त्रि.बि. भन्सार कार्यालयका कर्मचारीहरुसँग बुझ्नुहोस भनि दिएको थिए। यसरी नै त्यसको भोलिपल्ट 2022-12-26 गतेको ११:१६ बजेको समयमा Mukti Shrestha, ११:१७ बजेको समयमा He is customs. Do you know this guy ? can you find his phone number ? भनि म्यासेज पठाएको र फोनमा समेत मलाई भनेकोले मैले निज Daojin Wang लाई मुक्ति श्रेष्ठको मोबाईल नं. फोनमा नै वताई दिएको थिए। सोही दिन १७:२१ बजे Sir, you must ask your friend for help. The goods are worth one million rupees. If you can take them out, I will give them to everyone. Thanks लेखी एस.एम.एस पठाएको र फोनमा समेत त्रि.बि. भन्सार कार्यालयमा जफत भएको मालसामान निकालि दिएमा १० दश लाख दिने भनि प्रस्ताव गरेकोले मैले यसमा म बाट हुदैन, मेरो अधिकार क्षेत्र पनि होईन, तपाई त्रि.बि. भन्सार कार्यालयमा नै गएर बुझ्नुहोस भनेको थिए। 2022-12-26 गते त्रि.वि.भन्सार कार्यालयमा मेरो सामानलाई जसरी भए पनि जाँचपास गर्न सहयोग गरि दिनु भनि निज Daojin Wang ले मलाई पटक पटक फोन गरी गरेकोमा मैले यस बिषयमा मलाई थाहा छैन, म रसुवा भन्सार कार्यालयमा नै कार्यरत छु, तपाई त्रि.बि.भन्सार कार्यालयमा नै गएर कुरा गर्नुहोस् भनेको थिए। त्यस पछिका अन्य दिनहरुमा निज Daojin Wang ले मलाई फोन गरेर जफत भएको सामानको लिलामको कानूनी प्रकृया के हो ? कसरी लिलाम हुन्छ भनि सोधेका थिए, मैले प्रचलित भन्सार ऐन, २०६४, नियमावली, २०६४ र आर्थिक ऐन बमोजिम लिलाम गर्न मिल्ने सामान भएमा मात्र लिलाम हुन्छ, सो सम्बन्धमा कार्यालय प्रमुखसँग बुझ्दा राम्रो हुन्छ भनि बताईदिएको थिए। निजले मलाई त्रिभुवन अन्तराष्ट्रिय बिमानस्थल, गौचरमा जफत भएको सामानको नाम विवरण खुलाएको थिएन, यसरी नै Daojin Wang सँग मेरो फोनमा कुराकानी हुने क्रममा एक दिन Daojin Wang ले मैले नेपालीमा बोलेको कुरा राम्ररी नबुझे पछी लोकेन्द्र कुमार पौडेललाई बोल्न दिएका थिए। सो समयमा निज लोकेन्द्र कुमार पौडेलसँग मेरो कुराकानी हुदा मलाई त्रि.बि.भन्सार कार्यालयमा तपाईको साथिहरु छन भने जफत भएको सामान छुटाउन सहयोग गरिदिनु भनेका थिए, त्यसबेला पनि लोकेन्द्र कुमार पौडेललाई मैले कानून बमोजिम छुटाउन मिल्ने सामानहरु भए आवश्यक राजस्व लिएर जाँचपास गरिदिन्छ, अन्यथा जफत हुन्छ, मैले भन्सार छुटाउन सक्दिन भनि दिएको थिए। निज Daojin Wang ले जफत भएको मालबस्तु यहि हो भनेर मलाई नवताएकोले तत्काल उक्त जफत भएको बस्तुमा सुन भएको मलाई थाहा भएन। पछि त्रि.बि. भन्सार कार्यालयमा कार्यरत ना.सु. रेवन्त

खडका समेतलाई प्रहरीले पक्राउ गरी आपराधिक बिश्वासघात र संगठीत कसूर अपराधमा यसै ब्यूरोबाट अनुसन्धान गरे पछि मात्र उक्त जफत भएको मालबस्तु ईलेक्ट्रीक सिगरेट (Vapes) भएको र सो भित्र चिनिया नागरिक LI Honsong भन्ने ब्यक्तिले सुन लुकाई छिपाई ल्याएको भन्ने थाहा भएको हो। यसमा निज Daojin Wang र लोकेन्द्र कुमार पौडेलले उक्त जफत भएको करोडौं मुल्यको मालबस्तु छुटाउनको लागि मलाई दश लाखको प्रस्ताव राखेकोले उक्त जफत भएको ईलेक्ट्रीक सिगरेट (Vapes) भित्र सुन भएको कुरा निजहरु दुबै जनालाई थाहा भएको हुनु पर्छ। ईलेक्ट्रीक सिगरेट (Vapes) भित्र सुन लुकाई छिपाई ल्याई भन्सार चोरी पैठारी गरी नेपाल सरकारलाई राजस्वमा ठुलो रकमको हानी नोक्सानी पुर्याउने काममा निजहरुको संलग्नता देखिएको हुदा यस भन्सार चोरी पैठारी तथा संगठीत कसूर अपराधमा संलग्नता भएका निज Daojin Wang समेतका ब्यक्तिहरुलाई कानून बमोजिम कारबाही होस् भन्ने ब्यहोराको भरतराज अधिकारीको कागज।

स) **<u>लैकु लामाले खूलाई लेखाई दिएको कागज:</u>**

०५१ सालमा काठमाडौं जिल्ला का.म.न.पा. बालुवाटर स्थित हिमालयनहब्सट्रेडर खोलेर जडिबुटूको काम थालेको हो पछि ठूलो मात्रामा पहाडबाट प्रत्यक्ष प्लेनबाट बाँके झर्ने हुनाले सजिले हुन्छ भनेर बांके जिल्लात्रिपुरा राजा ऐरपोर्ट नजिक हिमालयन हब्स को गोदाम राखेको थिए। उक्त गोदाम सानो भएको कारण आज भन्दा ५ वर्ष अगाडी ऐ. जिल्ला नेपालगन्ज उपमहानगरपालिका खजुरा रोड स्थित गोदाम सारेको हो। मैले प्रस्तुत कसूरमा संलग्न निज Daojin Wangलाई करिव ८ वर्ष अगाडी देखि चिन्दछु। जडिबुटीको सप्लाई गर्ने काम म गर्दथे र निज प्रतिवादी Daojin Wang मेरो जडिबुट्टी किन्न आएको थियो र सोही समय देखी मैले निजलाई चिनेको हो। निजले अडर गर्ने र हाम्रो हिमालय हब्समा आएको अर्डर अनुसार गाउबाट जडिबुट्टि संकलन गरि सके पछि निज उक्त जडिबुट्टी लिन आउथे निजले भने अनुसार निजले उक्त जडिबुट्टी चाईना स्थित औषधी फ्याक्ट्रीमा लगेर बेच्ने गरेको भन्ने थाहा पाएको हो। सुरु सुरुमा पुरा रकम भुक्तानी गरेर किन्ने गरेको कहिले काही अग्रिम भुक्तानी समेत दिने गरेको हुँदा विश्वास लागी पछी २/४ बर्षपछी किनेको सामनको ५० % रकम तिरेर मात्र पनि जडिबुट्टि दिन थालेको थिए। पछी कोरनाको समयमा भन्सारबाट सामान पास गर्न सकेको छैन म कोरनाको प्रभाव रोकिए पछी तिर्छु भनेको थियो। सन् २०२२ मा निजले विरामी भएको कारण बैङकक गएको र निको नभएर चाईनागाको छु उपचारको लागी भन्दै टारी रहेको थियो र मैले मेरो जडिबुट्टिको पैसा नपाएको भएर निजले लगेको जडिबुट्टी फिर्ता समेत ल्याएको थिए। अझै पनि पैसा पाउन बाकी रहेको कारण मलाई निजको विश्वास लाग्न छाडे पछी मैले चेक माग्दा निजको ड्राईभर लोकेन्द्र कुमार पौडेलको नाममा रहेको चेक काटिदिएको थियो र मैले निज लोकेन्द्र कुमार पौडेललाई बारम्बार फोन गर्दा मलाई Daojin Wang ले पैसा दिएका छैनन् तपाईले उसैलाई फोन गर्नु होस भनेका कारण मैले Daojin Wang लाई बारम्बार फोन सम्पर्क गरेको हो। निज Daojin Wang ले म संग जडिबुट्टीको बजार मूल्य कति पुग्यो जस्ता कुराहरु सोध्न फोन गर्ने गर्दथे। आज भन्दा ३ महिनाबाट मैले निजलाई फोन गर्न छाडि निजको ड्राईभरलाई फलोअप गरिरहेको थिए।मिति २०८०/०६/१० गते We chat मा मलाई निज Daojin Wang ले चाईनिज नम्बर बाट एउटा जडिबुट्टीको फोटो पठाएर यो जडिबुट्टी पाउछ कि पाउदैन भनेर सोधेको थियो। म चाईनामा मेरो घरमा छु भनेको थियो। मैले निजलाई Wang भनेर चिन्दथे यसै कार्यालयबाट मलाई फोन आए पछि मात्र निजको नाम Daojin Wang रहेको थाहा पाए र निज समेतले भन्सार चोरी पैठारी गरी ईलेक्ट्रिक सिगरेट भित्र सुन राखि ल्याएको भन्ने कुरा पनि यसै कार्यालयमा आए पछी मात्र थाहा पाएको हो।निज Daojin Wang ले अबैधरुपमा सुन नेपाल ल्याई भन्सार चोरी पैठारी

गरेको कुरा मलाई थाहा थिएन। निज Daojin Wang नेपाल हुँदा ९८०१०९९९९८ बाट फोन गर्दथियो। चाईना जादा WE Chat बाट मात्र कुरा गर्दथियो। हाल निज Daojin Wang के-कहाँ छन् मलाई थाहा छैन। यसमा निज Daojin Wang समेतका संलग्न व्यक्तहरुलाई भन्सार चोरी पैठारी तथा संगठीत कसूर अपराधमा कानून बमोजिम कारबाही होस् भन्ने ब्यहोराको लैकु लामाको कागज।

ह) **संगिता गुरुङले गरेको कागज**:

बिगत १६ बर्ष अगाडीबाट यार्सागुम्बा लगायतका जडिबुटीहरु मनाङ मुस्ताङबाट ल्याई चाईनिज ब्यापारीहरुलाई बिक्री गर्ने कार्य गर्दै आईरहेको छु। Daojin Wang लाई मैले जडिबुटी बिक्री गर्ने क्रममा आज भन्दा करिब १ बर्ष अगाडी देखी चिनेको हुँ। सोही क्रममा म र निज Daojin Wang बिच जडिबुटी खरिद बिक्री गर्नको लागी फोन नं. आदान प्रदान भएको थियो। निज Daojin Wang ले म सँग सेतकचिनी लगायतका जडिबुटीहरु खरिद गरेका थिए। निज Daojin Wang ले म सँग दुई पटक गरेर ७०० के.जी. सेतकचिनी जडिबुटी खरिद गरेका थिए। मैले निज Daojin Wang लाई के.जी.को रु.७८०।– दरले बिक्री गरेको थिए। पहिलो पटक जडिबुटी खरिद गर्ने क्रममा मलाई निज Daojin Wang ले रु.२,००,०००।–(दुई लाख) एडभान्स स्वरुप दिएका थिए। सो पश्चात म सँग निज Daojin Wang ले करिब रु. ७,५०,०००।–(सात लाख पचास हजार) को जडिबुटी लिई गई सो बापतको रकम भोलि दिन्छु भनी गएकोमा धेरै दिन सम्म Daojin Wang ले जडिबुटी खरिद गरेको रकम रु. ७,५०,०००।–(सात लाख पचास हजार) मलाई नदिएको कारण मैले मेरो मोबाईल नं. ९८२२९३२६४५ बाट Daojin Wang को मोबाईल नं. ९८०१०९९९९८ मा फोन सम्पर्क गरी रकम माग्ने गरेको थिए। साथै Daojin Wang ले समेत मलाई फोन गरी बिरामी भएको कारण रकम दिन नसेकेको हुँ, पछि दिन्छु भनी बताउने गरेका थिए। निज Daojin Wang ले निज चाईना जानु भन्दा तिन दिन अगाडी २०८० सालको बैसाख महिनामा नगदै रु. ७,५०,०००।–(सात लाख पचास हजार) मलाई दिएका हुन्। Daojin Wang र म बिच जडिबुटी बिक्री गरेको रकम माग्ने क्रममा फोन सम्पर्क हुने गरेको थियो। निज Daojin Wang ले मेरो जडिबुटी खरिद गरे बापतको रकम भुक्तानी दिए पश्चात निज Daojin Wang सँग मेरो कुनै सम्पर्क रहेको छैन। निज Daojin Wang ले ७३० थान ईलेक्ट्रिक सिगरेट (Vapes) मा अवैध रुपमा सुन लुकाई ल्याई अबैध सुन पैठारी गरेको कुरा संचार माध्यमहरुबाट थाहा पाएको हुँ। निज Daojin Wang समेतका अबैध सुन पैठारी गर्ने कार्य संलग्न व्यक्तिहरुलाई चोरी पैठारी तथा संगठीत कसूर अपराधमा कानून बमोजिम कारबाही होस् भन्ने ब्यहोराको संगिता गुरुङको कागज।

क्ष) **ल्हासाङ लामाले गरेको कागज**:

सन् २०२० देखी बालुवाटार स्थित Shanghai Ocean Plus Logistic मा प्रशासकको रुपमा काम गर्दछु। यो Logistic कम्पनी हो यसले बाहिरबाट आउने सामानहरु स्थलमार्ग, हवाईमार्ग तथा समुन्द्र मार्गबाट ल्याईदिने काम गर्दछ। Daojin Wang र YONGXIN PENG नाम गरेका मानिसहरु मलाई याद छैन निजहरुको फोटो देखाउदा समेत मैले पहिचान गर्न सकिन। Shanghai Ocean Plus Logistic को मातहतमा कुरियर कम्पनी SF International Express रहेको छ यसले सानो परिणाममा व्यक्तिगत सामानहरु ल्याईदिने र पुर्याईदिने काम गर्दछ। यसै अन्तरगत काम गर्ने क्रममा निज व्यक्तिहरुसंग फोन मार्फत कुरा भएको हुन सक्छ। भन्सार चोरी पैठारी गरी ईलेक्ट्रिक सिगरेट भित्र सुन राखि ल्याएको भन्ने समाचार सुनेको हो तर मलाई यसै कार्यालयबाट फोन आई मेरो फोनमा पनि निज Daojin Wang र YONGXIN PENG को फोन सम्पर्क रहेको कुरा भने पछि

मात्र थाहा पाएको हो। निजहरुले के कुन कारणले फोन गरेका थिए मलाई याद छैन। अहिले निजहरु कहाँ छन मलाई थाहा छैन। यसमा निज Daojin Wang समेतका संलग्न व्यक्तहरुलाई चोरी पैठारी तथा संगठीत कसूर अपराधमा कानून बमोजिम कारबाही होस् भन्ने ब्यहोराको ल्हासाङ लामाको कागज।

त्र) **कृष्ण बहादुर महराले गरेको कागज**:

मिति २०७९/०९/१० गते Fly Dubai को Flight number FZ0587 बाट नेपाल आएका चिनियाँ यात्रु Li Hansong ले दुई वटा सुटकेश भित्र ७३ बट्टामा रहेको ७३० थान ईलेक्ट्रिक सिगरेट (Vapes) त्रि.बि. भन्सार कार्यालयमा जफत भए पश्चात Daojin Wang ले उक्त सामान त्रि.वि. भन्सार कार्यालयमा पक्राउ परेको तीन दिन भयो, के भएको हो बुझि दिनु पर्यो भनि मलाई भनेको तथा मैले अरुण पोखरेललाई पहिले देखी चिनेको भएको हुनाले के कसो भएको हो, कानून बमोजिम के गर्न मिल्छ हेरि दिनु होला भनि फोन गरेको हो। मेरो छोरा राहुल भन्ने रेशम महरा के कारणले उक्त ईलेक्ट्रिक सिगरेट (Vapes) जफत भएको रहेछ, कानून बमोजिम मिल्ने भए सहयोग गरि दिनु भनि अरुण पोखरेलको सम्पर्कमा गएका हुन। निज Daojin Wang सँग मेरो पुरानो चिनजान हो, निजले मलाई आफु एउटा फलफुल ब्यपारीको रुपमा नेपालमा ब्यापार गर्ने भनि चिनाएका थिए र निज सँग सामान्य विषयमा फोनमा कुराकानी हुने गर्दथ्यो। यो बाहेक निजसँग अन्य कुनै बिषयमा कुराकानी हुने र अन्य कुनै किसिमको सम्बन्ध पनि छैन भन्ने ब्यहोराको कृष्ण बहादुर महराको कागज।

८. **प्रहरी निरीक्षक रंजित लामा समेतको CDR बिश्लेषण गरेको प्रतिवेदन:-**

**चिनिया नागरिक Daojin Wang को मिति २०७९।०२।२४ (2022-06-07) देखि मिति २०८०।०२।१९ (2023-06-02) सम्मको CDR Link बिश्लेषण विवरण:-**

चिनिया नागरिक Daojin Wang ले प्रयोग गर्ने नेपाली नम्वर 9801099998 को राहुल भन्ने रेशम महराको नम्वर 9851111888 सँग १३१ पटक, Axin भन्ने YONGXIN PENG को नम्बर 9813134678 सँग १ पटक (Axin भन्ने YONGXIN PENG को नम्बर 9813134678 को चिनिया नागरिक SAM, Hennery, Jackie Chang भन्ने Zhong Jing Chuan को नम्बर 9818664936 संग १६ पटक सम्पर्क भएको), श्याम सुन्दर साहको नम्बर 9851008171 सँग २०७ पटक, कृष्ण बहादुर गुरुङको नम्बर 9849838862 सँग १ पटक र कृष्ण बहादुर गुरुङले प्रयोग गर्ने अर्को नम्बर 9803421292 सँग १५ पटक, निर्मल महराको नम्बर 9851130388 सँग ११ पटक, कृष्ण बहादुर महराको नम्बर 9851240055 सँग १५ पटक, राजस्व अधिकृत भरतराज अधिकारीको नम्बर 9851338770 सँग ३६ पटक, भन्सार एजेण्ट खुवा प्रसाद न्यौपानेको नम्बर 9841266964 सँग ५४ पटक, लसाङ लामाको नम्बर 9808817558 सँग १ पटक, Daojin Wang सँग २६ पटक सम्पर्क भएको नम्बर 9863666666 संग Alex भन्ने Yao Puchen को नम्बर 9819800927 सँग १४ पटक र Yao Puchen को अर्को नम्बर 9820220829 सँग १ पटक सम्पर्क भएको र नरेश तामाङको नम्बर 9808976559 सँग ६ पटक सम्पर्क भएको देखिन्छ।

**राहुल भन्ने रेशम महराको मिति २०७९।०९।१० (2022-12-25) देखि मिति २०८०।०१।१८ (2023-04-30) सम्मको CDR Link बिश्लेषण विवरण:-**

राहुल भन्ने रेशम महाराले प्रयोग गर्ने नम्बर 9851111888 को Axin भन्ने YONGXIN PENG को नम्बर 9828814053 सँग ३ पटक, Axin भन्ने YONGXIN PENG को अर्को नम्बर 9822453446 सँग १ पटक, प्रमुख भन्सार प्रशासक अरुण पोखरेलको नम्बर 9841295413 सँग २३ पटक (प्रमुख भन्सार प्रशासक अरुण

पोखरेलको नम्बर 9841295413 को कृष्ण बहादुर महराको नम्बर 9851240055 संग २ पटक सम्पर्क भएको) र चिनिया नागरिक Daojin Wang को चालक लोकेन्द्र पौडेलको नम्वर 9813024148 सँग ४४ पटक सम्पर्क भएको देखिन्छ ।

**चिनिया नागरिक Daojin Wang को चालक लोकेन्द्र पौडेलको मिति २०७९।०२।१८ (2022-06-01) देखि मिति २०८०।०२।१७ (2023-05-31) सम्मको CDR Link बिश्लेषण विवरण:-**

चिनिया नागरिक Daojin Wang को चालक लोकेन्द्र पौडेलले प्रयोग गर्ने नम्वर 9813024148 को Daojin Wang को नेपाली नम्वर 9801099998 सँग ६४७ पटक, Axin भन्ने YONGXIN PENG को नम्बर 9822453446 सँग २ पटक, Peng को अर्को नम्बर 9828814053 सँग १२३ पटक, Peng को अर्को नम्बर 9813134678 संग १७ पटक, Peng को अर्को नम्बर 9813223739 सँग ४ पटक, Peng को अर्को नम्बर 9819499381 सँग १ पटक (Axin भन्ने YONGXIN PENG को नम्बर 9819499381 को जिमी भन्ने निमा गुरुङको नम्बर 9851230077 सँग ५ पटक सम्पर्क भएको ), जिमी भन्ने कर्मा शेर्पाको नम्बर 9814076883 सँग ४ पटक (जिमी भन्ने कर्मा शेर्पाको नम्बर 9814076883 को Axin भन्ने YONGXIN PENG को नम्बर 9823245549 सँग १ पटक सम्पर्क भएको), कृष्ण बहादुर गुरूङको नम्बर 9803421292 सँग १ पटक (कृष्ण बहादुर गुरूङको नम्बर 9803421292 को Axin भन्ने YONGXIN PENG को नम्बर 9823245549 संग ८ पटक, Peng को अर्को नम्बर 9828814053 सँग १७५ पटक, Peng को अर्को नम्बर 9813134678 संग १७ पटक Peng को अर्को नम्बर 9822453446 सँग २६ पटक, चिनिया नागरिक SAM, Hennery, Jackie Chang भन्ने Zhong Jing Chuan को नम्बर 9818664936 सँग ३ पटक सम्पर्क भएको), श्याम सुन्दर साहको नम्बर 9851008171 सँग १९८ पटक, निर्मल महराको नम्बर 9851130388 सँग ११ पटक, राजस्व अधिकृत भरतराज अधिकारीको नम्बर 9851338770 सँग २५ पटक, भन्सार एजेण्ट खुवा प्रसाद न्यौपानेको नम्बर 9841266964 सँग ५६ पटक र 9863666666 सँग २ पटक सम्पर्क भएको देखिन्छ ।

नं. ९८१९४९९३८१ र निमा गुरुङको मोबाइल नं.९८५१२३००७७ मा ५ पटक भएको देखिन्छ, Yongxin peng को मोबाइल नं.९८१३१३४६७८ र Zhong Jing chuan को मोबाइल नं.९८१८६६४९३६ मा १६ पटक सम्पर्क भएको देखिन्छ ।

## अभियुक्तहरु उपरको अभियोग:

प्रस्तुत मुद्दामा प्रहरी प्रधान कार्यालय केन्द्रीय अनुसन्धान ब्यूरो महाराजगंज, काठमाडौवाट थप अनुसन्धान कार्य सम्पन्न गरी अनुसन्धान प्रतिवेदन साथ निर्णयार्थ यस कार्यालयमा प्राप्त हुन आएको मिसिल संलग्न मिति २०७९/०९/१० गते Fly Dubai को Flight number FZ0587 वाट नेपाल आएका चाइनिज नागरिक राहदानी नम्वर EJ 6350030 वाहक Li Hansong ले २ वटा सुटकेश भित्र ७३ बट्टामा रहेको ७३० थान ईलेक्ट्रिक सिगरेट (Vapes) भित्र लुकाई छिपाई अ.९ के.जी. र ११.५२४ ग्राम ले हुन आउने रू.८,५५,२८,३७४।– (आठ करोड पचपन्न लाख अट्ठाईस हजार तीन सय चौहत्तर) बराबरको सुन अवैध रुपमा त्रिभुवन अन्तराष्ट्रिय विमानस्थल हुदै नेपालमा ल्याई सो सुन बिक्री वितरण गरी रकम लिने खाने, समुहमा रहेका राहदानी नम्वर EJ 6350030 वाहक Li Hansong सँग बेल्जियन नागरिक राहदानी नम्वर GA4597364 बाहक दाबा छिरिङ (Dawa Tsering) को समेत मिलेमतो, संलग्नतामा रही आर्थिक लाभ प्राप्त गर्न संगठित भई सोही समूहका सदस्य बीच अपराध गर्नका लागी पिरामिड शैलीमा तहगत जिम्मेवारीहरु

बाँडफाँड गर्दै त्रि.वि.भन्सार कार्यालय मार्फत नेपाल सरकारलाई प्राप्त हुने राजश्व नोक्सान गरी आफूलाई अपराधिक लाभ प्राप्त गर्ने योजनाको साथ संगठित रूपमा अन्तराष्ट्रिय भंसार कार्यालयबाट सुन चोरी निकासी समेतको कसुर अपराध गरेको भन्ने समेत व्यहोराको प्रहरी प्रतिवेदन, खानतलासी बरामदी मुचुल्का, प्रतिवादीहरू राहुल भन्ने रेशम महरा, दावा छिरिङ (Dawa Tsering) र लोकेन्द्र कुमार पौडेलको बयान, घटना विवरण कागज गर्ने मानिसहरू श्याम सुन्दर शाह समेतले खुलाई लेखाई दिएको कागजको ब्यहोरा, ट्राभल हिस्ट्री समेतका मिसिल संलग्न कागजातहरु, कल डिटेल बिबरण, दावा छिरिङको मोबाईलको परिक्षण प्रतिवेदन समेतका मिसिल संलग्न कागजातहरुबाट चिनिया नागरीकहरु Li Hansong, Daojin Wang, ASIN भन्ने Yongxin Peng, Lingfeng Peng, Zhong Jingchuan, Fengcheng Lin,संग प्रतिवादी दावा छिरिङ समेतका व्यक्तिहरुको मिलेमतो रही प्रतिवादीहरूको संलग्नतामा आर्थिक लाभ प्राप्त गर्न संगठित रुपमा आपराधिक समुहसंग मिली तहगतरुपमा जिम्मेवारी बाँडफाँड गरी नेपाल सरकारलाई प्राप्त हुने राजश्व आम्दानीमा हानी नोक्सानी पुर्याई अपराधिक विश्वासघात, भन्सार ऐन, २०६४ र संगठित अपराध निवारण ऐन,२०७० बमोजिमको कसूर अपराध गरेको वारदात स्थापित हुन आयो।

**अब, प्रस्तुत वारदातमा माथि बिरुद्ध खण्डमा उल्लेखित प्रतिवादीहरुले कुन कानून बिपरितको के कस्तो कार्य गरेका हुन र निज प्रतिवादीहरुलाई कुन कानून बमोजिम के कस्तो सजायको मागदाबी लिने भन्ने सम्बन्धमा बिचार गर्दा,** मिति २०७९/०९/१० गते Fly Dubai को Flight number FZ0587 वाट नेपाल आएका चिनिया नागरिक राहदानी नम्वर EJ 6350030 वाहक Li Hansong ले अवैधरुपमा २ वटा सुटकेश भित्र ७३ बट्टामा रहेको ७३० थान ईलेक्ट्रिक सिगरेट (Vapes) पैठारी गरी सोमा लुकाई छिपाई अ.९ के.जी. र ११.५२४ ग्राम ले हुन आउने रू. ८,५५,२८,३७४।– ( आठ करोड पचपन्न लाख अठ्ठाईस हजार तीन सय चौहत्तर) बराबरको सुन अवैध रुपमा नेपालमा पैठारी गरी सो सुन बिक्री वितरण गरी रकम लिने खाने नियतले, अपराधिक समुहमा रहेका चाइनिज नागरीक राहदानी नम्वर EJ 6350030 वाहक Li Hansong सँग बेल्जियम नागरिक राहदानी नम्वर GA4597364 बाहक संग प्रतिवादी दाबा छिरिङ (Dawa Tsering) को समेत मिलेमतो रहेको निज दाबा छिरिङ (Dawa Tsering) अर्को वारदातको अवैध सुन पैठारी तथा संगठित अपराध मुद्दामा पक्राउ परी अनुसन्धान भई रहेको अवस्थामा निजले प्रयोग गर्ने मोवाईलको DFL परिक्षण प्रतिवेदनमा राहदानी नम्वर EJ 6350030 वाहक Li Hansong ले अवैध रुपमा नेपालमा Vapes भित्र लुकाई छिपाई लिई आएको सुन रहेको ईलेक्ट्रिक सिगरेट (Vapes) को फोटो तथा चाईनिज नागरिक Li Hansong ले अबैध रुपमा ईलेक्ट्रिक सिगरेट भित्र सुन लुकाई छिपाई लिई आउदा त्रिभुवन बिमानस्थल, भन्सार कार्यालयबाट मिति २०६९।०९।१० गते जफत गरी Li Hansong लाई दिएको मालसामान जफत गरेको निस्सा रसिद निज Li ले दावा छिरिङलाई पठाएको देखिन आएकोले निज दावा छिरिङ समेतको भन्सार चोरी पैठारी र संगठित अपराध कसूरमा संलग्नता रहेको देखिन आएवाट प्रस्तुत कसुरमा निज दाबा छिरिङ (Dawa Tsering) समेतको संलग्नतामा आर्थिक लाभ प्राप्त गर्न संगठित भई समूहका सदस्य बीच अपराध गर्नका लागि पिरामिड शैलीमा तहगत जिम्मेवारीहरु बाँडफाँड गर्दै त्रि.वि.भन्सार कार्यालय मार्फत नेपाल सरकारलाई प्राप्त हुने राजश्व नोक्सान र आफूलाई अपराधिक लाभ प्राप्त गर्ने योजनाको साथ भन्सार ऐन, २०६४ तथा संगठित अपराध निवारण ऐन,२०७० समेतको कसूर गरेको भन्ने प्रहरी प्रतिवेदन लाइ दुबै बाट Vapes मा सुन लुकाइ ल्याउने पासपोर्ट नं. EJ 6350030 बाहक चाईनिज नागरिक Li

Hansong को टुरिष्ट भिसामा सन. २०२२-०५-३१ बाट सन २०२२-१२-१८ सम्म नेपालमा ७/७ पटक आगमन र प्रस्थान गरेको, पासपोर्ट नं. E27145176, ED7991343 बाहक चाईनिज नागरिक Daojin Wang नेपालमा अन्तिम पटक सन २०२३-०४-०८ मा आई २०२३-०४-२८ मा प्रस्थान गरेको देखिन्छ, यसरी Daojin Wang नेपालमा ३६ पटक आगमन तथा प्रस्थान गरेका र यीनै Daojin Wang समेतको निर्देशन, सल्लाह तथा योजना बमोजिम नै प्रतिवादी दावा छिरिङ समेत भइ विदेश बाट अवैध रूपमा सुन नेपाल निकासी पैठारी गरेको मिसिल संलग्न कागजातबाट देखिन्छ।

चाईनिज नागरिक Li Hansong दुबई बाट लिएर आएको अबैध सुन त्रिभुवन अन्तरराष्टिय भंसार कार्यालय काठमाडौंले जफत गरिदिए पश्यात प्रतिवादीहरु राहुल भन्ने रेशम महरा, लोकेन्द्र कुमार पौडेल, निमा गुरुङ समेत उक्त जफत भएको ईलेक्ट्रिक सिगरेट (Vapes) मा लुकाई छिपाई ल्याएको सुन भंसारबाट छुटाउनका लागी निज प्रतिवादीहरुले बारम्बार भंसारका कर्मचारी तथा अन्य व्यक्ति समेतलाई फोन गर्ने र भेटगर्ने गरेको र प्रतिवादीहरु राहुल भन्ने रेशम महरा, लोकेन्द्र कुमार पौडेल, निमा गुरुङ समेत उक्त जफत भएको सुन छुटाउनको लागी प्रमुख भन्सार अधिकृत मुक्ति प्रसाद श्रेष्ठ बारम्बार फोन गरी दबाव दिने गरेको र भंसार प्रमुख प्रशासक अरुण पोखरेललाई फोन, एस.एम.एस तथा निजको कार्यकक्षमा नै यी तीन जना प्रतिवादीहरु गई उक्त जफत गरेको ईलेक्ट्रिक सिगरेट (Vapes) छुटाउन दबाव दिएको भनि प्रमुख भन्सार अधिकृत मुक्ति प्रसाद श्रेष्ठ तथा भंसार प्रमुख प्रशासक अरुण पोखरेलले गरेको घटना बिवरण कागजबाट देखिन आएको छ।

मिति २०७९/०९/१० गते जफत भएको ईलेक्ट्रिक सिगरेट (Vapes) छुटाउने कार्यको लागि प्रतिवादी राहुल भन्ने रेशम महराको मोबाइल नं.९८५१११११८८८ बाट त्रिभुवन विमानस्थल भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक अरूण पोखरेलको मोबाईल नं.९८४१२९५४१३ मा १३ पटक फोन सम्पर्क गरी गरेको ,मिति २०७९/०९/१० गते जफत भएको ईलेक्ट्रिक सिगरेट (Vapes) छुटाउने सम्बन्धमा राहुल भन्ने रेशम महराको मोबाइल नं.९८५१११११८८८ र फरार प्रतिवादी Daojin Wang को मोबाईल नं. ९८०१०९९९९८ पटक पटक फोन सम्पर्क भएको मिसिल संलग्न कागजातहरुबाट देखिएको,प्रतिवादी चिनिया नागरीक Yongxin Peng को मोबाइल नं. ९८२८८१४०५३ बाट 2023-03-02, 2023-02-27 र 2023-01-15 मा राहुल भन्ने रेशम महराको मोबाइल नं.९८५१११११८८८ फोन सम्पर्क भएको मिसिल संलग्न कागजातहरुबाट देखिएको, प्रतिवादी चाईनिज नागरिक पासपोर्ट नं. E12449310, EJ5661699 बाहक Fengcheng Lin नेपालमा पटक पटक गरि ४३ पटक आगमन र प्रस्थान गरेको खुल्न आएको छ। यसरी प्रतिवादीहरु चाईनिज नागरिक Li Honsong, Daojin Wang र Fengchen Lin समेतको Travel History बाट निज प्रतिवादीहरु नेपाल पटक पटक आई संगठितरुपमा बिभिन्न देशहरुबाट अबैधरुपमा सुन नेपाल भित्राई प्रस्तुत भन्सार चोरी पैठारी तथा संगठीत कसूर अपराध गरेको देखिन्छ। Li Hansong ले अबैधरुपमा सुन लुकाई छिपाई ल्याएको २ वटा सुटकेश भित्र ७३ बट्टामा रहेको ७३० थान ईलेक्ट्रिक सिगरेट (Vapes) को सट्टामा सट्टाफेर गरि अर्को ईलेक्ट्रिक सिगरेट (Vapes) राखिएको अबस्थामा बरामद समेत भई आएको छ।

**श्याम सुन्दर शाहले लेखाई दिएको कागज** मिति २०७९।०९।११ गते बिहान निज Daojin wang ले मेरो मोबाईलमा कल गरी मेरो साथीले हाइड्रोपावरमा कामगर्ने चिनियाहरुको लागि लिएर आएको ईलेक्ट्रिक सिगरेट (Vapes) त्रिभुवन बिमानस्थल एयरपोर्टमा रोकेको छ, के कति कारणले रोकेको हो, मिलाएर भन्सार तिरेर लिएर आउनु भने पछि सोही दिन म एयरपोर्टमा जादा Daojin wang, लोकेन्द्र पौडेल र हाल थाहा

भएको Li Hansong समेत ३ जना मलाई भेटी मिति २०७९।०९।१० गते जफत भएको ईलेक्ट्रिक सिगरेट (Vapes) को भर्पाई रसिद मलाई दिएको थिए । उक्त रसिद लिएर म प्रमुख भन्सार अधिकृत मुक्ती प्रसाद श्रेष्ठलाई भेट गरी जफत भएको ईलेक्ट्रिक सिगरेट (Vapes) नियमानुसार भन्सार तिरेर दिन मिल्ने भए दिनु पर्यो, हाईड्रोपावरमा काम गर्ने चिनियाहरुको प्रयोगको लागि लिएर आएको हो भनि अनुरोध गर्दा निज मुक्ती प्रसाद श्रेष्ठले उक्त ईलेक्ट्रिक सिगरेट (Vapes) जफत भई सकेको छ, भन्सार तिरेर वा अन्य कुनै तरिकाबाट पनि दिन मिल्दैन बरु Li Hansong को पासपोर्ट छ लगि दिनुहोस् भनेकोले मैले उक्त पासपोर्ट लिई म फर्केर पार्कीङमा गई मुक्ति प्रसाद श्रेष्ठले सामान छोडन मिल्दैन भनेको कुरा मैले निजहरुलाई भनि मलाई दिएको भर्पाई रसिद र Li Hansong को पासपोर्ट Daojin wang लाई फिर्ता दिएको हो। त्यस पछि निज Daojin wang ले नै मलाई फोन गरी प्रमुख भन्सार अधिकृत मुक्ति प्रसाद श्रेष्ठलाई फोन गरेर बुझ भनेकोले मैले प्रमुख भन्सार अधिकृत मुक्ति प्रसाद श्रेष्ठलाई फोन गरी उक्त ईलेक्ट्रिक सिगरेट भन्सार तिरेर छोडन मिल्छ भने मिलाई दिनु भनि पुन अनुरोध गर्दा निज मुक्ति प्रसाद श्रेष्ठले जफत भई सकेको सामान भएकोले भन्सार तिरेर दिन मिल्दैन, यसको पछाडी नलाग्नुहोस भनेका थिए भनि लेखाई दिएका छन्। त्यसैगरी घटना विवरण कागज गर्ने अन्य मानिसहरु टिकाराज माझी समेतले चाईनिज नागरिक Li Hansongले दुबई बाट लिएर आएको ईलेक्ट्रिक सिगरेट (Vapes) मा अबैध रुपमा सुन लुकाई छिपाई नेपालमा ल्याएकोमा उक्त सिगरेट भंसार कार्यालयले जफत गरिदिए पश्यात यी प्रतिवादीहरुले भंसार कार्यालयबाट छुटाउनका लागी दबाव दिएको भन्ने व्यहोराको कागज गरिदिएका छन्। मिति २०७९/०९/१० गते Fly Dubai को Flight number FZ0587 बाट नेपाल आएका चिनियाँ यात्रु Li Hansong ले लिई आएको ब्यागेजमा ७३ वटा बट्टामा जम्मा ७३० पिस ईलेक्ट्रिक सिगरेट (Vapes) मा अबैध रुपमा सुन लुकाई छिपाई नेपाल भित्राई संगठितरुपमा भन्सार चोरी पैठारी गरि आएको पछि मात्र थाहा भएको हो भनि एकै मिलान ब्यहोराको त्रिभुवन अन्तराष्ट्रीय बिमानस्थल भन्सार कार्यालयका कर्मचारीहरु ना.सु. भुवनराज घिमिरे, ना.सु. सुवर्णप्रभा के.सी., भन्सार अधिकृत सुवेन्द्र श्रेष्ठ,ना.सु.रमेश खतिवडा, ना.सु. उमेश प्रसाद कोईराला र ना.सु. तेज प्रसाद खनालले खुलाई लेखाई दिएका छन।

मिति २०७९।०९।१० गते Daojin wang ले त्रि.वि. भन्सार कार्यालयको पार्किङमा मलाई भेटी साथी Li Hansong ले लिई आएको ईलेक्ट्रिक सिगरेट (Vapes) त्रि.वि. भन्सार कार्यालयले रोकी राखेको छ, के भएको रहेछ ? बुझि दिनुहोस, मिल्छ भने जाँचपास गराइ दिनु पऱ्यो भनेकोले मैले प्रमुख भन्सार अधिकृत मुक्ति प्रसाद श्रेष्ठलाई भेटी उक्त ईलेक्ट्रिक सिगरेट (Vapes) को बारेमा बुझ्दा उक्त ईलेक्ट्रिक सिगरेट (Vapes) जाँचपास गर्न मिल्दैन भनी मलाई जानकारी गराएकोले मैले सोही अनुसार Daojin wang लाई फोन गरी तपाईको सामान जफत भएकोले फिर्ता गर्न नमिल्ने जानकारी गराएको थिए । निजलाई फोन गरी किन धेरै सामान ल्याउनु भएको हो भनि सोध्दा निजले उक्त ईलेक्ट्रिक सिगरेट (Vapes) हाईड्रोमा काम गर्नेहरुको लागि ल्याईएको हो भनि मलाई बताएका थिए। भेटमा निजले मलाई जफत भएको उक्त ईलेक्ट्रिक सिगरेट (Vapes) कसरी छुटाउन सकिन्छ भनि मसँग कुरा गरेकोले जफत भएको उक्त सामान मैले छुटाउन सक्दिन, म बाट हुदैन भनेको थिए । पछि मात्रै मेडिया मार्फत उक्त ईलेक्ट्रिक सिगरेट (Vapes) भित्र अबैध सुन लुकाई छिपाई ल्याएको भन्ने थाहा भएको हो भनि खुवा प्रसाद न्यौपानेले खुलाई लेखाई दिएका छन।

प्रस्तुत कसूर मुद्दामा अनुसन्धानको सिलसिलामा मिसिल संलग्न रहेको Nima gurung को नामको राहदानी नं.०९४६००५१ मा भएको ब्यक्ति र वायाँ हातले फोन समाती कुरा गरिरहको सेतो चश्मा लगाएको

निमा गुरुखको रंगिन प्रिन्ट गरिएको फोटो लोकेन्द्र कुमार पौडेललाई देखाउदा निज ब्यक्ती नै २०७९ सालको चैत्र महिनातिर लोकेन्द्र कुमार पौडेल र राहुल भन्ने रेशम महरासगै त्रिभुवन अन्तराष्ट्रीय बिमानस्थल भन्सार कार्यालयका कार्यालय प्रमुख अरुण पोखरेललाई भेटन जाने नेपाली बोल्ने तिब्बियन जस्तो देखिने ब्यक्ति हो भनि सनाखत गरिदिए बाट प्रस्तुत कसूरमा निमा गुरुङ समेतको संलग्नता भएको प्रष्ट देखिन्छ।

रसुवा भन्सार कार्यालयमा नै कार्यरत रहेको अबस्थामा 2022-12-25 मा निज Daojin Wang ले Hello, I wish you a merry Christmas, are you in Kathmandu ? I'd like to see you for a minute, लेखि शिष्टाचार स्वरुप शुभकामना पठाएको थियो। यसमा मैले कुनै प्रतिक्रिया जनाईन, सोही दिन बेलुका निज Daojin Wang ले धैरै पटक मिस कल गरेकोले मैले के भएछ भनि निज नै निज Daojin Wang लाई फोन गरी बुझ्दा त्रि.बि. भन्सार कार्यालयमा मेरो सामान जफत गरेको छ उक्त जफत भएको माल बस्तु के कसरी छुटाउन सकिन्छ भनेकाले मैले त्रि.बि. भन्सार कार्यालयका कर्मचारीहरुसँग बुझ्नुहोस भनि दिएको थिए। यसरी नै त्यसको भोलिपल्ट 2022-12-26 गतेको Mukti Shrestha, He is customs. Do you know this guy? Can you find his phone number? भनि म्यासेज पठाएको र फोनमा समेत मलाई भनेकोले मैले निज Daojin Wang लाई मुक्ति श्रेष्ठको मोबाईल नं. फोनमा नै वताई दिएको थिए। सोही दिन १७:२१ बजे Sir, you must ask your friend for help. The goods are worth one million rupees. If you can take them out, I will give them to everyone. Thanks लेखी एस.एम.एस पठाएको र फोनमा समेत त्रि.बि. भन्सार कार्यालयमा जफत भएको मालसामान निकालि दिएमा १० दश लाख दिने भनि प्रस्ताव राखी Daojin Wang ले मलाई SMS पठाएकोमा एक पटक Daojin Wang सँग मेरो फोनमा कुराकानी हुने क्रममा Daojin Wang ले मैले नेपालीमा बोलेको कुरा राम्ररी नबुझे पछी लोकेन्द्र कुमार पौडेललाई बोल्न दिएका थिए। सो समयमा निज लोकेन्द्र कुमार पौडेलसँग मेरो कुराकानी हुदा मलाई त्रि.बि.भन्सार कार्यालयमा तपाईको साथिहरु छन भने जफत भएको सामान छुटाउन सहयोग गरिदिनु भनेका थिए। यसरी निज Daojin Wang र लोकेन्द्र कुमार पौडेलले उक्त जफत भएको करोडौं मुल्यको मालबस्तु छुटाउनको लागि मलाई दश लाखको प्रस्ताव राखेकोले उक्त जफत भएको ईलेक्ट्रीक सिगरेट (Vapes) भित्र सुन भएको कुरा निजहरु दुबै जनालाई थाहा भएको हुनु पर्छ भन्ने ब्यहोराको भरतराज अधिकारीले आफ्नो कागजमा खुलाई लेखाई दिएका छन्।

यसरी माथि उल्लिखित प्रमाण कागजहरु हेर्दा प्रतिवादी दावा छिरिङले चिनिया नागरीकहरु Li Hansong, Daojin Wang, ASIN भन्ने Yongxin Peng, Lingfeng Peng, Zhong Jingchuan, Fengcheng Lin समेतका प्रतिवादीहरुको मिलेमतो तथा संलग्नतामा आर्थिक लाभ प्राप्त गर्न संगठित रुपमा आपराधिक समुह बनाई तहगतरुपमा जिम्मेवारी बाँडफाँड गरी नेपाल सरकारलाई प्राप्त हुने राजश्व आम्दानीमा हानी नोक्सानी पुर्याउने कार्य गरेको भन्ने प्रहरी प्रतिवेदन, प्रतिवादीहरुले गरेको बयान, घटना विवरण कागज गर्ने मानिसहरुले गरिदिएको कागज, बरामदी मुचुल्का समेतका आधार प्रमाणबाट निज दावा छिरिङले आफुलाई लाभ पुऱ्याउने उद्देश्यले भंसारमा जफत भएको सिगरेट भित्र लुकाइ छिपाई गरी विदेशबाट अवैध रुपमा लिई आएको सुन भंसारले जफत गरिदिए पश्चात उक्त जफत भएको वस्तु छुटाउनका लागि अन्य प्रतिवादीहरुलाई फोन सम्पर्क तथा प्रत्यक्ष भेट गरी उक्त जफत भएको सिगरेट भित्र रहेको सुन छुटाउन नसके पश्चात यसै मुद्दाको मुल अभियोगपत्रको विरुद्ध खण्डका प्रतिवादीहरुसँग मिलोमतोमा जफत भई भंसार गोदाममा रहेको सुन

भंसारका कर्मचारी रेवन्त खड्का समेतका प्रतिवादीहरुसँग मिलोमतो तथा संलग्नतामा गोदामबाट उक्त जफत भएको सिगरेट सहितको सुन निकाली बिक्रि समेत गरी जम्मा सुन ९ के.जी. र ११.५२४ ग्रामको हुन आउने नेपाली रु.८,५५,२८,३७४।– (आठ करोड पचपन्न लाख अठ्ठाईस हजार तीन सय चौहत्तर) मूल्य बराबरको सुन भंसार चोरी पैठारी गरेको हुँदा निज **प्रतिवादी दावा छिरिङको उक्त कार्य मुलुकी अपराध संहिता, २०७४ को दफा २५२ को उपदफा (१) विपरित सोही संहिताको दफा २५२ को उपदफा (२) (क) तथा भन्सार ऐन, २०६४ को दफा ५७ को उपदफा (१)** बमोजिमको कसूर एवं **संगठित अपराध निवारण ऐन,२०७० दफा ३ को उपदफा (१) र (२)** मा निषेधित एवं परिभाषित कसूर अपराध गरी सोही ऐनको दफा ३ को उपदफा (३) (क) बमोजिमको कसूर कार्य गरेको पुष्टी हुन आयो।

अन्य प्रतिवादीहरु निमा गुरुङ, राहुल भन्ने रेशम महरा र लोकेन्द्र कुमार पौडेल समेतले प्रतिवादी मध्यका दावा गुरुङ समेतको मिलोमतो, संलग्नतामा Li Hansong ले २ वटा सुटकेश भित्र ७३ बट्टामा रहेको ७३० थान ईलेक्ट्रिक सिगरेट (Vapes) दुवईबाट लिई आएको ईलक्ट्रीक सिगरेट छुटाउन त्रि.बि.भन्सार कार्यालयका प्रमुख अरुण पोखरेललाई कार्यकक्षमा भेटी निमा गुरुङले उक्त जफत भएकै माल बस्तु छ छैन भनि माल बस्तु रहेको सुटकेश हेर्न मागेको, उक्त माल बस्तु लिलाम हुने भए Hansong Li, Daojin Wang, Asin भन्ने Yongxin Peng, Lingfeng Peng, Zhong Jingchuan, Fengcheng Lin हरुलाई सकारी दिनु भनि भनेको, निज प्रतिवादीहरुले भंसारले जफत गरिदिएको उक्त सामान छुटाउनको लागी अरुण पोखरेललाई पटक-पटक फोन गरी एस.एम.एस समेत गरी भेट गर्न निजकै कार्यकक्षमा समेत गएको मिसिल संलग्न कागजातहरु बाट खुल्न आएको र **प्रतिवादीहरु राहुल भन्ने रेशम महरा र लोकेन्द्र कुमार पौडेल समेतले मौकामा वयान** गर्दा भंसार कार्यालयका अधिकृतहरुलाई फोन तथा एस.एम.एस समेत गरी भेट गरेको कुरा स्वीकार गरी **वयान लेखाई दिएका** र घटना विवरण गर्ने मानिसहरु मुक्ति प्रसाद श्रेष्ठ, अरुण पोखरेल, श्याम सुन्दर शाह, कृष्ण बहादुर गुरुङ, नरेश तामाङ, फिन्जुम शेर्पा, किशोर बस्नेत, टिकाराज माझी, सुवर्णा प्रभा के.सी., सुवेन्द्र श्रेष्ठ, भुवनराज घिमिरे, रमेश खतिवडा, उमेश प्रसाद कोईराला, तेज प्रसाद खनाल, खुवा प्रसाद न्यौपाने, जिवन कुमार गुरुङ, होम बहादुर थापा, सुजाता घिमिरे, अनुप रंजित, रमेश कुमार कार्की समेतसमेतले गरिदिएको घटना विवरण कागज समेतका आधार प्रमाणहरु बाट प्रतिवादीहरु निमा गुरुङ, राहुल भन्ने रेशम महरा र लोकेन्द्र कुमार पौडेल समेतले आर्थीक लाभ प्राप्त गर्नका लागी प्रतिवादी दावा गुरुङ समेतको मिलोमतोमा भंसार चोरी पैठारी गरी ल्याएको सुन छुटाउन मद्दत गर्ने तथा दुरुत्साहन दिने कार्य गरेको देखिएकोले निज **प्रतिवादीहरु निमा गुरुङ, राहुल भन्ने रेशम महरा र लोकेन्द्र कुमार पौडेलको उक्त कार्य भंसार ऐन, २०६४ को दफा ५७ उपदफा (१) बमोजिम**को कसूर कार्य गर्नका लागी सोही ऐनको दफा ५७ को उपदफा (३) बमोजिमको कसूर गरेको वारदात पुष्टी हुन आयो। निज प्रतिवादीहरुले उक्त कसूर के कसरी के कुन प्रक्रिया अपनाई उक्त वारदातमा संलग्न रहेका हुन भन्ने सम्बन्धमा विष्लेषण गर्दा प्रस्तुत मुद्दाका प्रतिवादीहरु र यसै मुद्दाको मुल अभियोगका प्रतिवादीहरुको संलग्नतामा प्रतिवादीहरुले अन्तराष्ट्रिय रुपमा संगठन तथा संजाल विस्तार गरी उक्त संजाल नेपालमा समेत संगठित भएको समूहलाई सहयोग, मद्दत गरी आफुहरुलाई समेत आर्थिक लाभ प्राप्त गर्ने र राज्यलाई हानी नोक्सानी पुऱ्याउने कार्य गरेकोले निजहरुको उक्त कार्य संगठित अपराध निवारण ऐन, २०७० को दफा ३ को उपदफा (१) र (२) मा निषेधित एवं परिभाषित एवं सोही ऐनको दफा ३ को उपदफा (३) (क) बमोजिमको कसूर गर्न सोही ऐनको दफा ४ बमोजिको कसूर गरेको पुष्टी हुन आयो।

## अभियुक्तलाई हुनुपर्ने सजायः

माथि उल्लिखित तथ्य प्रमाणहरुका आधारमा प्रतिवादी दावा छिरिङले मुलुकी अपराध संहिता, २०७४ को दफा २५२ को उपदफा (१) विपरित सोही संहिताको दफा २५२ को उपदफा (२) (क) तथा भन्सार ऐन, २०६४ को दफा ५७ को उपदफा (१) बमोजिमको बमोजिमको कसूर एवं संगठित अपराध निवारण ऐन,२०७० दफा ३ को उपदफा (१) र (२) मा निषेधित एवं परिभाषित कसूर अपराध गरी सोही ऐनको दफा ३ को उपदफा (३) (क) बमोजिमको कसूर कार्य गरेको हुँदा निज प्रतिवादी दावा छिरिङलाई मुलुकी अपराध संहिताको दफा २५२ को उपदफा (३) (ख) तथा भंसार ऐन, २०६४ को दफा ५७ को उपदफा (१घ) को (ख) बमोजिम र संगठित अपराध निवारण ऐन, २०७० को दफा ९ को खण्ड (क) बमोजिम सजाय हुन मागदावी लिइएको छ।

अन्य प्रतिवादीहरु **राहुल भन्ने रेशम महरा, लोकेन्द्र कुमार पौडेल**, **निमा गुरुङ (NIMA GURUNG)** समेतका प्रतिवादीहरुले भंसार ऐन, २०६४ को दफा ५७ उपदफा (१) बमोजिमको कसूर कार्य गर्नका लागी सोही ऐनको दफा ५७ को उपदफा (३) बमोजिमको कसूर गरेको तथा संगठित अपराध निवारण ऐन, २०७० को दफा ३ को उपदफा (१) र (२) मा निषेधित एवं परिभाषित एवं सोही ऐनको दफा ३ को उपदफा (३) (क) बमोजिमको कसूर गर्न सोही ऐनको दफा ४ बमोजिको कसूर गरेको हुँदा निज प्रतिवादीहरु **राहुल भन्ने रेशम महरा, लोकेन्द्र कुमार पौडेल**, **निमा गुरुङ (NIMA GURUNG)लाई भंसार ऐन, २०६४ को दफा ५७ को उपदफा (३) बमोजिम तथा संगठित अपराध निवारण ऐन, २०७० को दफा ९ को खण्ड (क) बमोजिम** थप **सजाय हुन समेतको मागदावी लिई** सक्कल मिसिल र पक्राउ **प्रतिवादीहरु राहुल भन्ने रेशम महरा, लोकेन्द्र कुमार पौडेललाई** यसै अभियोग पत्र साथ पेश गरिएको व्यहोरा व्यहोरा अनुरोध छ।

बेल्जियन नागरिक प्रतिवादी दावा छिरिङ (Dawa Tsering) उपर राजस्व अनुसन्धान बिभागको निर्देशक सन्तोष पौडेलको जाहेरीले बादी नेपाल सरकार भएको अवैध सुन पैठारी र संगठित अपराध कसूरमा सम्मानित काठमाडौं जिल्ला अदालतबाट पुर्पक्षको लागि केन्द्रीय कारागार कार्यालय जगन्नाथ देवलमा थुना रहेको हुँदा प्रस्तुत मुद्दाको बयान लगायत कार्यको लागि निज प्रतिवादीलाई उक्त कारागारबाट झिकाई कानून बमोजिम गरि पाउन अनुरोध छ।

**साथै फरार प्रतिवादी निमा गुरुङ (NIMA GURUNG) को हकमा** मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ५७ बमोजिम सम्मानित अदालतबाटै पक्राउ पुर्जी जारी गरी पाउन सादर अनुरोध छ।

**सजाय कम वा सजायमा छुटको मागदावी र आधारः x**

**क्षतिपूर्तिको माग दाबीः**

अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिम कसूरदारबाट पीडित राहत कोषमा क्षतिपूर्ति शुल्क जम्मा गराई पाउन अनुरोध छ।

## अभियोग दावीसँग सम्बन्धित कानूनी व्यवस्थाः

### मुलुकी अपराध संहिता, २०७४ को दफा २५२. आपराधिक विश्वासघात गर्न नहुनेः

(१) कसैले आपराधिक विश्वासघात गर्न वा गराउन हुँदैन।

(२) उपदफा (१) को प्रयोजनको लागि कसैले देहायको कुनै काम गरेमा निजले आपराधिक विश्वासघात गरे वा गराएको मानिनेछ:

(क) आफ्नो जिम्मा वा संरक्षणमा रहेको अर्काको सम्पत्ति बेइमानीपूर्वक आफ्नो निमित्त प्रयोग गरेमा वा कुनै प्रकारले रुपान्तरण गरेमा वा त्यस्तोसम्पत्तिको उपयोग तत्सम्बन्धी करार वा शर्तनामा वा कानूनविपरीत बेइमानीपूर्वक आफ्नो निमित्त उपयोग गरेमा वा अरु कसैलाई उपयोग गर्न दिएमा वा हक टुटाई अरुलाई दिएमा वा दिलाएमा,

(ख) अर्काको कुनै काम कारोवार गर्ने जिम्मा लिएको वा कानूनी कर्तव्य पालन गर्नु पर्ने जिम्मेवारी भएको व्यक्तिले वा कुनै काम कारोवारका सम्बन्धमा अर्काको प्रतिनिधिको रुपमा काम गर्ने व्यक्तिले आफू वा अरु कसैलाई फाइदा पुर्‍याउनको लागि आफ्नो कर्तव्यको विपरीतकुनै काम गरी त्यस्तो व्यक्तिलाई कुनै हानि, नोक्सानी वा क्षति पुर्‍याएमा।

(३) उपदफा (१) बमोजिमको कसूर गर्ने वा गराउने व्यक्तिलाई देहाय बमोजिमको सजाय हुनेछ:–

(क) कुनै संस्थाको व्यवस्थापक, प्रबन्धक, कर्मचारी वा प्रतिनिधिको हैसियतले कुनै व्यक्तिले वा कुनै सम्पत्ति एक ठाउँबाट अर्को ठाउँमा पुर्‍याइदिने वा गोदाम वा अन्य कुनै ठाउँमा सुरक्षित साथ राख्ने जिम्मा लिएको वा त्यस्तो गर्ने कानूनी कर्तव्य भएको व्यक्तिले आपराधिक विश्वासघात गरेमा पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिबाना,

(ख) खण्ड (क) मा लेखिएदेखि बाहेक अरु कसैले आपराधिक विश्वासघात गरेमा तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय।

**भन्सार ऐन २०६४ को दफा ५७**. दण्ड सजाय: (१) कसैले कुनै मालवस्तु चोरी निकासी वा चोरी पैठारी गरेमा वा गर्ने प्रयत्न गरेमा वा खास बाटोबाट मात्र निकासी वा पैठारी गर्न पाउने गरी दफा ३ बमोजिम बाटो तोकिएकोमा सो बाटो बाहेक अन्यत्रबाट निकासी वा पैठारी गरेमा वा गर्ने प्रयत्न गरेमा यस ऐन बमोजिमको कसूर गरेको मानिनेछ।

**(१घ)** उपदफा (१) बमोजिमको कसूरको बिगो एक करोड रुपैयाँ भन्दा बढी भएमा त्यस्तो मालवस्तु जफत गरी मालवस्तुको बिगो बमोजिम जरिवाना र देहाय बमोजिमको कैद सजाय हुनेछः –

(क) एक करोड रुपैयाभन्दा बढी तीन करोड रुपैयासम्मको बिगोमा एक वर्षदेखि तीन वर्षसम्म।

(ख) तीन करोष रुपैयाभन्दा बढी बिगोमा तीन वर्ष देखी पाँच वर्षसम्म।

**सङ्गठित अपराध निवारण ऐन, २०७० को**

**दफा ३ मा सङ्गठित अपराध गर्न नहुने**

(१) कसैले सङ्गठित अपराध गर्न वा गराउन हुँदैन।

(२) उपदफा (१) को प्रयोजनको लागि कसैले आपराधिक समूहको लाभको लागि, आपराधिक समूहको निर्देशनमा, आपराधिक समूहको तर्फबाट, आपराधिक समूहसँग मिलेर वा आपराधिक समूहको संस्थापक सदस्य वा सदस्य भई जानी जानी कुनै गम्भीर अपराध गरेमा निजले सङ्गठित अपराध गरेको मानिनेछ।

(३) यस दफाको प्रयोजनको लागि देहायको कसूर गम्भीर अपराध मानिनेछ।

क) प्रचलित कानून बमोजिम तीन वर्षभन्दा बढी कैद सजाय हुने कसूर,

ख)	परिच्छेद-३ बमोजिमको कुनै कसूर, र

**दफा ५. आपराधिक समूह स्थापना गर्न नहुने** : कसैले पनि आपराधिक समूह स्थापना गर्न वा सञ्चालन गर्न वा गराउन वा जानी जानी आपराधिक समूहको सदस्य हुन वा कसैलाई सदस्य बनाउन हुदैन।

**दफा ९. सजाय :** देहायको कसूर गर्नेलाई देहाय बमोजिम सजाय हुनेछ :–

(क)	दफा ३ को उपदफा (३) को खण्ड (क) वा (ख) तथा उपदफा (४) बमोजिमको कसूर गर्नेलाई प्रचलित कानून बमोजिम हुने सजायको अतिरिक्त थप पचास प्रतिशत सजाय, तर जन्मकैद वा सो भन्दा बढी सजाय हुने कसूरदारलाई थप सजाय हुने छैन।

(ख)	दफा ३ को उपदफा (४) बमोजिमको कसूर गर्नेलाई प्रचलित कानूनमा कुनै सजायको व्यवस्था भएको रहेनछ भने पाँच वर्षसम्म कैद वा पाँच लाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाय,

(ग)	दफा ५ बमोजिमको कसूर गर्नेलाई पाँच वर्षसम्म कैद र पचास हजार रुपैयासम्म जरिवाना,

**अन्य कुरा खुलाउनु पर्ने भए सो कुराहरु:**

प्रस्तुत कसूरमा संलग्न रहेका प्रतिवादी निमा गुरुङको हकमा कानून बमोजिम म्याद जारी हुन, चिनिया नागरीकहरु पासपोर्ट नं. EJ6350030 भएका HANSONG LI, पासपोर्ट नं. ED7991343 भएका DAOJIN WANG, पासपोर्ट नं. E67619450 भएका ASIN भन्ने YONGXIN PENG, पासपोर्ट नं. EJ6632698 भएका LINGFENG PENG, पासपोर्ट नं. EJ5053396 भएका ZHONG JINGCHUAN र पासपोर्ट नं.EJ5661699 भएका FENGCHENG LIN समेतका प्रतिवादीहरु नेपाल सरहद भित्र फेला परी आएमा कानून बमोजिम हुने साथै प्रस्तुत मुद्दामा अन्य कोही कसैको संलग्नता खुल्न आएमा खुलि आएका वखत मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३५ वमोजिम थप दावी लिइने व्यहोरा अनुरोध छ।

**GUANGDONG, CHINA** चीन घर भएका राहदानी नं. E67619450 बाहक फरार प्रतिवादी **YONGXIN PENG** उपर नागरिकता सम्बन्धि कसूर मुद्दामा अनुसन्धान गर्न जिल्ला प्रहरी कार्यालय, काभ्रेपलान्चोक र राहदानी सम्बन्धी कसूर मुद्दामा अनुसन्धान गर्न जिल्ला प्रहरी परिसर, काठमाडौंलाई लेखी पठाईएको ब्यहोरा अनुरोध छ।

यस ब्यूरोमा दर्ता भएको राजस्व अनुसन्धान बिभागको निर्देशक सन्तोष पौडेलको जाहेरीले बादी नेपाल सरकार भएको अवैध सुन पैठारी र संगठित अपराध कसूर मुद्दामा थप नेपाल राष्ट्र बैंक ऐन, २०५८ अन्तर्गतको कसूर (क्रिप्टो करेन्सी) समेतको अभियोग पेश भएको ब्यहोरा अनुरोध छ।

मिति २०८०।०५।२४ गते प्रतिवादी Daojin Wang बस्ने घरबाट बरामद भई आएकको खैरो रंगको सेफ घर धनि फिन्जुम शेर्पाको रोहवरमा खोली हेर्दा खाली भएकोले बरामद भई आएको उक्त सेफ पेश नगरिको ब्यहोरा अनुरोध छ।

यसमा मिति २०७९/०९/१० गते Fly Dubai को Flight number FZ0587 बाट नेपाल आएका चिनियाँ यात्रु Li Hansong ले दुई वटा सुटकेश भित्र ७३ बट्टामा रहेको ७३० थान ईलेक्ट्रिक सिगरेट (Vapes) भित्र अबैधरुपमा सुन लुकाई छिपाई ल्याउने क्रममा त्रि.बि. भन्सार कार्यालयमा जफत भए पश्चात रेवन्त खडका

समेतले सुन भएको उक्त ईलेक्ट्रिक सिगरेट (Vapes) को सट्टामा अर्को ईलेक्ट्रिक सिगरेट (Vapes) राखी साटफेर गरी विक्री वितरण समेत गरेको देखिदा प्रस्तुत कसूर मुद्दा र सम्मानित काठमाडौं जिल्ला अदालतमा दायर भएको मुद्दा नं. 079-C1-3142 त्रिभुवन अन्तराष्ट्रिय भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक अरुण पोखरेलको जाहेरीले बादि नेपाल सरकार प्रतिवादी रेवन्त खड्का समेत भएको आपराधिक विश्वासघात तथा संगठित अपराध मुद्दा सँगै राखि हेरि पाउन अनुरोध गरिएको छ।

**सबुद प्रमाण :**

**दशी प्रमाण तथा कसुरसंग सम्बन्धि चिज वस्तु:**

- IMEI N.861485068619288/78 र 861485068619296/78 भएको Redmi मोबाईल थान-१।

**गवाह** : **जाहेरवाला:** प्र.ना.उ. दुर्गा प्रसाद दाहाल समेतको प्रहरी प्रतिवेदक।

**देख्ने/सुन्ने**: **बुझिएका मानिसहरु:**

मुक्ति प्रसाद श्रेष्ठ, अरुण पोखरेल, श्याम सुन्दर शाह, लोकेन्द्र कुमार पौडेल, कृष्ण बहादुर गुरुङ, नरेश तामाङ, फिन्जुम शेर्पा, किशोर बस्नेत, टिकाराज माझी, सुवर्णा प्रभा के.सी., सुवेन्द्र श्रेष्ठ, भुवनराज घिमिरे, रमेश खतिवडा, उमेश प्रसाद कोईराला, तेज प्रसाद खनाल, खुवा प्रसाद न्यौपाने, जिवन कुमार गुरुङ, होम बहादुर थापा, सुजाता घिमिरे, अनुप रंजित, रमेश कुमार कार्की समेत।

**प्रस्तुत कागजातहरुः-**

१. कल डिटेल कागजातहरु पाना-७५।
२. मिति २०७९।१०।२९ गतेको त्रिभुवन बिमानस्थल भन्सार कार्यालयको पत्र पाना-१ र संलग्न कागज पाना-१।
३. प्रतिवादी Yongxin peng को राहदानीको कपि पाना- १ Travel History पाना-८।
४. Li Hansong को Travel History पाना-२।
५. Daojin Wang को Travel History समेतका कागजातहरु पाना-८।
६. मिति २०८०।०४।२३ गतेको Digital Forensic Lab को परिक्षण प्रतिवेदन साथ पाना-४ साथ मिति २०७९।०९।१० गते त्रिभुवन अन्तराष्ट्रिय बिमानस्थलमा जफत भएको Vapes को रसिद समेतका कागजातहरु पाना-४०।
७. मिति २०८०।०२।०४ गते कल बिबरण अनुमतीको लागि लेखेको पत्र पाना-१।
८. मिति २०८०।०२।०५ गते नेपाल टेलिकमलाई लेखेको पत्र पाना-१।
९. कल डिटेल बिबरण कागज पाना-४।
१०. मिति २०८०।०५।०७ गतेको प्रहरी प्रतिवेदन पाना-३।
११. मिति २०८०।०५।१० गतेको मुक्ति प्रसाद श्रेष्ठको कागज पाना-३।

१२. मिति २०८०।०५।१० गतेको अरुण पोखरेलको कागज पाना-२ ।
१३. मिति २०८०।०५।१३ गते प्र.म.नि.सचिवालयलाई अनुमती सम्बन्धमा लेखेको पत्र पाना-२ ।
१४. मिति २०८०।०५।१३ गते अनुसन्धान अधिकृत तोकेको पत्र पाना-१ ।
१५. मिति २०८०।०५।१३ गते पक्राउ अनुमति सम्बन्धमा लेखेको पत्र पाना-१ ।
१६. मिति २०८०।०५।१३ गतेको पक्राउ पुर्जी, पक्राउ प्रतिबेदन, स्वस्थ्य परिक्षणको लागि लेखेको पत्र, स्वस्थ्य परिक्षण प्रतिवेदन र थुनुवा पुर्जी समेत कागजातहरु पाना- ५ ।
१७. मिति २०८०।०५।१३ गतेको प्रथम पटक म्याद थप पत्र पाना-१ र जि.स.व.का.को पत्र पाना-१ ।
१८. मिति २०८०।०५।१३ गतेको प्रहरी प्रतिवेदन पाना-१ ।
१९. मिति २०८०।०५।१५ गते प्रारम्भिक अनुसन्धान प्रतिबेदन पाना-१ ।
२०. मिति २०८०।०५।१५ गते मोबाईल परिक्षणको लागी लेखेको पत्र पाना-१ ।
२१. प्रतिवादीहरु Lingfeng Peng समेतको पासपोर्टको कपि र प्रिन्ट गरेको फोटो समेतका कागजातहरु पाना-७ ।
२२. मिति २०८०।०५।१५ गतेको श्याम सुन्दर शाहको कागज पाना-३ ।
२३. मिति २०८०।०५।१५ गतेको लोकेन्द्र कुमार पौडेलको कागज पाना-४ ।
२४. मिति २०८०।०५।१७ गतेको नेपाल टेलिकम समेतलाई लेखेको कागज पाना -१ ।
२५. कल डिटेल बिबरण पाना-७ ।
२६. मिति २०८०।०५।१८ गतेको दोस्रो पटक म्याद थप पत्रहरु पाना-२ ।
२७. पाना-९ को कल डिटेल कागजातहरु ।
२८. प्रतिवादी Lingfeng Peng समेतको नामको राहदानीको कपिहरु र फोटोको कपिहरु पाना-६ ।
२९. Fengcheng Lin को ट्राभल्स हिस्टोरी कागजातहरु पाना-६ ।
३०. प्रतिवादीहरु Yongxin Peng र Fengcheng Lin को प्रिन्ट गरिएको फोटोहरु समेत पाना-३ ।
३१. मिति २०८०।०५।१९ गतेको कृष्ण बहादुर गुरूङको कागज पाना-३ ।
३२. Li Hansong र Daojin Wang को पासपोर्टको र प्रिन्ट गरिएको फोटोहरु समेत कागज पाना-४ ।
३३. Yongxin Peng को कल डिटेल पाना-८ र लिङक चार्ट पाना-१ ।
३४. प्रतिवादी रेशम महराको नागरिकताको कपि पाना-१ ।
३५. मिति २०८०।०५।२१ गतेको प्रतिवादी राहुल भन्ने रेशम महराको बयान पाना-१० ।
३६. मिति २०८०।०५।१८ गतेको पिलर ६ को पत्र पाना-१, संलग्न कागजातहरु पाना-५८ र सि.डी. थान-१ ।
३७. मिति २०८०।०५।२२ गतेको नरेश तामाङको कागज पाना-३ ।
३८. मिति २०८०।०५।२२ गतेको प्रहरी प्रतिवेदन पाना-१ साथ पेश गरेको कागजातहरु पाना-१७ ।
३९. मिति २०८०।०५।२४ गतेको तेस्रो पटक म्याद थप पत्रहरु पाना-२ ।
४०. मिति २०८०।०५।२४ गतेको खानतलासी पुर्जी पाना-१ र मुचुल्का पाना-४ ।
४१. मिति २०८०।०५।२५ गतेको फिन्जुम शेर्पाको कागज पाना-३ र रोहवरमा बसेको कागज पाना-१ ।
४२. मिति २०८०।०५।२५ गतेको पक्राउ अनुमती पत्र पाना-२ ।
४३. प्रतिवादी रेशम महराको औठा छापको विवरण पाना-१ ।

४४. मिति २०८०।०५।२६ गतेको प्रहरी प्रतिवेदन पाना-१ साथ पेश गरेको कागजातहरु पाना-३० ।
४५. मिति २०८०।०५।२६ गतेको किशोर बस्नेतको कागज पाना-३ ।
४६. मिति २०८०।०५।२६ गते प्र.उ. संजय सिह थापालाई लेखेको पत्र पाना-१ ।
४७. मिति २०८०।०५।२६ गते जानकारी गराएको पत्र पाना-१ ।
४८. प्रतिवादी दावा छिरिङको पासपोर्टको कपि पाना-१ ।
४९. मिति २०८०।०५।२६ गतेको दावा छिरीङको बयान पाना-१० ।
५०. मिति २०८०।०५।२७ गतेको टिकाराम माझीको कागज पाना-३ ।
५१. मिति २०८०।०५।२९ गतेको प्रतिवेदन पाना-१ साथ पेश गरेको Yongxin Peng को पासपोर्ट समेत कपि पाना-३ ।
५२. मिति २०८०।०५।२९ गते जि.प्र.का.काभ्रेलाई लेखेको पत्र पाना-१ ।
५३. मिति २०८०।०५।३१ गतेको चौथो पटक म्याद थप पत्र पाना-२ ।
५४. मिति २०८०।०५।३१ गतेको भुवनराज घिमिरेको कागज पाना-३ ।
५५. मिति २०८०।०५।३१ सुवर्ण प्रभा के.सी.को कागज पाना-३ ।
५६. मिति २०८०।०५।३१ गतेको सुवेन्द्र श्रेष्ठको कागज पाना-३ ।
५७. मिति २०८०।०५।३१ गतेको रमेश कुमार खतिवडाको कागज पाना-३ ।
५८. मिति २०८०।०५।३१ गतेको उमेश प्रसाद कोईरालाको कागज पाना-३ ।
५९. मिति २०८०।०५।३१ गते त्रिभुवन अन्तराष्ट्रीय बिमानस्थल भन्सार कार्यालयलाई लेखेको पत्र पाना-१ ।
६०. मिति२०८०।०५।३१गतेको प्रतिवेदन १ साथ पेश गरेको निमा गुरुङको प्रिन्ट गरेको फोटो र पासपोर्टको कपि पाना-२ ।
६१. मिति २०८०।०६।०१ गतेको सनाखत कागज पाना-१ ।
६२. मिति २०८०।०६।०१ गतेको तेज प्रसाद खनालको कागज पाना-३ ।
६३. मिति २०८०।०६।०१ गते परिसर काठमाडौलाई लेखेको पत्र पाना-१ ।
६४. मिति २०८०।०६।०२ गते राहदानी बिभागलाई लेखेको पत्र पाना-१ ।
६५. मिति २०८०।०६।०२ नेपाल राष्ट्र बैंकलाई लेखेको पत्र पाना-१ ।
६६. राहदानी बिभागको पत्र पाना-१ र संलग्न कागज पाना-२ ।
६७. मिति २०८०।०६।०२ खुवा प्रसाद न्यौपानेको कागज पाना-३ ।
६८. मिति २०८०।०६।०२ गते जिल्ला प्रशासन कार्यालय, काठमाडौंलाई लेखेको पत्र पाना-१ ।
६९. मिति २०८०।०६।०४ गतेको जिबन कुमार गुरुङको कागज पाना-३ ।
७०. मिति २०८०।०६।०४ गतेको होम बहादुर थापाको कागज पाना-२ र संलग्न कागज पाना-१ ।
७१. मिति २०८०।०६।०७ गतेको पाचौ पटक म्याद थप पत्र पाना-३ ।
७२. मिति २०८०।०६।०७ गतेको कुमारी बैंकको पत्र पाना-१ संलग्न कागज पाना-१ ।
७३. मिति २०८०।०६।०८ गतेको मुक्ति प्रसाद श्रेष्ठको थप कागज पाना-२ ।
७४. मिति २०८०।०६।०८ गते Advaced Automobiles लाई लेखेको पत्र पाना-१ ।
७५. मिति २०८०।०६।०९ जि.स.व.का माईतीघरलाई लेखेको पत्र पाना-१ ।

७६. मिति २०८०।०६।०९ गतेको सुजाता घिमिरेको कागज पाना-३ र संलग्न कागज पाना-३ ।

७७. मिति २०८०।०६।०९ गते सम्मानित काठमाडौं जिल्ला अदालतबाट प्राप्त अभियोग पत्र पाना-३०५ ।

७८. मिति २०८०।०६।१० गते अनुप रंजितले गरेको कागज पाना-३ साथ पेश गरेको कागज पाना-८५ ।

७९. मिति २०८०।०६।१० गतेको रमेश कुमार कार्कीको कागज पाना-३ ।

८०. मिति २०८०।०६।१० गतेको कर्मा तामाङको कागज पाना-२ ।

८१. मिति २०८०।०६।१० गतेको रमेश शेर्पाको कागज पाना-३ ।

८२. मिति २०८०।०६।१० गतेको प्रहरी प्रतिवेदन साथ पेश भएको खानतलासी बरामदी मुचुल्का, अभियोग पत्र, Alex र Yao Pucheng को बयान समेतका कागजातहरु ।

८३. मिति २०८०।०६।१० गतेको लोकेन्द्र कुमार पौडेलको थप कागज पाना-२ ।

८४. मिति २०८०।०६।१० गतेको जिल्ला प्रशासन कार्यालय काठमाडौंको पत्र पाना-१ साथ संलग्न कागजातहरु पाना-४ ।

८५. मिति २०८०।०६।१० गतेको Advaced Automobi बाट प्राप्त पत्र पाना-१ ।

८६. मिति २०८०।०६।१० गतेको पक्राउ अनुमति कागज पाना-१ ।

८७. मिति २०८०।०६।१२ गतेको Thomas I.A. Murray ले गरेको कागज पाना-२ साथ संलग्न कागजातहरु पाना-४ ।

८८. मिति २०८०।०६।१२ गतेको टासी योङजम लामाले गरेको कागज पाना-२ ।

८९. मिति २०८०।०६।१२ गतेको भिमकान्त भण्डारीले गरेको कागज पाना-२ ।

९०. मिति २०८०।०६।१२ गतेको निर्मल महराले गरेको कागज पाना-३ ।

९१. मिति २०८०।०६।१२ गतेको संगिता गुरुङले गरेको कागज पाना-२ ।

९२. मिति २०८०।०६।१२ गतेको भरतराज अधिकारीले गरेको कागज पाना-३ ।

९३. मिति २०८०।०६।१२ गतेको लैकु लामाले गरेको कागज पाना-३ ।

९४. मिति २०८०।०६।१४ गतेको लोकेन्द्र कुमार पौडेलको पक्राउ अनुमति पत्र पाना-१ ।

९५. मिति २०८०।०६।१४ गतेको पक्राउ पुर्जी, प्रतिवेदन, स्वस्थ्य परिक्षणको लागि लेखेको पत्र, स्वस्थ्य परिक्षण प्रतिवेदन, थुनुवा पुर्जी समेत पाना-५ ।

९६. मिति २०८०।०६।१४ गतेको छैटौ पटक म्यादथप पत्र पाना-४ ।

९७. मिति २०८०।०६।१५ गतेको ल्हासाङ लामाको कागज पाना-२ ।

९८. मिति २०८०।०६।१५ गतेको कृष्ण बहादुर महराको कागज पाना-२ ।

९९. मिति २०८०।०६।१६ गतेको राहुल भन्ने रेशम महराको थप बयान पाना- ।

१००. मिति २०८०।०६।१६ गतेको लोकेन्द्र कुमार पौडेलको वयान पाना-९ ।

१०१. प्रतिवादी लोकेन्द्र कुमार पौडेलको औलाछाप लिएको कागज पाना-१ ।

१०२. मिति २०८०।०६।०८ गतेको ग्लोबल आईएमई बैंकको पत्र पाना-१ संलग्न कागज पाना-३ ।

१०३. मिति २०८०।०६।१७ गतेको प्रतिबादीहरु फेला नपरेको प्रतिवेदन पाना-१ ।

१०४. मिति २०८०।०६।१८ गतेको कल डिटेल रेकर्ड बिश्लेषण प्रतिवेदन पाना-३ ।

१०५. ऐ २३ गतेको लोकेन्द्र कुमार पौडेलले गरेको थप कागज पाना ।

१०६. ऐ गतेको प्रतिवादी दावा छिरिङले गरेको थप बयान पाना ।

१०७. ऐ गतेको काठमाडौं जिल्ला अदालतले अनुमती दिएको सहमति पत्र ।

**यो अभियोगपत्रबाट कारवाही शुरु गर्न अदालतसँग अनुरोध गरिन्छ ।**

**कार्यालयको छापः**

**सरकारी वकीलकोः**

**दस्तखतः**
**नामः** बासुदेव शर्मा ।
**दर्जाः** जिल्ला न्यायाधिवक्ता ।
**कार्यालयः** जिल्ला सरकारी वकील कार्यालय,काठमाण्डौं
**मितिः** २०८०।०६।२३ गते रोज ३ शुभम् ।